संसदको एक वर्षको अभ्यासबाट म सन्तुष्ट छैन - सांसद श्रेष्ठ | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक २०९ • २०८० साल पुस ११ गते बुधवार (27 December, Wednesday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

# देशमा नकारात्मकता र हीनताबोध फैलिरहेको छ : प्रम प्रचण्ड

**टुडे समाचारदाता**

जनकपुरधाम । देशमा संघीयता, गणतन्त्र र धर्मनिरपेक्षतामाथि आक्रमण भइरहेको बेला प्रधानमन्त्रीका रूपमा तेस्रो कार्यकालको पहिलो वर्ष पूरा गरेको अवसरमा पुष्पकमल दाहाल प्रचण्डले देशमा 'हीनताबोध' र 'नकारात्मकता' फैलिरहेको भन्दै त्यसलाई 'चिन्ताजनक' बताएका छन् ।

त्यसले "समाजको सिर्जनशीलता मारिरहेको भन्दै उनले त्यसलाई 'नियोजित' भएको आरोप समेत लगाए । सम्बोधनको सुरुमै उनले भने 'के देशमा साँच्चै केही नभएकै हो ?' भनेर आफ्ना विवरण सुनाएका थिए । उनले भने, देश असफल नभए पनि आफ्नो हुटहुटी अनुसार परिणाम आएको छैन् ।

प्रधानमन्त्री प्रचण्डले आफ्ना प्रगतिदेखि सत्ता नेतृत्वको नयाँ वर्षका लागि गर्न चाहेका विषयहरुलाई समेत आफ्नो सम्बोधनमा सामेल गरेका थिए । प्रधानमन्त्री प्रचण्डले आफ्नो आत्म मुल्याङ्कनहरू गर्दै आर्थिक वृद्धिदर सोचेकोभन्दा कम भएको स्वीकारेका छन् ।

समयमा आयोजनाहरू पूरा नहुँदा नकारात्मक भाष्य मात्र नबनीकन तिनको लागत बढेको र जनताले सास्ती खेप्नुपरेको उनले उल्लेख गरे ।' ठुलो खर्च भएका पोखरा र भैरहवा विमानस्थललाई पूर्ण सञ्चालनमा ल्याउन सकिएको छैन् ' उनले भने, 'काठमाण्डू विमानस्थल सहित तिनलाई सार्वजनिक निजी साझेदारीमा विमानस्थल सञ्चालनमा ल्याउने बारे मैले सौँचिरहेको छु ।'

आफूहरूलाई 'असफल हुने छुट नभएको' उल्लेखगर्दै उनले मन्त्रिहरूलाई लक्षित गदै' भने, 'कार्यक्षमता प्रमाणित गर्न नसके कसैले पनि अब ठाउँ ओगटिरहनु हुँदैन, छाडिदिनुपर्छ । यो मैले अरूलाई दिएको उपदेश मात्र होइन, आफैँसँग गरेको वाचा पनि हो ।'

सत्ता साझेदार दलहरुबीच भएको समझदारी अनुसार प्रधानमन्त्री प्रचण्डले २ वर्ष सरकारको नेतृत्वगर्ने जिम्मेवारी पाएका छन् ।अर्को वर्ष प्रधानमन्त्री प्रचण्डले पद छाड्नु पर्ने र सत्ता साझेदार दलहरु मध्येबाट अर्का नेताले सत्ताको बागडोर सम्हाल्ने छन् ।

प्रचण्डको दोस्रो कार्यकाल उपलब्धिमूलक हुन नसकेपनि पदबाट हटनु पर्ने निश्चित नै रहेको छ ।गठबन्धन दलमा भएको समझदारी अनुसार नेकपा एसका अध्यक्ष माधवकुमार नेपालले एक वर्षे कार्यकाल प्रधानमन्त्री भएर चलाउने छन् ।तर त्यो कार्यकाल नेपाल नेतृत्वको एस भन्दा जनता समाजवादी पार्टी (जसपा) ठूलो रहेकाले उपेन्द्र यादव प्रधानमन्त्री हुनुपर्ने आवाज उठन थालेको छ ।

# धनुषाबाट ६ जनाको सिफारिस

**टुडे समाचारदाता**

जनकपुरधाम । आसन्न राष्ट्रिय सभा सदस्यको निर्वाचनका लागि नेपाली कांग्रेस धनुषाबाट ६ जनाको नाम सिफारिस गरिएको छ ।

धनुषा कांग्रेसका सभापति योगेन्द्र पजियारको अध्यक्षतामा मंगलवार बसेको कार्य सम्पादन समिति को बैठकले सर्वसम्मतीबाट महेश शंकर गिरि, राजकिसोर सिंह, रामपल्टन साह, बासुलाल महतो, तुलसा आचार्य र अनिता श्रीवास्तवको नाम सिफारिस गरेको छ ।

राष्ट्रिय सभा सदस्यका लागि डेढ दर्जन नेताको नाम प्रस्ताव भएको बताउँदै उपसभापति गणेश झाले त्यस मध्ये सभापति पजियारले चुनेका नेताहरुको नाम सिफारिस भएको बताए ।

राष्ट्रिय सभाको रिक्त १९ स्थान मध्ये मधेश प्रदेशको २ स्थान रहेको छ ।कांग्रेसको भागमा पर्ने संभावनापनि कमजोर नै छ ।

मधेश प्रदेशको सबै जिल्लाबाट आउने सिफारिसलाई परिमार्जनगरि मधेश प्रदेश समितिले केन्द्रमा उम्मेदवारहरुको नाम पठाउने छ ।मधेश प्रदेश समितिको बैठक बुधवार बस्ने बताइएको छ ।

# जसपामा जिम्मेवारी बाँडफाँटमा जोड

**टुडे समाचारदाता**

काठमाण्डु ।सत्तारुढ जनता समाजवादी पार्टी( जसपा) कार्यकारिणी समितिको मंगलबार बसेको बैठकमा राजनीतिक समितिका सदस्यहरुलाई जिम्मेवारी बाँडफाँटको विषयमा छलफल भएको छ ।

पार्टीका केन्द्रीय कार्यकारिणी समिति सदस्य एवम् सङ्गठन विभाग प्रमुख र ७ प्रदेश समितिका इन्चार्ज रहेको कार्यदलले तयार पारेको जिम्मेवारी बाँडफाँटको प्रस्तावमाथि छलफल भएको प्रचारप्रसार विभाग प्रमुख पुर्ण बस्नेतले जनाएका छन् ।

जसपाले यसअघि केन्द्रीय कार्यकारिणी समिति सदस्य र केही राजनीतिक समिति सदस्यलाई मात्र जिम्मेवारी तोकेको थियो । खासगरी पार्टीका १ सय १९ राजनीतिक समिति सदस्यलाई विभाग तथा संयन्त्रमा जिम्मेवारी दिने गरी तयार पारिएको प्रस्तावमा बैठकमा छलफल भएको बस्नेतले जनाएका छन् ।

राष्ट्रिय सभाको चुनावका लागि इच्छुक नेताहरुले सकृयता बढाएको बेला बसेको कार्यसम्पादन समितिको बैठकमा भने त्यस विषयमा चर्चा नभएको बताइएको छ ।












लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)द्वारा सप्तरीको राजविराजमा मङ्गलबार आयोजित पत्रकार सम्मेलनमा धारणा राख्दै लोसपाका वरिष्ठ नेता राजेन्द्र महतो । तस्बिर : रासस

# माओवादीले विचार केन्द्रित अभियान थाल्ने



टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री तथा नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले मार्क्सवाद ठोस परिस्थितिको ठोस विश्लेषण गर्ने दर्शन भएको बताएका छन् । एक सय ३१ औँ 'माओ दिवस'का सन्दर्भमा मंगलबार पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित कार्यक्रममा उनले आजको सन्दर्भमा विचारको विकास नै कम्युनिस्ट आन्दोलनको प्रमुख चुनौतिका रुपमा रहेको उल्लेख गरेका छन् ।

अध्यक्ष दाहालले विकसित परिस्थितिको जगमा विचारको विकास गर्नुपर्ने आवश्यकता औँल्याए । उनले भने, "आजको राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति माओको जीवनकालको जस्तो छैन, माओपछि विश्व परिस्थितिमा निकै ठूलो फेरबदल आएको छ, साम्राज्यवादले नयाँनयाँ रणनीति र कार्यनीतिसहित आफूलाई टिकाइरहेको छ, हामी मार्क्सवादीहरूले ठोस परिस्थितिअनुसार आफूलाई जसरी रूपान्तरण गर्नुपर्थ्यो त्यो गर्न सकिरहेका छैनौँ, आजको मुख्य चुनौती यही हो ।"

माओको स्मरण गर्नुको अर्थ विचार र क्रान्तिलाई मौलिक ढङ्गले सोच्नु रहेको उल्लेख गर्दै अध्यक्ष दाहालले मार्क्सवादीले यान्त्रिकता वा अन्धानुकरणमा जानु उपयुक्त नहुने विचार व्यक्त गरे । माओवादीको आठौँ महाधिवेशनले संश्लेषण गरेको कार्यदिशा पनि यही नै रहेको उनको भनाइ छ ।

प्रधानमन्त्री दाहालले सामाजिक न्याय, सुशासन र समृद्धिको बाटोबाटै समाजवादको आधार तयार हुनेमा जोड दिँदै त्यसका लागि आफ्नो नेतृत्वको वर्तमान सरकार क्रियाशील रहेको बताए । उनले भने, "सरकारले सामाजिक न्याय, सुशासन र समृद्धिलाई उच्च प्राथमिकता दिएको छ, यसको अर्थ समाजवादको आधार तयार पार्नु हो । त्यसकै आधारमा अगाडि बढ्छौँ ।"

पार्टीले सञ्चालन गरेको 'जनतासँग माओवादी विशेष रूपान्तरण अभियान'को समापनलगत्तै नयाँ अभियानको थालनी गरिने जनाउँदै अध्यक्ष दाहालले भने, "चार महिने अभियान पुस १६ गते समापन हुँदैछ, त्यसपछि हामी विचारको छलफल र अन्तरक्रियाका लागि जनतामा नै जान्छौँ, त्यसका लागि विचार केन्द्रित अर्को अभियान सुरू गर्छौं ।"

आजभन्दा १३१ वर्ष अघि चीनमा माओको जन्म भएको थियो । माओको नेतृत्वमा चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न भएको थियो ।

कार्यक्रममा अध्यक्ष दाहाललगायत नेताले माओको तस्वीरमा माल्यार्पण गरेका थिए । सो अवसरमा माओवादी केन्द्रका उपाध्यक्ष पम्फा भुसाल, महासचिव देवप्रसाद गुरुङ, उपमहासचिव वर्षमान पुनलगायत नेता कार्यकर्ताको उपस्थिति थियो ।

# आज एकीकृत समाजवादीको केन्द्रीय कमिटी बैठक

टुडे समाचारदाता

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को केन्द्रीय कमिटी बैठक आज (बुधबार)देखि काठमाडौंमा बस्ने भएको छ । यही पुस १३ गतेसम्म चल्ने बैठकमा पार्टीको विधान हेरफेरका साथै आसन्न महाधिवेशनका लागि वैचारिक दृष्टिकोण सम्बन्धी छलफल हुने



महासचिव घनश्याम भुसालले जानकारी दिए । उनका अनुसार देशभर पार्टी सङ्गठनको अवस्था, पार्टीको आन्तरिक विवाद, समसामयिक परिस्थितिबारे छलफल गरिने छ ।बैठकमा प्रदेश, क्षेत्र र भूगोलको सन्तुलन मिलाएर आवश्यक स्थानमा नेताहरुको जिम्मेवारी तोकिने भुसालले बताए । आगामी माघ ११ गते हुने राष्ट्रियसभा निर्वाचनका लागि पार्टीकातर्फबाट उम्मेदवार छनोटका लागि मापदण्ड तय गर्ने, सङ्गठन विस्तार तथा पार्टीको आधारभूत तहसम्म स्थापित गर्न आवश्यक कार्ययोजनाबारे छलफल गरिने उनले जानकारी दिए । पार्टी अध्यक्ष माधवकुमार नेपालले समसामयिक राजनीतिक प्रतिवेदन तथा महासचिव भुसालले साङ्गठनिक प्रतिवेदन पेस गर्नेछ । विधान संशोधन गर्न आगामी माघ १४ र १५ गते काठमाडौंमा राष्ट्रिय सम्मेलन गर्न लागिएको पार्टी कार्यालयले जनाएको छ ।

# कुष्ठरोग निवारण अभियानमा बजेट अभाव

टुडे समाचारदाता

रौँफा । जिल्लामा बजेट अभावका कारण कुष्ठरोग निवारण अभियान प्रभावकारी रुपमा सञ्चालन हुन सकेको छैन ।

जिल्ला स्वास्थ्य कार्यालय र स्थानीय तहका स्वास्थ्य शाखामा कुष्ठरोग निवारणका लागि अभियान सञ्चालन गर्न बजेट नभएपछि अभियानका काम रोकिएको हो ।

उक्त कार्यालयका क्षय कुष्ठ स्रोतव्यक्ति रवीन्द्र साहले रोग निवारण अभियानका लागि बजेट नभए पनि स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रमका लागि भने प्राविधिक सहयोग गर्दै आएको बताए ।

उनले अभियान सञ्चालन गर्नका लागि बजेट नभएकाले बिरामी खोजपडताललगायत गतिविधि अगाडि बढाउन नसकिएको उल्लेख गरे ।

जिल्ला स्वास्थ्य कार्यालय मात्रै नभएर स्थानीय तहमा समेत कुष्ठरोग निवारणका लागि बजेट छैन ।

जानकी गाउँपालिका स्वास्थ्य शाखा संयोजक दलबहादुर रानाले विगतको तुलनमा रोगीको संख्या कम भए पनि रोग निवारणको लक्ष्य भेटाउन सबैले आ-आफ्नो क्षेत्रबाट प्राथमिकताका साथ लाग्न जरुरी भएको उल्लेख गरे ।

नेपालगञ्ज उपमहानगरपालिका स्वास्थ्य महाशाखा प्रमुख रामबहादुर चन्दले कुष्ठरोगको निवारण चुनौतीपूर्ण रहेको बताए ।

समाजमा अहिले पनि रोगीहरु लुकेर बसेको हुनसक्ने भएकाले खोजीका लागि शिविर सञ्चालनको आवश्यकता रहेको उनको भनाइ थियो ।

जिल्ला समन्वय समितिका प्रमुख ज्ञानेन्द्रकुमार चौधरीले जिल्लामा कुष्ठरोग निवारणका लागि आवश्यक बजेट विनियोजन गर्न आफूले स्थानीय तहसँग पहल र सरोकारवाला निकायबीच थप सल्लाह गरिने बताए ।

जिल्लामा आइएनएफद्वारा सञ्चालित साइनिङ अस्पतालले कुष्ठरोगीको खोजपडताल र उपचार गर्दै आएको छ ।

गत आर्थिक वर्षमा एक सय २६ कुष्ठरोगीको पहिचान भएको अस्पतालका प्रमुख मङ्गलबहादुर थारूले जानकारी दिए । उनका अनुसार पहिचान भएकामध्ये ५५ बाँकेका र २७ बर्दिया जिल्लाका रहेका छन् ।

अन्य बिरामी लुम्बिनी, कर्णाली, सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लाका छन् । नयाँ कुष्ठरोगीमा बालबालिका पनि परेका छन् ।

आफूकहाँ आएका बिरामीका साथै ठाउँठाउँमा शिविर सञ्चालन गरेर कुष्ठरोगीको खोजपडताल गर्दै आइएको अस्पतालका प्रमुख थारूले बताउनुभयो ।

उक्त अस्पतालमा अघिल्लो आर्थिक वर्ष ०७८/७९ मा एक सय ५७ जना कुष्ठरोगीको पहिचान भएको थियो ।

# प्रविधिको विस्तारका लागि नीतिगतस्तरमा अध्ययन गर्ने अर्यालको भनाई

टुडे समाचारदाता

काठमाण्डु । एसिया प्यासिफिक स्कुल अन इन्टरनेट गभर्नेन्स (एपिसिग) का नवनिर्वाचित अध्यक्ष एवं अधिवक्ता बाबुराम अर्यालले एसिया प्रसान्त क्षेत्रमा इन्टरनेटको नीति र प्रयोगका विषयमा अध्ययन र अनुसन्धान गर्ने बताएका छन् ।

एपिसिगको सोमबार अध्यक्ष बनेका अर्यालले संस्थाअन्तर्गत एसिया प्रसान्तस्तरमा इन्टरनेटको नीति र प्रयोगका बारेमा नयाँनयाँ नेतृत्व उत्पादन गर्ने र क्षमता अभिवृद्धि गर्ने बताए । "अहिलेसम्म संस्थाले छ वटा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिरहेको छ ।

राष्ट्रियस्तरमा इन्टरनेटको नीतिका क्षेत्रमा काम गर्ने लक्ष्य हो", उनले भने, "अहिलेसम्म राष्ट्रियस्तरका पाँचवटा स्कुल छन् । यसलाई अझै सक्रिय रुपमा अगाडि बढाउने योजना छ ।"

अध्यक्ष अर्यालले समुद्रभित्र तथा भौगालिक विसमता भएका ठाउँमा कसरी इन्टरनेट विकास गर्न सकिन्छ भनेर अध्ययन गर्ने भावी योजना रहेको उल्लेख गरे । "प्रविधिको विस्तारका लागि नीतिगतस्तरमा अध्ययन अनुसन्धानको काम गर्छौं", उनले भने ।

संस्थाको स्थापनाको सन् २०१५ भएको थियो । अधिवक्ता अर्याल यस संस्थामा स्थापनादेखि नै क्रियाशील भएर काम गरिरहेका छन् । एपिसिगको अध्यक्षमा अधिवक्ता अर्याल निर्वाचित भएको आइतबार घोषणा भएको थियो ।

अध्यक्षका लागि अर्का उम्मेदवार पाकिस्तानका मुबसिर सरगनाको भन्दा छ मत बढी प्राप्त गरेर अर्याल अध्यक्षमा निर्वाचित हुनुभएको हो ।

अर्यालले २१ मत ल्याएका थिए भने उनका प्रतिस्पर्धी सरगनाले १५ मत प्राप्त गरेका थिए । सन् २०२३, २४ डिसेम्बेरमा निर्वाचन समितिले अर्याललाई अध्यक्षका रुपमा सार्वजनिक घोषणा गरेको थियो ।

दुईजना उपाध्यक्ष पदका लागि भएको निर्वाचनमा भारतका डा गोविन्द कुमारले सर्वाधिक २१ मत ल्याई निर्वाचित भए । दोस्रो उपाध्यक्ष्यका लागि नेपालका श्रीदीप रायमाझी र पाकिस्तानका वकास हसनको मत बराबर (१६) भएपछि दोस्रो राउन्डको निर्वाचन भएको थियो । दोस्रो राउण्डको निर्वाचनमा भने पाकिस्तानका वकास हसन विजयी भए । हसनले १८ मत ल्याए भने रायमाझीले १५ मत ल्याएका थिए ।

उपाध्यक्ष पदमा बङ्गलादेशका इकबाल अहमदले पहिलो राउन्डको निर्वाचनमा नौ मत प्राप्त गरेकाले पहिलो राउण्डबाट बाहिरिएका थिए । दुईवर्ष कार्यकाल रहने सञ्चालक समितिको रिक्त अध्यक्ष र दुई उपाध्यक्ष पदमा निर्वाचन भएको थियो ।

जम्मा पाँच जनाको सञ्चालक समिति रहने एपिसिगको सचिव पदमा श्रीलङ्काकि सागरिका विक्रमशेकरा र कोषाध्यक्ष पदमा बङ्गलादेशका शाह जहिदुर रहमान यसअघि नै निर्विरोध निर्वाचित भएका थिए ।

एसिया प्यासिफिक स्कुल अन इन्टरनेट गभर्नेन्सले एसिया र प्रशान्त क्षेत्रमा इन्टरनेटको विकास र नीतिगत व्यवस्था, प्रविधिमा पहुँच, डिजिटल सुरक्षा र साक्षरतालगायत क्षमता विकासका क्षेत्रमा काम गर्दछ । संस्थामा एसिया प्रशान्त क्षेत्रका देशबाट बहुसाझेदारी अवधारणामा सदस्य आवद्ध हुन्छन् ।

अध्यक्ष अर्याल साइबर कानुन, साइबर सुरक्षा, दूरसञ्चार कानुन तथा मिडिया कानुनको क्षेत्रमा लामो समयदेखि कार्यरत कानुन व्यवसायी छन् । उनले नेपाल तथा एसिया प्यासिफिकको क्षेत्रीयस्तरमा इन्टरनेट गभर्नेन्सका मुद्दामा लामो समयदेखि योगदान गर्दै आएका छन् ।

हाल डिजिटल फ्रिड्म कोलिसनको अध्यक्ष र इन्टरनेट गभर्नेन्स इन्स्टिच्युटको संस्थापक तथा प्रमुख कार्यकारीको भूमिकामा रहेका उनी इन्टरनेटमा हरेका नागरिकको समान पहुँच, बालबालिकाका लागि अनलाइन सुरक्षा, डिजिटल साक्षरता तथा डिजिटल युगमा मानव अधिकारका विषयमा स्थानीय तथा विश्वव्यापीरूपमा क्षमता विकास र वकालतमा अर्याल क्रियाशील रहेका छन् ।

# भूकम्पपीडितका ११ हजार घर निर्माण

टुडे समाचारदाता

काठमाण्डु । जाजरकोट भूकम्पका ६७ हजार बढी लाभग्राहीमध्ये आजसम्म ११ हजार तीन सय ३६ घर (अस्याथी आवास) निर्माण सम्पन्न भएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट प्राप्त विवरण अनुसार अन्य १० हजार एक सय १८ घर निर्माणाधीन छन् ।

अहिले धमाधन अस्थायी आवासका लागि अनुदानबापतको रकम सम्झौता गरी बुझ्ने र घर निर्माण जारी रहेको प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले जानकारी दिए ।

उनका अनुसार जाजरकोटमा पाँच हजार दुई सय दुई, रुकुमपश्चिममा पाँच हजार सात सय ९८, सल्यानमा एक सय ९३, बझाङमा १३ र बाजुरामा एक सय ३० घर निर्माण सम्पन्न भइसकेका छन् ।

पोखरेलले आजसम्म केन्द्रबाट अस्थायी आवासका लागि रू दुई अर्ब २६ करोड रकम जिल्ला विपद् व्यवस्थापन समितिमा पठाइसकिएको जानकारी दिए । त्यसमध्ये रू एक अर्ब ५३ करोड जिल्लाबाट स्थानीय तहमा पुगिसकेको छ । स्थानीय तहबाट प्रक्रिया पुगेका लाभग्राहीको खातामा भने रू ५८ करोड ७८ लाख रकम पठाइसकिएको उनले बताए ।

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : नयाँ कार्य हुने । |
| मिथून | : बौद्धिक क्षमता । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : शिक्षामा उन्नति । |
| कन्या | : पारिवाहिक सुख । |
| तुला | : धन वृद्धि सञ्चय । |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : अवसर प्राप्त । |
| मीन | : वाद विवादबाट बच्नु । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# उत्खनन हुँदै जाँदा तटबन्ध गरेर काम छैन : मन्त्री बस्नेत



टुडे समाचारदाता

भजनी । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले कर्णाली नदीमा उत्खनन सँगसँगै गरेको तटबन्धको कुनै औचित्य नहुने बताएका छन् ।

राष्ट्रिय गौरवको आयो जना रानीजमरा कुलरीया सिँचाइ आयोजनाको मंगलबार स्थलगत अनुगमनका क्रममा उनले कर्णाली नदी नियन्त्रणका लागि भएको तटबन्ध कमजोर हुनुको कारण नदीजन्य पदार्थको उत्खनन रहेको बताउनुभएको हो ।

"अर्बौंको लगानीको संरक्षण नहुँदा पनि कर्णाली नदीको जोखिम कम गर्न सकिएको छैन, त्यसका लागि उत्खनन मापदण्डअनुसार मात्रै गर्न आवश्यक छ", मन्त्री बस्नेतले भने, "नदी नियन्त्रणका लागि तटबन्ध गर्दै जाने उता उत्खनन पनि हुँदै जाने हो भने त्यहाँ तटबन्धको औचित्य छैन ।"

आयोजनाले नदीमा गरेको तटबन्ध कर्णाली नदीले वर्षेनी बगाउँदै लगेको छ । विशेषगरी कैलालीको क्षेत्र तिर नदीजन्य वस्तुको व्यापक उत्खनन हुँदा टीकापुर नगरपालिका र जानकी गाउँपालिका वर्षेनी जोखिममा पर्दै गएका छन् । मन्त्री बस्नेतले कर्णाली नदी नियन्त्रणमा तटबन्ध असफल भएको बताउँदै त्यसको विकल्पमा काम भइरहेको बताए ।

राष्ट्रिय गौरवको आयोजनाले कैलाली क्षेत्रको दक्षिण पुर्वी क्षेत्रका किसानले भरपुर फाइदा लिन सक्ने जनाउँदै उनले आयोजनाको उपशाखा निर्माणका लागि राज्यले थप लगानी गने बताए । "आयोजनाको मुख्य काम भइरहेको छ, त्यो काम सकिएपछि त्यसको उपशाखाको काम पनि सुरु हुन्छ", मन्त्री बस्नेत भन्छन्, "त्यसका लागि सरकारले आन्तरिक रुपमा काम गरिरहेको छ ।" उनले आयोजनाको काम समयमै सम्पन्न गर्न आयोजना कार्यालयलाई निर्देशन समेत दिए ।

उनले कर्णाली नदीबाट राज्यले उल्लेख्य लाभ लिन सकिने जनाउँदै तल्लो कर्णाली हाइड्रोपावर सञ्चालनको गृहकार्यमा सरकार लागेको बताए । "हामीले तल्लो कर्णाली हाइड्रोपावरको सम्भाव्यताको स्थलगत अनुगमन गर्दा त्यसबाट ठूलो लाभ लिन सकिने देखिएको छ", उनले भने, "हामीले त्यसको सम्भाव्यतालाई हेरेर गएका छौँ, बाँकी काम सकेर तल्लो कर्णाली हाइड्रोपावर सञ्चालनको तयारीमा जुट्ने छौँ ।"

उनले सरकारले गरेका राम्रा कामलाई जनताको माझमा लैजान पनि आवश्यक रहेको बताए । मन्त्री बस्नेतले अहिलेको व्यवस्थाले मुलुकलाई समृद्धिको दिशामा अघि बढाएको बताए । "मुलुक बर्बादीको बाटोमा गयो भनेर अहिले भ्रम सृजना गने काम हुँदै आएको छ, त्यसलाई चिर्न आवश्यक छ", उनी भन्छन्, "मुलुक बर्बादीको बाटोमा नभइ समृद्धिको बाटोमा हिँडेको छ, बरु जुन रुपले समृद्धिको बाटोमा काम हुनुपर्ने हो, त्यो भने हुन सकेको छैन ।"

# नाम मात्रका कृषि तथा पशुपक्षी नियमन एकाइ

टुडे समाचारदाता

गण्डकी । पूर्वाधार र जनशक्ति नहुँदा गण्डकी प्रदेश सरकारको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले स्थापना गरेका कृषि तथा पशुपक्षी नियमन एकाइ कार्यालय निष्क्रिय बनेका छन् । प्रदेशमा भित्रने पशु तथा कृषिजन्य उपजको स्वस्थता परीक्षण एवं नियमनका लागि आव २०७५/७६ मा तनहुँको आँबुखैरेनी र स्याङ्जाको मालुङ्गामा ती कार्यालय खुलेका थिए ।

मन्त्रालय मातहत रहने गरी स्थापना भएका एकाइ कार्यालयले पाँच वर्ष वितिसक्दा पनि तोकिएका सेवा दिन सकेका छैनन् ।

पशु तथा कृषि उत्पादनको स्वस्थता परीक्षण एवं नियमनका लागि प्रदेश नाकामा पनि क्वारेन्टाइनसहितको चेकपोष्ट स्थापना गर्नुपर्ने आवाज उठिरहेका बेला प्रदेश सरकारको पहलमा स्थापना भएका नियमन एकाइ पनि सञ्चालनमा आउन नसकेका हुन् ।

मन्त्रालयको योजना तथा अनुगमन महाशाखाका वरिष्ठ कृषि अर्थविज्ञ भानुभक्त भट्टराईले जनशक्ति र स्रोतसाधनको अभावमा एकाइ कार्यालयले प्रभावकारी सेवा दिन नसकेको बताए । "कार्यालय त खुल्यो तर त्यहाँ चाहिने दक्षजनशक्ति, उपकरणलगायतको व्यवस्थापन हुनसकेन, कार्यालय नाम मात्रका जस्ता भए", उनले भने, "यो विषयमा जनस्तरबाट पनि गुनासो आइरहेको छ, मन्त्रालय छिट्टै सेवा सुरु गर्ने तयारीमा छ ।"

वरिष्ठ कृषि अर्थविज्ञ भट्टराईले तत्कालका लागि तनहुँको कार्यालयमा कार्यालय सहयोगीसहित तीन र स्याङ्जामा दुई अस्थायी दरबन्दीका कर्मचारी खटाइएको उल्लेख गरे ।

एकाइ कार्यालय सञ्चालनका लागि पशु विकास र कृषि विकास अधिकृतसहित पाँच जनाको प्राविधिक चाहिनेमा अहिलेलाई न्यून जनशक्तिबाट सेवा सुरु गने तयारीमा मन्त्रालय लागि परेको हो ।

"यतिका वर्षसम्म कार्यालय निष्क्रिय अवस्थामा रह्यो, अब पूर्वाधार र जनशक्ति व्यवस्थापन गरेर प्रभावकारी सेवा दिने उद्देश्यसहित मन्त्री नै स्वयं सम्बन्धित जिल्लाका सरोकारवालासँग छलफलमा जुट्नुभएको छ", अर्थविज्ञ भट्टराईले भने, "स्थानीय तहसँगको समन्वय र सहकार्यमा यो काम अगाडि बढ्छ, मन्त्रालय यसमा संवेदनशील भएर लागिपरेको छ ।"

नियमन कार्यालयमा पशुपक्षी तथा कृषि उपज 'होल्ड' गर्ने स्थल, प्रयोगशाला, उपकरणलगायत कार्यालयलाई आवश्यक पर्ने प्राविधिक सामग्रीको व्यवस्थापन गर्न बाँकी रहेको अर्थविज्ञ भट्टराईले बताए ।

स्याङ्जामा सो कार्यालयको आफ्नै भवन बनेपनि तनहुँमा भने भाडाको घरबाट सञ्चालन गर्नुपर्ने अवस्था रहेको मन्त्रालयले जनाएको छ ।

कार्यालयले सेवा प्रवाह सुरु गरेपछि प्रदेश भित्रने मुख्य दुई नाकामा पशुपक्षी र कृषिजन्य उत्पादनको गुणस्तर परीक्षण, नियमनलगायतका काम हुने वरिष्ठ कृषि अर्थ विज्ञ भट्टराईले बताए ।

प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले पशुमा देखिने महामारीजन्य रोगको प्रकोप नियन्त्रणका लागि प्रदेश नाकामा क्वारेन्टाइन सेवा सञ्चालन गर्नुपर्ने माग केन्द्र सरकारसँग राख्दै आएको छ । प्रदेश सरकारले राष्ट्रिय विकास समस्या समाधान समितिमासमेत सो विषयलाई प्राथमिकताकासाथ उठाउनुपने भन्दै मन्त्रालयले किटानसमेत गरेको छ । पुश क्वारेन्टाइनस्थल स्थापना सङ्घ सरकारको एकल अधिकारभित्र पर्ने भएकाले उक्त विषयलाई प्रदेशले भोगिरहेको समस्याका रुपमा राष्ट्रिय विकास समस्या समाधान समितिमा पठाइएको मन्त्रालयले जनाएको छ ।

पोखरास्थित पशु सेवा तालिम केन्द्रका प्रमुख डा गृष्म न्यौपानेले तनहुँ र स्याङ्जामा स्थापना भएका कृषि तथा पशुपक्षी नियमन एकाइलाई जनशक्ति र पूर्वाधार सम्पन्न बनाउनुपर्ने बताए । उनले सङ्घ सरकारले प्रदेश नाकामा आन्तरिक पशु क्वारेन्टाइनस्थलसहितको चेकपोष्ट स्थापना गर्नुपर्ने धारणा राखे । हालै अफ्रिकन स्वाइन फिभर, लम्मीस्किन जस्ता महामारीका कारण नेपालले ठूलो पशुधनको क्षति व्यहोर्नुपरेको भन्दै क्वारेन्टाइन सेवालाई चुस्त र प्रभावकारी बनाउनुपर्ने उनले बताए ।

प्रमुख डा न्यौपानेले अन्तर्राष्ट्रिय सिमानामासमेत पशु क्वारेन्टाइन सेवा प्रभावकारी हुन नसकेको उल्लेख गर्नुभयो । "क्वारेन्टाइन सेवा फितलो हुँदा पशुमा महामारीजन्य रोगको प्रकोप नियन्त्रणमा चुनौती थपिएको छ, पशुपालन व्यवसाय नै धरासयी भइरहेको छ", डा न्यौपानले भने, "सङ्घ सरकारले प्रदेश नाका, मुख्य राजमार्ग र स्थानमा क्वारेन्टाइन सेवा विस्तार गरेर पशु रोगमुक्त क्षेत्र बनाउन प्रदेश सरकारलाई सहयोग गर्नुपर्छ ।"

गुणस्तर परीक्षण र नियमन नहुँदा अहिले पशुपक्षी तथा बोटबिरुवा के-कस्तो अवस्थामा प्रदेशमा भित्रिरहेका छन्, कुनै लेखाजोखा छैन ।

क्वारेन्टाइन प्रक्रिया पूरा गरेर मात्र पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री प्रदेश भित्र्याउने गरी संरचना बनाउनुपर्ने डा न्यौपानेले बताए ।

# भ्रष्टाचार नियन्त्रण हुनुपर्छ : नेता कोइराला



टुडे समाचारदाता

मोरङ । नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले सङ्घीयतालाई सफल कार्यान्वयन गर्न भ्रष्टाचार नियन्त्रण हुनुपर्ने बताएका छन् ।

बुढीगङ्गा गाउँपालिका-२ साक्माहास्थित लिलाभक्ता राम आधारभूत विद्यालयको नवनिर्मित भवन र अभिभावक दिवसको मंगलबार उद्घाटन गदै उनले मुलुकलाई समृद्धितर्फ लैजान राजनीतिक दलहरुले भ्रष्टाचार नियन्त्रण, सशासन कायम गरी जनतामा गणतन्त्र एवं सङ्घीयतालाई चुस्तदुरुस्त बनाउन प्रतिबद्ध हुनुपर्नेमा जोड दिए ।

नेता डा कोइरालाले चालु आर्थिक वर्षको छ महिनामा विकास खर्च १० देखि ११ प्रतिशतसम्म मात्र भएकामा चिन्ता व्यक्त गर्दै यसमा आवश्यक सुधार गर्न सरकार गम्भीर हुनुपर्ने विचार राखे । उनले युवाहरुको विदेश पलायन हुने कार्य अन्त्यका लागि राज्यले निजी क्षेत्रलाई उद्योग स्थापनामा प्रोत्साहन गर्न आवश्यक नीति नियममा संशोधन गर्नुपर्ने सुझाव दिए ।

कोइरालाले विद्यालयलाई कक्षा १० सम्म सञ्चालन गर्नका साथै विद्यार्थीलाई स्वआर्जनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) बाट सम्बन्धनका लागि आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

गाउँपालिकाका अध्यक्ष जीतनारायण थापा मगर, नेपाल उद्योग परिसङ्घका केन्द्रीय उपाध्यक्ष भीम घिमिरे, नेपाल जेसिजका पूर्व गर्भनर राजन खत्री लगायतले दलित तथा आदिवासी जनजातीको बसोबास रहेको यस क्षेत्रमा विद्यालय स्थापनाले गाउँ, समाज र पालिकाको शैक्षिक सुधार एवं विकासमा सहयोग पुगेको विचार राखे ।

विद्यालयका प्रधानाध्यापक राममाया थापा मगरले विद्यालयको आर्थिक एवं प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । कक्षा ८ सम्म अध्ययन हुने उक्त विद्यालयमा एक सय ८१ छात्रासहित तीन सय ५५ विद्यार्थीमध्ये ८२ प्रतिशत दलित र ११ प्रतिशत आदिवासी जनजातिका रहेका छन् ।

# 'सूचना प्रविधि क्षेत्रबाट मुलुकको अर्थतन्त्रमाथि उठाउन सकिन्छ'

टुडे समाचारदाता

चितवन । अर्थमन्त्री प्रकाशशरण महतले जलविद्युत्, कृषि, पर्यटन र सूचना प्रविधिको क्षेत्रबाट मुलुकको अर्थतन्त्रलाई माथि उठाउन सकिने बताएका छन् ।



चितवन हात्ती तथा पर्यटन महोत्सवको मंगलबार उद्घाटन गर्दै उनले अर्थतन्त्र सकारात्मक बाटोमा गइरहेकाले देशभित्र केही गर्न युवालाई आह्वान गरेका हुन् ।

अर्थमन्त्री महतले विभिन्न तथ्याङ्कले अर्थतन्त्र सकारात्मक बाटोमा गइरहेको देखाएको उल्लेख गर्दै त्यसलाई उपयोग गर्नुपने बताए ।

नेपालमा लगानीको वातावरण केही छैन भन्ने भ्रममा परेर विदेश जानुभन्दा नेपालमा केही गर्न सकिन्छ भन्ने सोच युवाले राखेर अघि बढनुपर्ने उहाँको भनाइ छ ।

उनले भने, "देशमा धेरै गर्न बाँकी छ, अवसर पनि यही छन् ।"

निकुञ्ज जनताको लागि र जनता निकुञ्जको लागि भन्ने अवधारणाको विकास नगरी जैविक विविधताको संरक्षण हुन नसक्ने भन्दै उनले दुवैलाई आवश्यकता आभाष दिलाउने गरी ऐन परिर्वतन हुनुपर्ने बताए । निकुञ्ज ऐनले स्थानीय विकास निर्माण र समुदायको विकासमा बाधा हुन नहुने भन्दै अर्थमन्त्री महतले पुरानो ऐनले जनता र निकुञ्जबीचको दुरी बढाइएको आफूले पाएको बताए ।

# स्वास्थ्य बीमाको दायरा बढाउने प्रधानमन्त्रीको घोषणा

टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले स्वास्थ्य बीमाको दायरा विस्तार गर्ने घोषणा गरेका छन् ।

सरकार एक वर्ष पूरा भएको अवसरमा देशवासीका नाममा सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले भने, "२०७४ सालमा म प्रधानमन्त्री हुँदा राष्ट्रिय स्वास्थ्य बीमा ऐन ल्याइएको हो, तर बीमा कार्यक्रम त्यसको भावना र व्यवस्थाअनुसार अघि बढेन ।

अब यसलाई सुधार्दै मेरै कार्यकालमा बनेको ऐन बमोजिम नागरिकको स्वास्थ्यमा पहुँचको संवैधानिक हकको 'ग्यारेन्टी' गने काम उच्च प्राथमिकतामा हुनेछ ।"

स्वास्थ्य बीमा ऐनबमोजिम बीमाको प्रभावकारी कार्यान्वयनका लागि नीतिगत र प्रक्रियागत सुधार, बोर्डको क्षमता अभिवृद्धि, बलियो अनुगमन र मूल्याङ्कन संयन्त्र, बीमाको दायरामा वृद्धि र सबैको आबद्धता, उपचारका लागि अस्पताललगायत संरचना र सेवाको गुणस्तरमा व्यापक सुधार र जनशक्ति व्यवस्थापनका लागि सरकार तदारुकताका साथ लागिरहेको जानकारी दिँदै उनले बीमाको हालको रकमको दायरा बढाइनेछ र आधारभूतबाहेक हाल सञ्चालित सबै निःशुल्क



कार्यक्रमहरूलाई समेत एकीकृत रूपमा स्वास्थ्य बीमामा आबद्ध गरिने प्रतिबद्धता व्यक्त गरे । स्वास्थ्य बीमालाई केन्द्रमा राखी एकीकृत स्वास्थ्य पूर्वाधार विकास मापदण्डअनुसार स्वास्थ्य प्रणालीको विकासमा जोड दिइने पनि उनले स्पष्ट गरे ।

# सञ्चारमाध्यमले गर्ने आलोचना र खबरदारी सकारात्मक : सञ्चारमन्त्री शर्मा

टुडे समाचारदाता

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सञ्चारमाध्यमले गर्ने स्वस्थ आलोचना र खबरदारी सकारात्मक रहेको बताएकी छन् । साउथ एसिया नेटवर्क टिभीले मंगलबार यहाँ आयोजना गरेको दोस्रो चाइना-नेपाल मिडिया सम्मेलनको उद्धाट्न गर्दै उनले सञ्चारमाध्यमले गर्ने खबरदारीले सरकार लगायत राजनीतिक शक्तिलाई गलत बाटोमा जानबाट रोक्ने धारणा राखीन् ।

मन्त्री शर्माले सरकार सुशासन, समृद्धि र सामाजिक न्यायलाई मूल एजेण्डा बनाएर अघि बढेको उल्लेख गरिन् । यसलाई कार्यान्वयन गर्ने सवालमा कमीकमजोरी भएमा सञ्चारमाध्यम तथा पत्रकारले स्वस्थ आलोचना तथा खबरदारी गर्नु सकारात्मक रहेको उहाँको भनाइ थियो ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अभावमा राजनीतिक अधिकार पनि पूर्ण नहुने भएकाले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासहितको राजनीतिक अधिकार नेपालमा स्थापित भएको मन्त्री शर्माले बताईन् । उनले भनिन्, "विगतमा हामीले प्राप्त गरेका सफलतामा सञ्चारमाध्यमको ठूलो सहयोग र समर्थन रहँदै आएको छ ।"

सन् १९५५ मा नेपाल र चीनबीच औपचारिक कूटनीतिक सम्बन्ध सुरु भए पनि आर्थिक, सामाजिक र सांस्कृतिक सम्बन्ध भने सयौँ वर्षअघिदेखिको भएको मन्त्री शर्माले बताईन् ।



"यस क्षेत्रको मानव सभ्यताको विकाससँगै नेपाल र चीनबीचको सुमधुर सम्बन्ध रहँदै आएको पाइन्छ । भृकुटी, अरनिकोजस्ता विभूतिले दुई देशको सम्बन्धलाई थप प्रगाढ बनाउने काम गरेका छन्", उनले भने ।

सदियौँदेखिको नेपाल र चीनबीचको सम्बन्ध अझ बढी प्रगाढरुपमा अघि बढिरहेको मन्त्री शर्माको भनाइ थियो । आपसी सम्बन्धलाई प्रगाढ बनाउन दुबै देशबाट उच्चस्तरीय भ्रमण पनि हुँदै आएका उनले बताईन् । पछिल्लो समय विश्वभरि देखिएको आर्थिक सङ्कुचनको असर सञ्चारमाध्यममा पनि परेको उल्लेख गर्दै मन्त्री शर्माले सामाजिक सञ्जालको बढ्दो प्रयोगले निम्त्याएका चुनौतीको सामना गर्नु साझा सरोकार भएको बताईन् । उनले भनीन्, "नेपालमा यसको प्रयोगलाई सुरक्षित र व्यवस्थित बनाउन कानुन निर्माणको प्रक्रिया थालनी गरिएको छ । सूचना प्रविधिका पछिल्ला आविष्कार प्रयोग गर्दै सबैखाले सञ्चारमाध्यमलाई डिजिटल प्लेटफर्ममा लैजानु अनिवार्य नै भइसकेको छ ।"

सरकार-सरकार र जनता-जनताबीचको सम्बन्धलाई थप उचाइमा पुऱ्याउन दुवै देशका सञ्चारमाध्यमको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै मन्त्री शर्माले त्यसका लागि यस्ता सम्मेलन फलदायी हुने बताईन् ।

कार्यक्रममा नेपालका लागि चीनका कार्यबाहक राजदूत वाङ चीन्, नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेल, नेपाल-चाइना मिडिया फोरमका अध्यक्ष तथा जनआस्था मिडियाका सञ्चालक किशोर श्रेष्ठ, नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत डा धनन्जय रेग्मी, साउथ एसिया नेटवर्क टिभीका संस्थापक हाउ झिहोङलगायतले नेपाल-चीन सम्बन्ध र द्विपक्षीय सम्बन्ध विस्तारमा सञ्चारमाध्यको भूमिकाका विषयमा आफ्ना धारणा राखेका थिए । कार्यक्रममा चीनबाट आएका विभिन्न सञ्चार संस्थाका प्रमुख तथा प्रतिनिधि, नेपालका विभिन्न सञ्चार संस्थाका प्रमुख, प्रतिनिधिलगायत उपस्थित थिए ।

# तटबन्ध नबने बस्ती जोगबुढा नदीमा समाहित हुने

टुडे समाचारदाता

महेन्द्रनगर । कञ्चनपुरको दोधाराचाँदनी नगरपालिका-१० सीमा बस्ती कुतियाकवरमा तटबन्ध निर्माणमा ढिलाइ भएको छ । तटबन्ध निर्माण गर्न ठेक्का लिएको निर्माण कम्पनीले बेवास्ता गर्दैआएको छ ।

महाकाली र जोगबुढा नदीको दोसाधमा रहेको कुतियाकवर बस्ती दुवै तर्फबाट जोखिममा छ । वस्ती जोगाउन दुई सय मिटर तटबन्ध निर्माणको योजना अघि बढाइएको थियो । सो कार्यको जिम्मा लिएको महेन्द्रनगरस्थित जोशी निर्माणले काम गर्न ढिलाइ गरेको छ ।



कुतियाकबरका स्थानीयवासीले हिउँदमा जसरी पनि तटबन्ध निर्माण गर्न आग्रह गर्दैआएका छन् । "अहिले नदीमा पानी घटेकाले निर्माण गर्न सहज हुन्छ, वर्खामा काम गर्न सकिन्न", स्थानीय बहादुरसिंह सुनारले भने- "नदीले बर्सेनी बर्खामा खेतीयोग्य जमिन कटान गर्दैआएको छ ।" विसं २०२० मा बसेको सीमा बस्ती बाढीको निरन्तर कटान र डुबानकै कारण हालसम्म यहाँबाट एक सयभन्दा बढी परिवार विस्थापित भइसकेको उनले बताए ।


बाढीले जग्गा कटान गर्दा बस्ती पातलिँदै गएको छ । अब यहाँ ४२ परिवारको मात्रै बसोबास छ । बर्खामा नदीको भङ्गालो गाउँ पस्दा जमिन बालुवाले भरिएको छ । बालुवाका कारण उब्जनी घट्दै गएको छ ।

जनताको तटबन्ध फिल्ड कार्यालय नं ७ महेन्द्रनगरका प्रमुख श्रीप्रसाद यादवले महाकाली नदीको झोलुङ्गे पुलदेखि दक्षिण कुतियाकवरसम्म महाकालीको तटबन्ध मर्मत र कुतियाकवरमा दुई सय मिटर तटबन्ध निर्माणको सम्झौता भएको बताए । "दोधारा-चाँदनी झोलुङ्गे पुल नजिक मर्मतको काम चलिरहेको छ", उनले भने-" कुतियाकवरमा ढुङ्गालगायत निर्माण सामग्री लैजान समस्या भएकाले काममा ढिलाइ भएको हो ।"

कुतियाकवरमा एक किलो मिटरभन्दा बढी लम्बाइको तटबन्ध निर्माण भए मात्रै जमिन जोगिने अवस्था रहेको प्रमुख यादवले भने । कुतियाकवर बस्ती जोगाउन आवश्यक पने तटबन्ध निर्माणका लागि बजेट अभाव भएको उहाँको भनाइ छ । कुतियाकवर सीमा बस्ती जोगाउन र महाकालीको तटबन्ध मर्मतका लागि गत वर्ष रु १६ करोड ८५ लाखमा ठेक्का दिइएको थियो ।

दोधारा चाँदनी नगरपालिका-१० का वडाध्यक्ष चन्द्रबहादुर सिंहले वर्षातअघि तटबन्ध निर्माण नभए बस्तीसँगै सीमा नै जोगबुढा नदीमा समाहित हुने अवस्था रहेको बताए । "कुतियाकवर बगे नेपाल-भारत सीमा नै जोगबुढा नदीमा परिणत हुन्छ", उनले भने । निर्माण अघि पारी कुतियाकवर जान जोगबुढामा अस्थायी बाटो बनाउनुपर्ने वडाध्यक्ष सिंहको भनाइ छ ।

"कुतियाकवरको झोलुङ्गे पुल वरपर दुई सय २० मिटर तटबन्ध बनिसकेको छ", उनले भने । दलित र विपन्न समुदायको बसोबास रहेको सीमा बस्तीसम्म पुग्न जोगबुढामा झोलुङ्गे पुल बनेपछि सहज भएको हो ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# समयमै काम थाल

मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षको ६ महिनामा विकास निर्माणको कार्य थालेको छैन् । असोज महिनादेखि नै विकास निर्माणको कार्य सुरु गर्नुपर्ने थियो । तर पुस महिनाको मध्यसम्म कामकाज सुरु नहुँदा विगत वर्षको जस्तै चालु आर्थिक वर्षमा पनि समस्या आउने देखिएको छ । समयमा बजेट निकासा भएर काम सुरु नहुँदा विगतमा गुणस्तरीय काम हुन नसकेको यथार्थ छ । योजनाहरुको भुक्तानीमा समेत समस्या भएको हो । काम गरेको रकम पाउन ठेकेदार र उपभोक्ता समितिहरुले सरकारलाई घेर्ने, कार्यालयमा तालाबन्दी गर्ने लगायतका विरोधका कार्यक्रमहरु गरे । त्यसको प्रमुख कारण समयमा सरकारले काम गराउन नसक्दा असार मसान्तमा भुक्तानीको चाप बढन गइ सबैको भुक्तानी नहुने समस्या हुने गरेको छ । मधेश प्रदेशमा हरेक वर्ष यस प्रकारको समस्या देखिने गरेको छ । मधेश प्रदेश सरकारले बजेट भाषण र नीति कार्यक्रममा विकास निर्माणको काम असोज महिनादेखि नै प्रारम्भ गर्ने उल्लेख गरेको थियो । प्रदेश सरकारले शासन, प्रशासनको काम नपाए सम्म विकास निर्माणलाई नै द्रुतगतिमा अगाडि बढाएर अन्य प्रदेश र संघीय सरकारलाई उछिन्न सक्नुपर्छ । संघीयताको आधार स्तम्भ नै मधेश प्रदेश सरकार रहेको छ । हालसम्म संघीयता अगाडि बढेको मूल कारण पनि मधेश प्रदेश सरकार नै हो । देशका कयौं दल र नेताहरु संघीयतालाई रुचाएका छैनन् । उनीहरुले संघीयताको औचित्यमाथि नै प्रश्न उठाउँदै प्रदेशको संरचनालाई हटाउनु पर्ने वातावरण बनाउन लागेका छन् । संघीयताको पक्षधर भन्दा विरोधी पनि कमजोर छैनन् । त्यस्तो अवस्थामा मधेश प्रदेश सरकारले जनप्रिय कामहरु गर्नु आवश्यक छ । जनताको आकांक्षा अनुसार काम गर्न सके मधेश प्रदेश सरकारको दबाब संघीय सरकारमाथि निरन्तर बढनेछ । मधेश प्रदेशमा भ्रष्टाचार निकै बढेको र सुशासनको अनुभूति जनताले नगरेको आरोप लागिरहेको बेला प्रदेश सरकारले समयमै विकास निर्माणको गुणस्तरीय काम गरेर जनसमर्थन प्राप्त गर्न सक्नुपर्छ । सरकारमा समन्वयको अभाव पनि देखिएको छ । अर्थमन्त्री विदेश भ्रमण जाँदा प्रदेश सरकारको विकास निर्माण नै ठप्प हुने स्थिति देखिएको छ । अर्थमन्त्रीको अनुपस्थितिमा विकास निर्माणको काम कुनै मन्त्रालयले अगाडि बढाउन सकेको छैन् । यसले सरकारमा रहेका दल र नेताहरुबीच समन्वयको अभाव देखाउँछ । सरकारलाई मुख्यमन्त्रीले नेतृत्व गर्ने भएकाले यश र अपयशको जिम्मेवार पनि हुन्छन् ।

# सरकारको एक वर्ष : संविधान र सङ्घीयता कार्यान्वयनमा महत्वपूर्ण उपलब्धि



धर्मेन्द्र झा

सङ्घीयता कार्यान्वयनका दृष्टिले यसलाई निकै महत्वपूर्ण मानिनुपर्छ । विगतमा यो कार्य हुन सकेको भए शायद सङ्घीयता कार्यान्वयनले अझै गति लिइसक्ने कुरामा विवाद हुन सक्दैन । यस्तै सरकारको सक्रियतामा अन्तरप्रदेश परिषद् बैठकको पनि आयोजना भएको छ र सङ्घीयता कार्यान्वयनका दिशामा आवश्यक खाका कोर्ने कार्य हुँदैछ ।

पुष्पकमल दाहाल 'प्रचण्ड'ले ठीक एक वर्ष पहिले देशको प्रमुख कार्यकारीका रुपमा सरकारको नेतृत्व प्रारम्भ गर्दैगर्दाको अवस्था आजको भन्दा नितान्त पृथक थियो ।

फरक गठबन्धन, फरक सङ्गत र फरक मान्यताका आधारमा 'प्रचण्ड' सरकार गठन भएको थियो । समय घर्किंदै जाँदा 'प्रचण्ड' नेतृत्वको सरकारको गठबन्धन, स्वरुप र मान्यतामा परिवर्तन आएको थियो । देशको राजनीतिले फरक दिशा ग्रहण गरेको अनुभव सबैको थियो । वामपन्थको रस्साकस्सीको तनावको बीचबाट वामपन्थी (माओवादी) र लोकतन्त्रवादी दुवैले देश र समाजका लागि आफूहरुको मिलन आवश्यक भएको ठम्याइका आधारमा अस्तित्वमा आएको वर्तमान सरकारका चुनौती पनि सोहीअनुकूल रहेको कुरामा द्विविधा हुन सक्दैन । राष्ट्रभित्रका अनेकथरि उल्झन र अन्तर्राष्ट्रिय बल्झोका बीच सरकारले आजसम्मको यात्रा निष्कङ्टक तय गर्न सक्नु स्वयंमा सरकारको महत्वपूर्ण सफलता हो । होइन भने, कतिपयले त प्रारम्भका दिनमै सरकारको आयु निर्धारण गरेर तिथिमितिसमेत तोकेको तथ्य अझै पनि धेरैको स्मृतिमा होला नै ।

यो सरकार अस्तित्वमा आउँदा सरकारका अनेकथरि प्राथमिकता घोषित थिए । गठबन्धनको सरकार भएको हुँदा सबैथरि घटकको प्राथमिकतालाई समेटेर उचित प्राथमिकता निर्धारण गर्नु र सोहीअनुकूल कार्यान्वयनको प्रक्रिया अगाडि बढाउनु अत्यन्त जोखिमको विषय भए पनि प्रचण्ड नेतृत्वको सरकारले त्यसमा सफलता पाएको छ । यो सरकारका सन्दर्भमा यो अर्को महत्वपूर्ण कुरा हो भन्दा अस्वभाविक हुँदैन । हो, सरकार गठन हुँदाको ताका अनेक प्राथमिकता निर्धारण गरिएका थिए । अनेक आवश्यकता महत्वपूर्ण थिए । सरकारमा सामेल घटकका आ-आफ्ना तर्क र रुचि थिए । यस्तोमा यस एक वर्षको अवधिमा सरकारले आफ्नो प्राथमिकताको सूचीमा परेका सबै कार्यमा शतप्रतिशत नै सफलता प्राप्त गऱ्यो भनेर भनिहाल्ने अवस्था नहुन सक्छ (यसको मूल्याङ्कन फरक ढङ्गले गर्न सकिएला) तर सरकारले चालेका कदमको इमान्दारीमा भने शङ्का गरिहाल्ने अवस्थाको छैन । सरकारले थालेका कार्यको सूची र त्यसको प्रगतिको विश्लेषण गर्ने हो भने सन्तोष नै मान्न सकिन्छ । रह्यो, शतप्रतिशत सफलताको कुरा, अपवादको स्थिति त जहाँ पनि रहन्छ ।

वैचारिकरुपमा विश्लेषण गर्ने हो भने समाजवादोन्मुख अवस्थाका लागि आवश्यक वातावरण निर्माण गर्ने दृढ अडानका साथ सत्ताको नेतृत्व गर्नु हुने माओवादी अध्यक्ष 'प्रचण्ड'को नियतमाथि उहाँको यस कार्यकालमा प्रश्नै उठाइहाल्नुपर्ने अवस्थाको निर्माण भने भएको छैन । तर राजनीतिमा 'कम्प्रोमाइज'को ठूलो अर्थ र महत्व हुन्छ । प्रचण्ड नेतृत्वको वर्तमान सरकारको सन्दर्भमा कुनै विश्लेषकले यसै आधारमा बुझ्ने प्रयत्न गरेका छन् भने त्यसलाई अपवाद मानेर सरकारले अगाडिको यात्रा तय गर्ने रणनीति बनाउनु उचित हुन्छ ।

वर्तमान सरकारको नेतृत्वकर्ता प्रचण्डलगायत अन्य घटकले संविधानको कार्यान्वयन, सङ्घीयता, समावेशीपन, जनअधिकारको सुनिश्चिततालाई आफूहरुको राजनीतिको मुख्य लक्ष्य मान्दै आएको कसैबाट लुकेको छैन र यो सरकारले यिनै विषयलाई उच्च प्राथमिकतामा राखेको कुरा स्पष्ट छ । वास्तवमा यो गठबन्धनको निर्माण पनि यही जगमा अडिएको छ । त्यसो त सरकारले प्रत्यक्षतः सुशासन, समृद्धि र सामाजिक न्यायलाई बढी महत्व दिएको जस्तो देखिएको छ । हुन पनि सरकारका कार्यक्रम यिनैप्रति केन्द्रित र लक्षित छन् । तर उपर्युक्त विषयलाई प्रचलनमा ल्याउने मूल आधार भने संविधान, सङ्घीयता र समावेशी नीतिको कार्यान्वयनलाई नै मानिएको छ भन्दा असङ्गत हुँदैन । माथिको विश्लेषणको आधारमा भन्न सकिन्छ, यस अवधिमा सरकारले संविधानको कार्यान्वयन तथा समावेशी-सङ्घीयताको सुनिश्चितताका दिशामा महत्वपूर्ण उपलब्धि प्राप्त गरेको छ ।

केन्द्रीकृत राज्यको शक्ति र जिम्मेवारीलाई प्रदेश वा स्थानीयस्तरमा बाँड्ने पद्धति, अथवा राज्यसत्ताका हक र दायित्वहरू केन्द्रमा नथुपारी सङ्घ र एकाइमा बाँड्नु सङ्घीयताको मूल सिद्धान्त हो । यस अर्थमा सङ्घीय व्यवस्थामा अनेक तहका स्वायत्त सरकार हुन्छन् । वास्तवमा सङ्घीय शासन व्यवस्थालाई पिरामिड शैलीमा रहेको शासन व्यवस्था भनेर बुझ्न सकिन्छ । यसको आधार सबभन्दा तल हुन्छ । जहाँ जनता हुन्छन् र क्रमशः माथितिर निर्वाचित जनप्रतिनिधि हुन्छन् जसले शासकीय संरचनालाई नेतृत्व दिन्छन् ।

नेपालको सङ्घीयता पनि यही अवधारणामा आधारित छ । जनता रहेका तहमा स्थानीय सरकारहरु छन् भने तिनलाई समन्वय गर्ने भूमिकामा प्रदेश सरकारको परिकल्पना गरिएको छ । सङ्घीय सरकारले प्रदेश र स्थानीय तहको समन्वय र आवश्यक सहजीकरणको कार्य गर्दछ । नेपालको सङ्घीयता 'होल्डिङ टुगेदर' अर्थात् एकअर्काबीचको सहकार्य प्रकृतिको हो । देशलाई एक सूत्रमा बाँधी राख्न र सबै जनतामा स्वामित्व ग्रहणको भावना विकसित गर्न सङ्घीय सरकारको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । पछिल्ला दिनमा सामाजिक न्यायको सुनिश्चितता र सङ्घीयताको कार्यान्वयनका दृष्टिले सरकारले जे जति काम गर्न सकेको छ त्यसले आमजनतामा देशप्रतिको स्वामित्व ग्रहणको भावमा वृद्धि गरेको मान्न सकिन्छ । सङ्घीयतालाई शासकीय क्रियाकलापमा जनतालाई प्रत्यक्ष सहभागी गराउने प्रक्रियाका रूपमा पनि परिभाषित गर्न सकिन्छ । वास्तवमा बहुजातीय, बहुभाषिक र बहुधार्मिक समाजको हक, हित र अधिकारको संरक्षण र सीमान्तकृत समूहलाई सशक्तीकरण गर्ने शासन प्रणाली नै सङ्घीयता हो । यस दिशामा पनि सरकारबाट केही ठोस कार्य भएका छन् ।

विद्वान् जोहान्स अल्थुसिर्यसले सन् १६०३ मा आफ्नो सहर इमडेनलाई स्वतन्त्र राख्न, जनताले आफ्नो आवश्यकता पहिचान गरी समाधान गर्न, आरामदायी जीवनयापन गर्न, आफ्ना साधन स्रोतको स्वतन्त्र रूपले परिचालन गर्न पाउनुपर्छ भन्ने अवधारणा ल्याएका थिए । कालान्तरमा यही अवधारणाबाट सङ्घीय शासन प्रणालीको बहस सुरु भएको मानिन्छ । हाल संसारका विभिन्न देशमा विभिन्न प्रकारका शासन व्यवस्था अस्तित्वमा छन् । सत्ताइस वटा देशमा भने सङ्घीय व्यवस्था कार्यान्वयनमा रहेको दाबी गरिन्छ । विश्वमा आर्थिक रूपले समृद्ध मानिने र भूगोलका दृष्टिले पनि निकै ठूलो मानिने देशहरूमा पनि एकात्मक शासन प्रणाली छ । युगान्डा र क्यामरुन सङ्घीयताबाट एकात्मक शासनतर्फ फर्केका छन् । यो तथ्यले सङ्घीयताका लागि भूगोल अथवा आर्थिक समृद्धि मानक हुँदो रहेनछ भन्ने स्पष्ट हुन्छ ।

सङ्घीयताका लागि सम्बन्धित देशको तत्कालीन आवश्यकता नै महत्वपूर्ण कुरा हुने रहेछ भन्न सकिन्छ । नेपालका सन्दर्भमा भन्ने हो भने सङ्घीयताका बारेमा जनतामा मिश्रित भाव छन् । तर यथार्थ के हो भने केन्द्रमा थुपारिएको अधिकारको निक्षेपणका सन्दर्भमा योभन्दा उपयुक्त शासन प्रणाली अर्को हुन सक्दैन । खासमा सङ्घीयता विकेन्द्रीकरणको उत्कृष्ट 'मोडेल' हो । यो सरकारका घटकले यस तथ्यलाई स्वीकार गरेका छन् । पछिल्लो एक वर्षमा विभिन्न कोणबाट सङ्घीयतालाई सुदृढ र संस्थागत गर्ने दिशामा सरकारबाट महत्वपूर्ण काम भएका छन् । नेपाली सङ्घीयताले विभिन्न तह (सङ्घ, प्रदेश र स्थानीय)का सरकारबीच सहकार्य, समन्वय र सहअस्तित्वको अवधारणामा जोड दिएको छ ।

निश्चय पनि यो सिद्धान्तमात्र होइन व्यवहार पनि हो र यसको कार्यान्वयनमा सर्वाधिक महत्वपूर्ण भूमिका सङ्घीय सरकारको हुन्छ । सरकारले सहजीकरणको भूमिका निवाह गरिदिनुपर्छ । कुनै दुई मत हुन सक्दैन, हिजोका दिनमा सङ्घीयता कार्यान्वयनका सन्दर्भमा सङ्घीय सरकारका जिम्मेवारबाट उचित र इमान्दार भूमिका निर्वाह हुन सकेन र सङ्घीयताका सम्बन्धमा केही प्रश्नहरु ठडिने अवस्थाको सिर्जना भयो । भन्न कुनै सङ्कोच मान्नु जरुरी छैन, पछिल्ला दिनमा निश्चय पनि यस अवस्थामा सुधार आएको छ र यस एक वर्षको अवधिमा सङ्घीयता कार्यान्वयनको गतिले तीव्रता प्राप्त गरेको छ । सङ्घीयता कार्यान्वयनका लागि सबैभन्दा महत्वपूर्ण छ संविधानको उचित कार्यान्वयन । यस सरकारले संविधान कार्यान्वयनलाई प्राथमिकतामा राखेको कुरा कसैबाट लुकेको छैन ।

सरकारले यस अवधिमा सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ को कार्यान्वयनमा जोड दिएको छ । ऐनले समन्वय प्रयोजनका लागि राष्ट्रिय समन्वय परिषद्, प्रदेशमा प्रदेश समन्वय परिषद्को व्यवस्था गरेको भए पनि त्यसको कार्यान्वयन हुन सकेको थिएन । प्रधानमन्त्रीको अध्यक्षतामा गठन हुनुपर्ने राष्ट्रिय समन्वय परिषद्को गठनले पूर्णता प्राप्त गर्न सकेको थिएन । प्रचण्ड नेतृत्वको सरकारले राष्ट्रिय समन्वय परिषद्लाई पूर्णता मात्रै प्रदान गरेन, बरु परिषद्को बैठकको आयोजना पनि गऱ्यो । बैठकले तीनै तहका सरकारका बीचमा अधिकारको बाँडफाँटका सम्बन्धमा रहेका अन्योल र अस्पष्टता हटाउने प्रयास गरेको छ ।

सङ्घीयता कार्यान्वयनका दृष्टिले यसलाई निकै महत्वपूर्ण मानिनुपर्छ । विगतमा यो कार्य हुन सकेको भए शायद सङ्घीयता कार्यान्वयनले अझै गति लिइसक्ने कुरामा विवाद हुन सक्दैन । यस्तै सरकारको सक्रियतामा अन्तरप्रदेश परिषद् बैठकको पनि आयोजना भएको छ र सङ्घीयता कार्यान्वयनका दिशामा आवश्यक खाका कोर्ने कार्य हुँदैछ । यसैगरी सरकारले संविधान र सङ्घीयता कार्यान्वयनलाई गति प्रदान गर्न अनेक कानुनको निर्माणमा पनि जोड दिएको छ । यस अवधिमा १७ वटा विधेयक संसद्मा दर्ता भएका छन् भने केही विधेयक संसद्मा दर्ता हुने अवस्थामा छन् । यस आधारमा भन्न सकिन्छ, वर्तमान सरकारले संविधान र सङ्घीयता कार्यान्वयनको मुद्दालाई उच्च प्राथमिकतामा राखेर महत्वपूर्ण कार्य गरिरहेको छ । यी कार्यमध्ये केहीले अहिले नै प्रभाव देखाउन थालेका छन् भने केहीको प्रभाव निश्चय पनि भविष्यमा बोध गरिनेछ । राष्ट्रका लागि सङ्घीयता बोझ होइन, अवसर हो भन्ने प्रमाणित गर्ने गरी काम गर्नु नै अहिलेको राष्ट्रिय एजेन्डा हो ।

# जलवायु कूटनीतिमा नयाँ आयाम

ठाकुर प्रसाद देवकोटा



नेपालमा पनि जलवायु परिवर्तनको मुद्दाको बहस परम्परागतभन्दा फरक तरिकाले सुरू हुन थाएको छ । कोपको पूर्वसन्ध्यामा सरकारले आयोजना गरेको जलवायु सम्मेलनले आफ्नो धारणालाई प्रष्ट पारेको छ । प्रधानमन्त्री दाहालले कोपमा आफूले कम विकसित राष्ट्रहरू जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित छन् अझै हिमालय क्षेत्र झनै बढी प्रभावित रहेको कुरालाई विशेष महत्वका साथ उठाउनुभएको थियो ।

युनाइटेड अरब इमिरेट्स (युएई) मा सम्पन्न कोप-२८ सम्मेलन अहिले नेपालमा चर्चाको विषय बनेको छ । हुन त हरेक वर्ष आयोजना हुने यस्ता कोप सम्मेलनको नेपालमा त्यति चर्चा भएको पाइँदैन तर यसपालिको कोप जलवायु परिवर्तनको सवालमा आफ्नो मुद्दासहितको दर्बिलो उपस्थितिले गर्दा पनि निकै चर्चा पाएको हो । कोपको चर्चा त संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनिओ गुटेरसको अक्टोबर २०२३ मा नेपाल भ्रमणपश्चात् नै सुरू भएको थियो । महासचिव गुटेरसले उक्त सम्मेलनमा हिमाली तथा पर्वतीय मुलुकको मुद्दालाई आफ्नो भाषणको प्रमुख अंश बनाएका थिए र हिमाली तथा पहाडी मुलुकमा जलवायु परिवर्तनबाट सिर्जित समस्यालाई सम्बोधन गरिनुपर्ने कुरा बताएका थिए ।

त्यस्तै कोप-२८ मा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफूलाई नेपालले शून्य बराबरको उत्सर्जन गरे पनि सबैभन्दा बढी प्रभावित भएको र यसपालि आफू ती निर्दोश जनता जो बिना कुनै कसुर जलवायु परिवर्तनको नकारात्मक असर खेपिरहेका छन् उनीहरुको आवाजलाई बुलन्द गर्न आएको बताउनुभएको थियो । यी दुई माथिका भनाइले के बताउँछ भने हिन्दूकुश हिमालय र त्यसमा आश्रित मान्छेहरू सङ्कटमा रहेको कुरा प्रष्ट हुन्छ । त्यसो त गुटेरस गत अक्टोबर मा नेपालको भ्रमणको क्रममा हिमालयमा जलवायु परिवर्तनको असरबारे सगरमाथा, अन्नपूर्ण र लुम्बिनीबाट विश्व समुदायलाई एकै पटक वक्तव्यमार्फत सन्देश दिएका थिए । त्यसले विश्व मानचित्रमा नेपाल र हिमालय शृङ्खलालाई विश्वभर चिनाउन सफल भएको छ । गुटेरसको भ्रमणपश्चात् नेपालमा जलवायु परिवर्तनको मुद्दाबारे नयाँ शिराबाट बहस सुरू हुन थाल्यो भने हिमालय शृङ्खलामा जलवायु परिवर्तनले पारेको असरबारे विश्वस्तरमा नै बहस तथा छलफलको विषय बन्न पुग्यो ।

नेपालमा पनि जलवायु परिवर्तनको मुद्दाको बहस परम्परागतभन्दा फरक तरिकाले सुरू हुन थाएको छ । कोपको पूर्वसन्ध्यामा सरकारले आयोजना गरेको जलवायु सम्मेलनले आफ्नो धारणालाई प्रष्ट पारेको छ । प्रधानमन्त्री दाहालले कोपमा आफूले कम विकसित राष्ट्रहरू जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित छन् अझै हिमालय क्षेत्र झनै बढी प्रभावित रहेको कुरालाई विशेष महत्वका साथ उठाउनुभएको थियो । उहाँले भन्नुभएको थियो, "जलवायु परिवर्तनबाट भएको असर कम गर्नका लागि आर्थिक सहायता वा वित्तको लागि हामीले सहयोगको याचना गर्ने हैन कि पाउने नैसर्गिक अधिकार हो ।" उक्त जलवायु सम्मेलनमा नेपालले जलवायु न्यायको आधारमा अनुकूलन, उत्थानशीलता र हानि तथा नोक्सानीमा प्रदान गरिने जलवायु वित्त अनुदान प्राप्ति तथा प्राप्तिको लागि जटिल प्रक्रियागत झन्झटलाई हटाएर सहज र सरलीकरण गरिनुपर्ने, जलवायु न्यायमा आधारित वित्तदाताहरू तथा महाशक्ति राष्ट्रहरूको इच्छा तथा अनुकूलतामा हैन कि नेपालको राष्ट्रिय हितमा हुनुपर्ने, पर्वतीय राष्ट्रमा जलवायु परिवर्तनबाट परेको असर र यहाँका जनताले भोग्नुपरेको त्रासदीको बारेमा विश्वको ध्यानाकर्षण गराउने कुराहरू प्रमुख रहेका थिए ।

यस परिवेशमा नेपालले कोपमा जानुअगावै आफ्नो तयारीको साथ प्रस्तुत गर्नको लागि विभिन्न फोरम तथा बैठकहरू आयोजना गरी आफ्ना मुद्दाहरूको बारेमा तयारी थालिएको थियो र परम्परागत तरिका र विधिलाई फेर्दै नयाँ ढङ्गले प्रस्तुत हुने योजनाको साथ प्रधानमन्त्री दाहालले कोपमा भाग लिनुभएको थियो । कोप-२८ मा नेपालको प्रस्तुति विगतको भन्दा फरक ढङ्गको हुने र यसलाई एउटा अवसरको रूपमा प्रयोग गर्ने प्रधानमन्त्रीले बताउनुभएको थियो ।

नेपालले कोपमा पहिलोपटक आफ्नै पभेलियन लियो र उक्त पभेलियनमा प्रधानमन्त्रीले उच्चस्तरीय गोलमेचको आयोजना पनि गर्नुभयो । उक्त गोलमेचको प्रमुख वक्ता राष्ट्रसङ्घका महासचिव, एण्डोराका प्रधानमन्त्री तथा अन्य देशका विशिष्ट अतिथिको उपस्थिति रहेको थियो । सो गोलमेचमा नेपालको हिमालयमा जलवायु परिवर्तनले पारेको असरका बारेमा छलफल भएको थियो र पर्वतीय मुलुकहरूमा जलवायु परिवर्तनले पारेको असरलाई न्यूनीकरण गर्न तत्काल पहल गर्नुपर्ने कुरामा छलफल भएको थियो । नेपालको पभेलियनमा अन्य विषयमा पनि व्यापक छलफल भएको थियो ।

नेपालले आफ्नै पभेलियन लिएर कोपको अवधिभर आफ्नो प्रस्तुतिलाई बलियो बनाएको थियो । सम्मेलनमा प्रधानमन्त्रीले भन्नुभएको थियो, "जलवायु परिवर्तन प्रकृति र मानवताविरुद्धको युद्ध' भएको र आफ्नो स्वार्थ पूरा गर्नका लागि हामी आफैँ र भावी पुस्तासँग समेत लडिरहेका छौँ र म यहाँ मेरो निर्दोष मानिसका लागि जलवायु न्यायका लागि उभिएको छु जो यस प्रकोपबाट पूर्ण पीडित छन् ।" सम्मेलनमा उहाँले तापक्रम वृद्धिले पर्वतीय देशहरू आक्रान्त भएका छन् र यसको असरले जनता र यस ग्रहलाई नै विश्वस्तरीय सेवा दिइरहेको हिमालयको पारिस्थितिकीय प्रणाली, जैविक विविधता, मानव सभ्यता र जनजीविकाको आधारलाई नै खल्बल्याएको उल्लेख गर्नुभयो ।

सम्मेलनमा संयुक्त राष्ट्रसङ्घका महासचिवले सम्बोधन गर्ने क्रममा नै नेपालको हिमालय र अन्टार्टिकाको मुद्दालाई महत्वका साथ उठाएको र यसले पर्वतीय मुलुकहरूको मुद्दालाई अब सम्बोधन गर्नुपर्ने कुरालाई महत्वका साथ उजागर गरेका छन् । यसपालिको कोपमा नेपालले अन्तर्राष्ट्रियस्तरमा देशको अवस्थिति र जलवायु परिवर्तनले गर्दा उत्पन्न आक्रान्त अवस्थालाई दर्बिलो ढङ्गले प्रष्टसँग प्रस्तुत गर्न सकेको छ । नेपालले आफ्ना मुद्दाहरू परम्परागतभन्दा फरक ढङ्गले प्रस्तुत गरी जलवायु कूटनीति, जलवायु न्याय, जलवायु वित्त तथा वित्तमा सहज र सरल पहुँचको सन्दर्भमा नयाँ बहसको थालनी गरेको छ ।

नेपालले जलवायु न्यायको कुरालाई प्रखररूपमा राख्न सफल भयो, 'याचना हैन अधिकार हो' भन्ने कुरालाई राम्रोसँग स्थापित गऱ्यो । अन्तर्राष्ट्रिय जलवायु परिवर्तन वित्तमा अल्पविकसित तथा गरिब मुलुकहरूलाई सरल, सहज पहुँचको विषयलाई प्रस्तुत गऱ्यो । सबैभन्दा महत्वपूर्ण कुरा त नेपालको जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय नीति तथा कुटनीति समुद्र तटीय देशहरूको अनुकूलतामा आफूलाई समाहित गर्दै उनीहरूको मुद्दामा सहमत जनाउँदै आएको थियो यो निरिहतालाई यसपालिको कोपले परिवर्तन ल्याएको छ । यसरी समुद्र तटीय देशहरूको अनुकूलतामा बरालिएको नेपालको जलवायु कूटनीतिलाई नेपालको अनुकूलतामा ल्याउन यसपालिको कोपले महत्वपूर्ण भूमिका खेलेको छ ।

नेपाल तथा पर्वतीय मुलुकहरूको मुद्दालाई प्रमुख रूपमा प्रस्तुत गरिएको छ । यसभन्दा पहिला पर्वतीय मुलुकहरूको मुद्दा अस्थायीरूपमा थियो तर यसपालिको कोपमा यस मुद्दालाई प्रमुखरूपमा उठानको लागि देशको तर्फबाट राम्रो पहल भएको छ । अतिकम विकसित राष्ट्रहरूको नाममा समुद्र तटीय देशहरुका मुद्दाहरूमा समाहित हुँदै आएको र सीमित स्वार्थ केन्द्रित सङ्घ, संस्था र व्यक्तिको कब्जामा रहेको नेपालको जलवायु परिवर्तनको मुद्दालाई यसपालिको कोपले समग्र देशको पक्षमा केन्द्रित गर्न सफल भएको छ । अन्यत्रै रुमलिएको वा बरालिएको नेपालको जलवायु कूटनीतिलाई अहिले राष्ट्र हितमा वा राष्ट्रको पक्षमा ल्याउन करिब सफलताको खुड्किलोतिर गएको छ । अब बाँकी नेपालको शासकीय प्रणालीले कोप-२८ को क्रममा लिइएको पहलकदमीबाट सकारात्मक परिणाम निकाल्नका लागि कस्तो भूमिका निर्वाह गर्दछ हेर्न बाँकी छ । (लेखक जलवायु परिवर्तनसम्बन्धी विषयका विज्ञ हुनुहुन्छ)

# मिलेर देश बनाउन सक्छौँ र बनाउँछौँ :

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो एकवर्षे कार्यकालको उपलब्धिका सारसङ्ग्रह प्रस्तुत गर्दै आगामी दिनमा कार्यशैली परिवर्तनसहित जनतामा आशा जगाउने र परिणाम दिने घोषणा गर्नुभएको छ ।

प्रधानमन्त्री नियुक्त भएको एक वर्ष पूरा भएको अवसरमा आज सिंहदरबारबाट देशबासीका नाममा सम्बोधन गर्दै उहाँले सुशासन, सामाजिक न्याय, समृद्धि, कूटनीति, विपद् व्यवस्थापन र लोकतन्त्रको सम्बर्द्धनलगायत क्षेत्रमा भएका मुख्य प्रगति सार्वजनिक गर्नुभयो । प्रधानमन्त्री दाहालले प्रयास गर्दागर्दा हुन नसकेका काम र राज्य संयन्त्रलाई माथिल्लो तहबाटै जवाफदेही बनाउन आफू दृढ सङ्कल्पित रहेको बताउनुभयो । (प्रधानमन्त्री दाहालले गर्नुभएको सम्बोधनको पूर्णपाठः)

सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड" नेतृत्वको सरकार एक वर्ष पूरा भएको अवसरमा गर्नुभएको सम्बोधन

(१० पुस, २०८०, सिंहदरबार)

**आदरणीय आमाबुवा, दिदीबहिनी र दाजुभाइहरू,**

आज म समस्त नागरिकसँग प्रत्यक्ष सम्बोधन गर्न उपस्थित भएको छु। सरकार गठन भएको एक वर्ष पूरा भएको संयोग र अवसर परे पनि सरकारका उपलब्धिको विवरण प्रस्तुत गर्नु मात्र मेरो आजको उद्देश्य होइन। सुशासन, सामाजिक न्याय, समृद्धि, कुटनीति, विपत् व्यवस्थापन र लोकतन्त्रको संवर्द्धनलगायतका क्षेत्रमा यसबीच भएका कार्य र प्राप्तिको सांकेतिक विवरण त आउँछ नै, तर म आजको सम्बोधनलाई समाचारका कस्ता शीर्षक दिइएला भन्ने चिन्ता नगरी आफ्ना केही विश्लेषण, केही समीक्षा, केही अनुभूति र केही संकल्प खुला हृदयले यहाँहरूसामु राख्ने अनुमति चाहन्छु।

अहिले म नेपाली समाजमा अत्यन्त चिन्ताजनक रूपमा चारैतिर हीनताबोध र नकारात्मकताको डढेलो लगाइँदै गरेको देखिरहेको छु। "सकिन्नँ, बन्दैन, हुँदैन" भन्ने नकारात्मकताले जरैदेखि समाजको सिर्जनात्मकता मारिरहेको छ। एकथरि तत्वले त नियोजित रूपमै यो मानसिकतालाई मलजल गरिरहेका छन्। यस्तो वातावरण बनाउने प्रयास भइरहेको छ कि देशमा सबै नराम्रो मात्र भइरहेको छ। आदरणीय जनसमुदाय, म आज यो प्रश्नबाट सम्बोधन सुरु गर्न चाहन्छु कि के देशमा साँच्चै केही नभएकै हो ? के देश पूर्णरूपमा सम्भावनाहीन बन्दै गएको हो ?

नकारात्मकता र हीनभावनाले हामीकहाँ सम्भव काम पनि असम्भव बनाइरहेको छ र हामीले आफ्नै छेउको उज्यालोलाई पनि पत्याउन छाडेका छौँ भन्ने तथ्यलाई स्थापित गर्न म हाम्रो विद्युतीकरण र त्यसका सम्भावनालाई उदाहरणका रूपमा प्रस्तुत गर्न चाहन्छु। म दोस्रोपटक प्रधानमन्त्री हुनु अघिसम्म देशमा १८ घन्टासम्मको लोडसेडिङलाई नियति मानिएको थियो जबकि ठूलो जनसंख्या त्यतिखेर विद्युतको पहुँचभन्दा बाहिर नै थियो। आज लगभग सिङ्गो देशमा विद्युतको पहुँच पुगेको छ। वर्षायाममा पनि विद्युत् आयात गर्नुपर्ने अवस्थाबाट आज देश विद्युत् निर्यात गर्ने ठाउँमा पुगेको छ। विगत एक वर्षमा ७०० मेगावाटसम्म विद्युत् निर्यात गरी रु १५ अर्ब २७ करोड बराबरको विदेशी मुद्रा आर्जन गरिएको छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३१.२८ प्रतिशतले बढी हो। पाँच वर्षअघि यो अवस्थाको धेरैबाट कल्पना पनि गरिएको थिएन।

विक्रम संवत् १९६८ मा फर्पिङ जलविद्युतबाट ५०० किलोवाट विद्युत उत्पादनबाट सुरु भएको नेपालको विद्युतीकरण यात्रामा त्यसपछिका १०४ वर्षमा जम्मा ८०० मेगावाटमात्र उत्पादन क्षमता पुगेको थियो। तर विगत ७ वर्षभित्र नेपालको विद्युत उत्पादन क्षमता बढेर २८९२ मेगावाट पुगेको छ जसमध्ये करिव ५४१ मेगावाट त यही एक वर्षमा मात्र थप भएको छ। विगतका हिसाबले यो एक वर्ष करिब असी वर्ष बराबर हो। तर, मैले यसमा सन्तोष मानेको छैन। मेरो विश्लेषणमा हामीसँग यस क्षेत्रमा भएको सम्भावनाको तुलनामा यो साह्रै सानो उपलब्धि हो। यसै वर्ष भएको मेरो भारत भ्रमणका क्रममा दश वर्षमा दश हजार मेगावाट बिजुली निर्यात गर्ने लक्ष्यका साथ दीर्घकालिन जलविद्युत् सम्झौताको प्रारम्भिक सहमतिमा हस्ताक्षर भएको छ। हाम्रो समृद्धिका लागि यो नेपाली इतिहासकै सबैभन्दा ठूलो र दूरगामी महत्वको सहमति हो। भारतसँग मात्रै नभएर बङ्गलादेशसँग पनि हामी विद्युत् व्यापारको एकदमै नजिक पुगेका छौं। नेपालबाट बङ्गलादेशमा ४० मेगावाटसम्म विद्युत् निर्यात गर्ने त्रिदेशीय विद्युत् व्यापार सम्झौतामा हस्ताक्षर हुँदैछ।

मेरो चीन भ्रमणको क्रममा नेपाल चीन जोड्ने चिलिमे-केरुङ २२० केभी प्रसारण लाइन अगाडि बढाउने सहमति भएको छ। यो प्रसारण लाइन बन्ने बित्तिकै चीनसँग पनि हाम्रो विद्युत व्यापारको ढोका खुल्नेछ। देशभित्र पनि हामी उद्योग र चुलोदेखि यातायातसम्म विद्युत खपत बढाएर आत्मनिर्भरताको नयाँ युगतिर अगाडि बढ्दैछौं। गम्भीर भएर सोचौँ त, देशले हरेक वर्ष कम्तिमा रु. पाँच खर्बको बिजुली निर्यात गर्न र त्यति नै बराबरको आयात प्रतिस्थापन गर्न सक्दा अरु विकसित देशसरह हुन हामीलाई कति नै वर्ष लाग्ला र ? म निराशावादीहरूलाई सोध्न चाहन्छु, हाम्रो देश यति ठूलो आर्थिक सम्भावनाको नजिक इतिहासमै यसअघि कहिल्यै थियो र ? बिजुलीको उज्यालो अब देशकै उज्यालो बन्ने दिशामा छ। के यो लोकतन्त्रको उपलब्धि होइन र ?

**आदरणीय आमाबुवा, दिदीबहिनी र दाजुभाइहरू,**

अब सरकार गेमचेन्जर ठूला जलविद्युत् आयोजनाहरूमा ध्यान केन्द्रित गरिरहेको छ किनकि भारत, बंगलादेश र चीनसमेत हाम्रो विद्युत् व्यापारका साझेदार बन्ने परिस्थिति तयार भएको छ। बुढीगण्डकी जलविद्युत् आयोजनाका लागि पेट्रोलियम पदार्थमा लगाइँदै आएको पूर्वाधार करसमेत सोही आयोजनालाई उपलब्ध गराइने छ र स्रोतको अभाव हुन दिइने छैन। तीन वर्षभित्र सम्पन्न गर्ने गरी नेपाल विद्युत् प्राधिकरणबाट १०,८०० मेगावाट क्षमताको कर्णाली चिसापानी जलविद्युत् आयोजनाको थप अध्ययन सुरु भएको छ। १,९०२ मेगावाट क्षमताको मुगु कर्णाली जलविद्युत् आयोजनाको अध्ययन सम्पन्न भएको छ। हाल कार्यान्वयनमा रहेको ९०० मेगावाट क्षमताको अरूण तेस्रो जलविद्युत आयोजनालाई मैले सिधै पनि सहजीकरण गरिरहेको छु भने १,०६३ मेगावाट क्षमताको माथिल्लो अरूण आयोजनालाई लगानी जुटाउने कार्य अन्तिम चरणमा पुगेको छ। आउँदो दुईदेखि तीन महिनाभित्र टेस्टिङ कमिसनिङ भइरहेका थप आयोजनाहरूबाट करिव ५६४ मेगावाट उत्पादन थप हुनेछ। हालसम्म ९,१६४ मेगावाटका जलविद्युत् आयोजनाको निजी क्षेत्रसँग विद्युत् खरिद सम्झौता सम्पन्न भएको छ जसमध्ये यस वर्षमात्र करिव २२ सय मेगावाट बराबरको विद्युत् खरिद सम्झौता सम्पन्न भएको छ। सुनकोशी मरिन डाइभर्सन तथा कमला डाइभर्सन सिंचाइ आयोजनाहरूलाई समेत थप पानी उपलब्ध गराउन सक्ने ६७८ मेगावाट क्षमताको सुनकोशी तेस्रो जलविद्युत् आयोजना पनि सरकारको प्राथमिकतामा छ। राष्ट्रिय गौरव र रूपान्तरणकारी आयोजनाहरू अब एआईजडित ड्रोन प्रविधिबाट नियमित अनुगमन गर्ने प्रणाली जडान गरिँदैछ। प्रधानमन्त्री कार्यालयमा रहेको एक्सन रुमबाट यस्ता आयोजनाहरूको नियमित अनुगमन गर्न मैले सुरु गरिसकेकोछु। आज म यो सम्बोधनबाट देशवासीसामु स्वीकार गर्दछु कि सरकार असफल त भएन, तर मेरो हुटहुटीअनुसारको परिणाम पनि आएन। म बनिसकेका पूर्वाधारको जस खोसाखोस गर्न छाडेर सम्पन्न हुन बाँकी पूर्वाधारको चिन्तामा छु। देश कति बन्यो भन्ने होइन, कति बन्न सक्थ्यो भन्ने आत्मसमीक्षामा छु। यही चिन्ता र आत्मसमीक्षाका साथ म सार्वजनिक घोषणा गर्दछु, अब सरकारको कार्यशैली बदलिनेछ। केही पूर्व निर्धारित र अपरिहार्य बाहेक म बाहिरका कुनै पनि कार्यक्रममा नगई नयाँ नीति तथा कार्यक्रम र बजेटको तयारी एवं विकास र सुशासनमा रहेका समस्या समाधान गर्न लाग्ने निष्कर्षमा छु। सरकारको कार्यशैली बदल्न यो एउटा प्रस्थानबिन्दु हुनेछ। यही साता म प्रधानमन्त्री कार्यालयको संरचनात्मक परिवर्तन गर्दैछु। सिङ्गो राज्यका लागि त्यो एउटा संकेत र सन्देश हुनेछ।

पूर्वाधार विकासमा जताततै समस्या देखिएका छन्। रूख कटानीको प्रक्रिया अत्यन्त जटिल छ। वनको भोगाधिकार र जग्गाप्राप्तिमा त्यस्तै जटिलता छन्। नागरिकको जग्गाप्राप्तिमा पनि थुप्रै समस्या छन्। अब म एकएकवटा कामलाई बेग्लाबेग्लै डालोमा राख्ने अनि समस्याको जरो छाडेर हाँगा छिमोल्ने गल्ती गर्दिनँ, बरु कार्यतालिका र समयतालिका नै बनाएर र सबै सरोकारवालालाई एक ठाउँमा राखेर समग्र पूर्वाधार विकासका कानुनी, नीतिगत र प्रक्रियागत जटिलताको दीर्घकालीन हल खोज्छु। एकले अर्कोलाई देखाएर देशको विकास अवरुद्ध गर्ने प्रवृत्ति अन्त्य गर्छु। पूर्वाधार विकासलाई आवश्यक परे संकटकाल नै घोषणा गरेर भएपनि उच्च प्राथमिकता दिनुपर्छ भन्ने मेरो विश्वास छ।

यस वर्ष ७७६.६१ किलोमिटर कालोपत्रे सडक निर्माण भएको छ भने ५८७.५ किलोमिटर ग्राभेल सडक निर्माण भएको छ। यसै अवधिमा १८१.२९ किलोमिटर नयाँ ट्र्याक खोलिएको छ। थप १ लाख ६२ हजार सुरक्षित आवास निर्माण गरी लाभग्राहीलाई उपलब्ध गराइएको छ। यो आँकडाले अघिल्ला वर्षहरूभन्दा प्रगति त देखाउला तर म सन्तुष्ट छैन। नारायणगढ-बुटवल खण्ड वा मुग्लिन-पोखरा खण्डकै उदाहरण लिऊँ, जनताले बाटो भत्केको व्याख्या गरिरहेको छ जबकि बाटो त बनिरहेको छ। समयमा आयोजनाहरू पूरा नहुँदा यस्तो नकारात्मक भाष्यमात्र बनेको छैन, लागत बढेको छ, जनताले ठूलो सास्ती खेप्नुपरेको छ। अब पूर्वाधारमा कम्तिमा दुई सिफ्टको प्रत्याभूति हुने र सकेसम्म "ब्यारेक मोडल"मा लैजाने गरी मैले नीतिगत र व्यवहारिक छलफल गरिरहेको छु। '८० को दशक तीव्र विकासको दशक' भन्ने संकल्पसँगै पूर्वाधारमा देशले नयाँ ढङ्गले फड्को मार्नैपर्छ।

सरकार गठनसँगै मेरो प्रतिबद्धता थियो, म सार्वभौम संसद र जनताबीच केवल भाषण र आश्वासन होइन, रिपोर्ट कार्डका साथ उपस्थित हुनेछु। आज नागरिकसामु प्रत्यक्ष रूपमै वार्षिक रिपोर्ट पेस गर्दैगर्दा म प्रतिरक्षात्मक छैन किनकि समष्टिगत आर्थिक परिसूचकहरू सकारात्मक छन्। एक वर्षअघि जम्मा तीन महिनाको आयात धान्नसक्ने सामर्थ्यसहित दिवालिया बन्ने त्रासमा बाँचेको देशसँग अहिले विदेशी मुद्राको सञ्चिति इतिहासकै उच्च छ। यही असारदेखिको चार महिनाकै अवधिमा यस्तो सञ्चिति १५७ अर्ब रूपैयाले बढेको छ। सधैं घाटामा रहने सार्वजनिक संस्थान नाफामा जान थालेका छन्। नेपाल वायुसेवा निगमको तिनुपर्ने दायित्व कम हुँदै गएको छ। नेपाल आयल निगम र नेपाल विद्युत् प्राधिकरण नाफामा गएका छन्। अर्थतन्त्रका चारै क्षेत्रमा अहिले आशाजनक वातावरण बनेको छ। यी तथ्याङ्कहरू सकारात्मक भएपनि आर्थिक वृद्धिदर मैले सोचेकोभन्दा कम छ। म अब यसका आन्तरिक र बाह्य कारण देखाएर जिम्मेवारी नलिन चाहन्नँ। यसको जडमा पुगी समस्याको समाधान खोज्न मैले राजनीतिक नेतृत्व, कर्मचारी र निजी क्षेत्रलाई सँगै राखेर खुला छलफल सुरु गरिसकेको छु। दुई अङ्कको आर्थिक वृद्धिको लक्ष्य नराखी, अनि त्यसका लागि नीतिगत, कानुनी र प्रक्रियागत सुधारका साथै बहुपक्षीय तयारी नगरी देशको तीव्र विकास सम्भव छैन। यस वर्ष उपभोक्ता मूल्य वृद्धिदर गत वर्षभन्दा २.७ प्रतिशत बिन्दुले कम भएको छ। यो पक्कै उपलब्धि हो तर यसमा सन्तुष्ट भएर राष्ट्र बन्दैन। उपभोक्ता मूल्य वृद्धिदरलाई आमजनताले महसुस गर्ने गरी कम गर्न सरकारी नीति र प्रशासनिक क्षमताको सुधार अब मेरो प्राथमिकतामा छ। बैङ्क तथा वित्तीय क्षेत्र र मौद्रिक नीतिमा गरिएका सुधारका कारण बैङ्कहरूको आधार ब्याजदर एकल अङ्कमा पुगेको छ भने ऋणको ब्याजदर पनि घटेको छ। यसबाट उत्पादन लागत घटेर उपभोक्ता मूल्यमा समेत सकारात्मक प्रभाव पर्ने निश्चित छ। भुक्तानी सन्तुलन झण्डै १५० अर्ब रुपैंयाले सकारात्मक र हुनु र विगत कैयौं वर्षदेखि घाटामा रहेका चालु खाता समेत नाफामा रहनु सरकारको अर्को गणनीय उपलब्धि हो। पूँजी बजार र बिमा क्षेत्रमा मात्रात्मक सुधार त भएको छ तर अपेक्षित सुधार नहुँदा म चिन्तित छु र सुधारका लागि गम्भीर गृहकार्यमा छु। व्यापार घाटामा कमी आएको छ, तर निर्यात नबढीकन आयात मात्र घटेर कम भएको व्यापार घाटा दिगो हुँदैन भन्ने वास्तविकता म यहाँहरूलाई लुकाउन चाहन्नँ। समस्याहरूलाई जनतासँग लुकाएर देश अघि बढ्दैन। आन्तरिक उत्पादनसँगै निर्यात पनि बढाउने गरी उत्पादन परिमाण वृद्धि गर्न आवश्यक पहल म लिनेछु। विप्रेषण आप्रवाहमा २६ प्रतिशतले वृद्धि भएको छ। अब मेरो ध्यान विप्रेषणसँगै भित्रिने सीप, अनुभव र दक्षताको उपयोग गरी देशभित्र उत्पादन र रोजगारी बढाउने तर्फ केन्द्रित हुनेछ। म सबै आर्थिक र कुटनीतिक नियोगहरूलाई लगानी र पर्यटनमा परिणाममुखी परिचालनका लागि प्रतिबद्ध छु। कार्यक्षमता कमजोर भएका राजदूत र नियोग प्रमुखहरू फिर्ता बोलाइनेछन्। सरकारका नीतिले मात्र होइन, सरकारले गर्ने खर्चले अर्थतन्त्रलाई गतिशील बनाउँछ। विगत केही वर्षदेखि नै कमजोर रहेको हाम्रो पूँजीगत खर्च गर्ने क्षमतामा निर्णायक हस्तक्षेप र सुधार गर्न ढिला भइसकेको छ। बजेट निर्माणको परम्परागत तरिकाले न प्राथमिकतापूर्ण योजनाहरूमा बजेट विनियोजन हुन सक्यो, न खर्चको सही आँकलन नै हुन सक्यो। यसको प्रत्यक्ष असर पूँजीगत खर्चमा परी समग्र आर्थिक क्षेत्र नै प्रभावित भइरह्यो। त्यसैले म नीति योजना र बजेट निर्माणको परिपाटी नै परिवर्तन गर्ने तयारीमा छु। सरकारको नीति तथा कार्यक्रम र बजेटलाई परम्परागत धारबाट भिन्न बनाउनैपर्छ। आगामी वर्षको नीति तथा कार्यक्रम र बजेट निर्माणमा जनप्रतिनिधि र आमनागरिकको समेत पर्याप्त सुझाव लिने गरी बजेटका सिद्धान्त र प्राथमिकता फागुनमै पेश गर्ने मेरो तयारी छ। त्यसमा प्राप्त सुझावसमेत समेटी नीति तथा कार्यक्रम र त्यसकै आधारमा बजेटलाई अन्तिम रूप दिने गृहकार्यमा म छु। यसबाट नीति तथा कार्यक्रम र बजेटमा सबैको सहभागिता र अपनत्व स्थापित भई कार्यान्वयन पनि सहज हुने मेरो विश्वास छ।

यो एक वर्षको अवधिमा २ सय ९२ अर्ब ५१ करोड रूपैँया बराबरको लगानी स्वीकृत भएको छ। अघिल्ला वर्षहरूसँग तुलना गरेर यसलाई उत्साहजनक मान्ने पक्षमा म छैन। देशभित्र लगानी प्रवर्द्धन र व्यावसायिक वातावरण सुधार गर्न हामीले धेरै काम गर्न बाँकी छ। आगामी वैशाखमा लगानी सम्मेलन अगाडि नै आवश्यक कानुनी र व्यावहारिक सुधार गर्न मैले सरोकारवाला निकायहरूलाई क्रियाशील बनाइसकेको छु। यसै आर्थिक वर्षभित्र नेपालको क्रेडिट रेटिङ सम्पन्न हुनेछ। उद्योग दर्तालाई सहजीकरण गर्न सञ्चालनमा रहेको एकद्वार प्रणालीलाई एक महिनाभित्र साँच्चिकै एकद्वारको बनाइँदैछ। यसमा संलग्न निकायका कर्मचारी र पदाधिकारीलाई आवश्यक सम्पूर्ण अधिकार प्रत्यायोजन गरिँदैछ। चाहिने अधिकार नदिने निकाय र पदाधिकारीलाई जिम्मेवार बनाइँदै छ। लगानी बोर्डको कार्यालयलाई अधिकार प्रत्यायोजन गरेर समन्वयकर्ताभन्दा कार्यमूलक बनाइँदैछ। लगानी बोर्डको अब बस्ने पहिलो बैठकबाटै कानुनबमोजिम यस्तो अधिकार प्रत्यायोजन गरिँदैछ।



यो वर्ष पर्यटकको संख्या उल्लेखनीय रूपमा बढेको छ, लगभग रेकर्डकै रूपमा। अहिले सुन्दा अपत्यारिलो लाग्ला तर क्षेत्रगत तयारी र यो जनाबाट अर्को वर्ष हामी पर्यटकको संख्या झण्डै दोब्बर बनाउँछौं भन्ने मेरो विश्वास छ। लुम्बिनी वरपरको ८ वर्गकिलोमिटरको ग्रेटर लुम्बिनी परियोजना अगाडि बढ्दैछ। ग्रेटर लुम्बिनी अन्तर्गत र रामग्राम र कपिलवस्तुको गुरुयोजना अगाडि बढिरहेको छ। फरकफरक क्षेत्रका पर्यटकका लागि सरकारले फरकफरक रणनीतिमा काम गरिरहेको छ।

ठूलो खर्च भएका पोखरा र भैरहवा विमानस्थललाई पूर्ण सञ्चालनमा ल्याउन सकिएको छैन। भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलबाट छिमेकी मुलुकका नजिकका विमानस्थलसम्म कम उचाइमा उडान गर्ने साना विमान सञ्चालनको पहल पनि भइरहेको छ। भैरहवा र पोखरा विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान र अवतरण गर्ने विमानहरूलाई इन्धन, टर्मिनल, ग्राउण्ड ह्यान्डलिङ र अन्य सेवा शुल्कमा सहुलियत दिएर प्रोत्साहन गरिँदैछ। निजगढ विमानस्थलको समेत निर्माण सुनिश्चित गरी काठमाडौं, भैरहवा र पोखरा विमानस्थलको विस्तार तथा सञ्चालन पनि सार्वजनिक-निजी साझेदारी मोडेलमा अघि बढाउने विकल्पमा समेत छलफल भएको छ।

सुविधासम्पन्न खेल मैदान बिना नै नेपाली क्रिकेट खेलाडीहरुले विश्वकपको यात्रा तय गरे। विश्वकपको तयारीमा कुनै कसर बाँकी राखिने छैन। यो सफलतासँगै अब देशमा खेल पर्यटनको ठूलो आधार तयार भएको छ। त्यसका लागि हामीले पूर्वाधारमा ध्यान केन्द्रित गरेका छौं। कीर्तिपुर रंगशालालाई पिपिपी मोडलमा विस्तार गरिँदैछ भने मूलपानी, विराटनगर र कैलालीको फाप्ला क्रिकेट रङ्गशालालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा निर्माण गरिँदैछ। चितवनको गौतम बुद्ध क्रिकेट रंगशालालाई पनि राष्ट्रिय गौरवकै आयोजनाको रूपमा तीन तहकै सरकारको समन्वयमा बन्दै छ। सरकारले देशको गौरव बढाउने युवा क्रिकेट खेलाडी, प्रशिक्षक र व्यवस्थापन टीमलाई सम्मानसहित पुरस्कृत पनि गरेको छ। दक्षिण एशियाली र एशियाली खेलकूद प्रतियोगितामा पदक प्राप्त गर्ने २ सय ५२ खेलाडीलाई मासिक भत्ता पनि उपलब्ध गराएको छ। यी प्रोत्साहनसँगै सरकारको ध्यान पूर्वाधार-निर्माणमै केन्द्रित छ। ग्रासरुटबाटै खेलाडी, खेलकुद र खेल पूर्वाधारको विकास गरी खेल-पर्यटनको ठूलो सम्भावना हासिल गर्न सरकारले कुनै कसर छाड्ने छैन।

म अब दलहरू, नागरिक समाज र राज्यका सबै निकायलाई समेत क्रमभंगताको अपील गर्दछु। अब शीर्ष बैठकहरू सत्ताको वितरण गर्न होइन, विश्वविद्यालयहरू सुधार्न, परराष्ट्र नीतिमा राष्ट्रको एउटै धारणा बनाउन, रोजगारी सिर्जना गर्न र लगानीका लागि राष्ट्रको छवि सुधार्न बस्नेछन्। मैले त्रिभुवन विश्वविद्यालयको दीक्षान्त समारोहमा घोषणा गरिसकेको छु, अब विश्वविद्यालयहरूमा राजनीतिक भागवण्डा हुनेछैन। संसारको कुनै पनि कुनामा रहेका योग्य नेपालीले विश्वविद्यालय सुधारको प्रष्ट र इमान्दार खाकासहित उपकुलपतिमा दावी गर्न सक्नेछन्। अब मेरिटोक्रेसी सुरु हुनेछ र त्रिभुवन विश्वविद्यालय त्यसको प्रस्थानबिन्दु बन्नेछ। नेपालका विश्वविद्यालयहरू रित्तिँदै जाने, युवा जनशक्तिसँगै पूँजी पनि पलायन हुने डर लाग्दो अवस्था अन्त्य गर्न तथा शिक्षामा गुणस्तरीय र प्रतिस्पर्धी जनशक्ति देशभित्रै उत्पादन गर्न बहुआयामिक कदम चालिँदैछ।

विद्यालय शिक्षालाई प्रभावकारी बनाउन अति जरूरी, तर सात वर्षदेखि कसैले हिम्मत नगरेको शिक्षा विधेयक मैले संसदमा पेश गरेँ। त्यसका कमीकमजोरी सच्याई छिटै पारित गर्न म प्रतिबद्ध छु। विद्यालयलाई राजनीतिक क्रीडास्थल बनाउनु हुँदैन भन्ने मेरो निष्कर्ष छ। यसमा म आम शिक्षक, राजनीतिक दल र अन्य सरोकारवालाको साथ चाहन्छु। भर्नाअगावै सबै विद्यार्थीको हातमा पाठ्यपुस्तक पुर्याउन सफल भएसँगै अब यसै शैक्षिक वर्षभित्र शिक्षक विद्यार्थी अनुपातमा सुधार गरिँदैछ। सात प्रदेशमा सुविधायुक्त स्टुडियो निर्माण गरी दुर्गम र दक्ष शिक्षकको अभाव भएका स्थानीय तहहरूमा रहेका विद्यालयहरूमा आगामी शैक्षिक वर्षदेखि नै सूचना प्रविधिको माध्यमबाट विज्ञान, गणित र अंगेजी विषयको पठनपाठन सुरु गरिँदैछ।

चिकित्सा शिक्षालाई सस्तो र आम जनताको पहुँचमा पुर्याउन तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सरकारी अस्पतालहरूमा नर्सिङ, प्यारामेडिक्स लगायतका शैक्षिक कार्यक्रम सञ्चालनको गृहकार्य भइसकेको छ। सहीद धर्मभक्त राष्ट्रिय मानव अङ्ग प्रत्यारोपण केन्द्रलाई ५ सय शय्याको अत्याधुनिक अस्पतालका रूपमा विकास गर्न सरकारले प्रक्रिया अघि बढाइसकेको छ। प्रादेशिक प्रयोगशालासँगै सरकारी अस्पतालका प्रयोगशालाहरूको शुल्कमा एकरूपता कायम गरिँदैछ। ज्येष्ठ नागरिकका लागि विशेष स्वास्थ्य सेवा सुनिश्चित गर्न ९४ अस्पतालमा जेरियाट्रिक वार्ड स्थापना गरिएका छन्।

२०७४ सालमा म प्रधानमन्त्री हुँदा राष्ट्रिय स्वास्थ्य बिमा ऐन ल्याइएको हो, तर बिमा कार्यक्रम त्यसको भावना र व्यवस्थाअनुसार अघि बढेन। अब यसलाई सुधार्दै मैले कार्यकालमा बनेको ऐन बमोजिम नागरिकको स्वास्थ्यमा पहुँचको संवैधानिक हकको ग्यारेन्टी गर्ने काम उच्च प्राथमिकतामा हुनेछ। स्वास्थ्य बिमा ऐन बमोजिम बिमाको प्रभावकारी कार्यान्वयनका लागि नीतिगत र प्रक्रियागत सुधार, बोर्डको क्षमता अभिवृद्धि, बलियो अनुगमन र मूल्यांकन संयन्त्र, बिमाको दायरामा वृद्धि र सबैको आबद्धता, उपचारका लागि अस्पताल लगायतका संरचना र सेवाको गुणस्तरमा व्यापक सुधार र जनशक्ति व्यवस्थापनका लागि सरकार तदारूकताका साथ लागिरहेको छ। बिमाको हालको रकमको दायरा बढाइनेछ र आधारभूतबाहेक हाल सञ्चालित सबै निःशुल्क कार्यक्रमहरूलाई समेत एकीकृत रूपमा स्वास्थ्य बिमामा आवद्ध गरिनेछ। स्वास्थ्य बिमालाई केन्द्रमा राखी एकीकृत स्वास्थ्य पूर्वाधार विकास मापदण्ड अनुसार स्वास्थ्य प्रणालीको विकासमा जोड दिइनेछ।

मैले संसदमा सुरुकै दिन गरेको संकल्प थियो, सुशासन। देशमा एउटा "भिआइपी कल्चर" स्थापित भइरहेको थियो। हाइ प्रोफाइलहरूलाई कानुनले छुनै सक्दैन भन्ने आममनोविज्ञान बनिरहेको थियो। सरकारले नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास प्रकरण, त्रिभुवन विमानस्थलबाट सुनको अवैध आयात लगायतका काण्डमा इतिहासकै सबैभन्दा ठूलो अनुसन्धान र कारवाही गरेपछि जनतामा लोकतन्त्रप्रति भरोसा बढेको छ। कहिल्यै कानुनले नछुने ठानिएका उच्चपदस्थहरू कानुनको नियन्त्रणमा आए। देशमा पहुँच होइन, विधिको शासन छ भन्ने मान्यता स्थापित गर्न सरकारले कतै कुनै लापरवाही गरेन। यसबाट कानुनको सर्वोच्चतामात्र होइन, लोकतन्त्रकै सर्वोच्चता पनि स्थापित भएको छ। यसलाई मैले लोकतन्त्रको सर्भिसिङ र शुद्धीकरण भनेको छु। यो क्रम निरन्तर जारी रहनेछ। मिटरब्याजी र सहकारीका ठगहरू पनि राज्यको नियन्त्रणमा आइरहेका छन्। वर्षौदेखिको विकृति र बेथितिको चक्र भत्काउन सरकार उत्तिकै प्रतिवद्ध छ। एनसेलको शेयर बिक्रीबारे जानकारी पाएलगत्तै अत्यन्तै संवेदनशीलताका साथ यो विषयलाई लिँदै छानविन तथा अध्ययन समितिमार्फत राष्ट्रिय हितको संरक्षण गर्न सरकार प्रतिबद्ध छ। समितिले छानविन तथा अध्ययनको काम अघि बढाइरहेको कुरा यहाँहरूलाई अवगत नै छ।

यसबीचमा किसानहरूलाई समयमै ४ लाख १ हजार मेट्रिक टन रासायनिक मल सुनिश्चित भएको छ। सतह र भूमिगत सिंचाइ आयोजनाहरूबाट थप २१ हजार १ सय ६९ हेक्टरमा सिँचाइ सुविधा पुर्याइएको छ। यस अवधिमा २ सय ९६ डिप ट्युबेल र ३ हजार २ सय ४४ स्यालो ट्युबेल सिँचाइ प्रणालीको निर्माण भएको छ। कृषिमा राज्यको लगानी घटेको छैन तर उत्पादकत्व बढेको छैन। सहुलियत दरमा कृषि ऋण वास्तविक किसानसम्म पुर्याई कृषि क्षेत्रमा उपलब्ध गराइएका अनुदानहरूलाई यसै आर्थिक वर्षभित्र एकीकृत गरी आगामी वर्षदेखि किसानको सूचीकरणका आधारमा अनुदान तथा मल वितरण गर्ने सुरु गरिँदैछ। प्रमुख खाद्यान्न तथा तरकारीमा 'उत्पादनमा आधारित अनुदान प्रणाली' लागू गरिँदैछ। दूध किसानहरूको बाँकी बक्यौता २०८० चैतभित्र भुक्तानी हुँदैछ। तर, यी सुधारले मात्रै कृषि क्षेत्रले फड्को मारिहाल्ने अवस्थामा हामी छैनौं।

कृषिमा अब परम्परागत ढंगले सोचेर पुग्ने अवस्था छैन। खाद्यान्न प्रणाली तथा कृषि क्षेत्रको रूपान्तरणको लागि कृषि क्षेत्रमा सरकारी, निजी, बिकास साझेदार र सहकारी क्षेत्रको लगानी बढाउन कृषि क्षेत्रमा लगानी दशक (वि.सं. २०८१-२०९१) नै घोषणा गरी अगाडि बढ्ने सरकारको तयारी छ। आगामी असार मसान्तसम्म ३० वटा प्रयोगशालासहितको एकीकृत कृषि तथा पशुसेवा केन्द्रको निर्माण सम्पन्न हुँदैछ। कृषि उपजको बढ्दो आयात, जलवायु परिवर्तन लगायतका कारणले कृषि क्षेत्रमा परेको चाप कम गर्न र प्रमुख कृषि उपजमा आत्मनिर्भरता हासिल गर्न ठूला सिंचाइ आयोजनाको कमाण्ड क्षेत्रमा मल, विउको सुनिश्चितता एवं संरचनागत सुधारसहित १७ हजार हेक्टरमा चैते धान खेती प्रवर्द्धन गर्ने सरकारको तयारी छ। कृषि उत्पादनको प्रमुख आधार सिंचाइको विस्तार गर्ने समग्र तराई क्षेत्र सिञ्चित हुने गरी नहर प्रणाली विकास गर्ने कार्य प्रारम्भ हुँदैछ।

सरकारी कार्यालयहरूबाट हुने सेवा वितरणलाई सूचना प्रविधिमा आधारित बनाइँदैछ। मेरो पहिलो कार्यकालमा रणनीतिक महत्त्वको रूपमा सुरु गरेको मध्यपहाडी लोकमार्गलाई सूचना महामार्गको रूपमा विकास गरिँदैछ। यसे क्रममा कोसी प्रदेशका सबै जिल्लामा अप्टिकल फाइबर बिछ्याउने काम सम्पन्न भएको छ। चैतभित्र सबै केन्द्रीयस्तरका सरकारी कार्यालयहरूमा सूचना प्रविधिमा आधारित एकीकृत कार्यालय व्यवस्थापन प्रणाली लागू हुँदै छ। प्रशासनलगायत समग्र शासकीय पक्षमा सुधार गर्न प्रधानमन्त्रीकै अध्यक्षतामा तत्कालै शासकीय सुधार आयोग गठन गरिँदै छ। यस्ता आयोगहरूका अन्तिम प्रतिवेदन प्राप्त भएपछि मात्र कार्यान्वयनमा लैजाने परम्पराको अन्त्य गरी यसपटक समयबद्ध सुझाव तत्कालै कार्यान्वयनमा लैजाने र परिणाम दिने सरकारको तयारी छ। निजामती सेवा कानुन र सार्वजनिक खरिद कानुन संसदको आगामी हिउँदे अधिवेशनबाट पारित गरी कार्यान्वयनमा लगिँदैछ। भूमि ऐन र वन ऐनमा रहेको विरोधाभाष हटाई तिनलाई विकासमैत्री बनाइँदैछ। संसदमा विचाराधीन विधेयकहरू आगामी हिउँदे अधिवेशनमा पारित गर्न सबै राजनीतिक दलसँग सहकार्य र समन्वय भइरहेको छ। नेपालको शान्तिप्रक्रिया संसारकै लागि अनुपम र उदाहरणीय छ। अन्तर्राष्ट्रिय मञ्चमा त्यो स्वीकारोक्ति देखिन्छ पनि। तर, त्यो प्रक्रियाका केही काम टुङ्ग्याउन बाँकी छ। अब आमसहमतिमै शान्तिप्रक्रियाका बाँकी काम सक्न म कृतसंकल्पित छु। नेपालको संविधान, सर्वोच्च अदालतको फैसला, बृहत शान्ति सम्झौता, मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मूल्य मान्यता तथा पीडितको सरोकारलाई केन्द्रमा राखी बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक प्रतिनिधि सभाको कानून, न्याय तथा मानव अधिकार समितिमा छलफलको क्रममा छ। यसलाई सार्वभौम संसदबाट आमसहमतिमैं अगाडि बढाउन सकिन्छ भन्ने विश्वास छ। यसबीचमा जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन तथा विभिन्न आन्दोलनका घाइते तथा अपाङ्गहरूलाई सम्मानपत्रका साथै निःशुल्क उपचार, रोजगारी र जीविकोपार्जनको व्यवस्था गर्न आवश्यक प्रक्रिया अघि बढाइएको छ। साथै, जनआन्दोलन र जनयुद्धका क्रममा जीवन उत्सर्ग गर्ने ८४७१ जना शहिदहरूको नामावली नेपाल राजपत्रमा प्रकाशन गरेर सम्मान प्रदान गरिएको छ। शारीरिक क्षमता भिन्न भएर पनि समाजका हरेक क्षेत्रमा योगदान पुर्याइरहेका अपाङ्ग समुदायले भोगिरहेको पीडाप्रति म सचेत छु। वहाँहरूको संवेदनशीलतालाई सरकारले विशेष कार्यक्रममार्फत् सम्बोधन गनेछ। मैले प्रधानमन्त्रीको हैसियतमा गरेका विदेश भ्रमणहरूमा नेपालको प्राथमिकता, चासो र आपसी सहकार्यका विषय प्रष्ट राखेको छु। भारत र चीनसँग सुदृढ र सन्तुलित सम्बन्ध कायम भएको छ। नेपालको विकास प्रयासमा यी छिमेकी मुलुकहरूको सहयोग र समर्थनमा वृद्धि भएको छ। इटालीको रोममा भएको विश्व खाद्य सम्मेलनमा नेपालले खाद्य सुरक्षा र अल्पविकसित मुलुकहरूको समस्या समाधानमा राखेको प्रस्तुतिले संसारको ध्यान तानेको छ। संयुक्त राष्ट्रसङ्घको महासभा र त्यसका अन्य बैठकहरूमा नेपालले राखेका विषयवस्तुले अन्तर्राष्ट्रिय ध्यानाकर्षण पाएका छन्। मेरो निमन्त्रणामा भएको संयुक्त राष्ट्र संघका महासचिवको नेपाल भ्रमण र अघिल्लो महिना दुबईमा भएको जलवायु परिवर्तनसम्बन्धी सम्मेलन 'कोप-२८' मा नेपालको प्रस्तुति फरक र प्रभावकारी रह्यो। यस्तो सम्मेलनमा पहिलोपटक छुट्टै साइडलाइन बैठक आयोजना गरी नेपालले सन्देश दियो, अब जलवायु संकटबाट प्रभावित पर्वतीय मुलुकहरूको आवाजलाई नेपालले नेतृत्व गर्नेछ र 'कोप-२८' का उपलब्धिको रक्षा र विकास गर्नेछ। जलवायु न्याय र समानताको अवधारणालाई नेपालले अझ प्रभावकारी रूपमा प्रवर्द्धन गर्ने समय आएको छ। जलवायु संकटको मुख्य कारक रहेको कार्बन उत्सर्जन घटाउन र जलवायु वित्त परिचालन गर्ने दायित्व पूरा गर्न विश्व समुदायलाई हामी घच्घच्याइरहने छौं। अन्तरमन्त्रालय संयन्त्र र विज्ञसम्मिलित अन्तर्राष्ट्रिय वार्ता टोली बनाई त्यसलाई पूर्ण म्यान्डेटसहित संयुक्त राष्ट्र संघलगायतमा बहुपक्षीय वार्ताहरूमा नेपालका प्राथमिकता प्रस्तुत गर्न र अवसर जुटाउन परिचालन गरिँदैछ। यसका साथै, कार्बन व्यापारमा पहुँच र जलवायु परिवर्तन सम्बन्धी हरित जलवायु कोष, हानी र नोक्सानी कोष लगायतमा नेपालको पहुँच बढाउन र छिटो सहयोग प्राप्त गर्न नियमित लबिङ गर्दै देशमा आवश्यक संस्थागत संयन्त्रलाई सुदृढ गरिँदैछ। इजरायलमा हमासको आक्रमणपछि जति तेज गतिमा नेपाली नागरिकको सकुशल उद्धार गरियो, त्यो आफैंमा एउटा उदाहरण हो भन्नेमा कसैको विमति नहोला। जसरी सुडानबाट ३१ जना नेपालीको उद्धार गरियो, त्यसै गरी रुस-युक्रेन युद्धमा फसेका नेपालीहरूको शीघ्र उद्धारका लागि म निरन्तर कुटनीतिक संवादमा छु।

मेलम्चीको पानी काठमाडौंवासीले उपयोग गर्ने सपना अधुरो रहेको बुझिरहेको छु। मैले मेलम्चीको समस्याका बारेमा सबैसँग छलफल पनि गरेँ। मेलम्चीको पानी काठमाडौं आउँदैन भन्ने भाष्यलाई गलत साबित गर्नु छ। १७ करोड लिटर पानी एक महिनाभित्र सुन्दरीजलमा पुर्याउने लक्ष्यसहित २८ दिनको कम्प्याक्ट योजनासहित अहिले म काम गरिरहेको छु। मेलम्चीको दोस्रो चरण आयोजनाबारे पनि संवाद जारी छ यति मात्रै होइन खानेपानी सम्बन्धी काम गर्ने निकायको संरचनागत सुधार गर्नेतर्फ प्राथमिकता रहनेछ।

युगौंदेखि जातीय छुवाछूत र आत्मसम्मानको पीडा खेपेर बाँचिरहेका दलित समुदायको अवस्था लोकतन्त्र स्थापना भएपछि पनि अपेक्षित सुधार हुन सकेको छैन। दलित समुदायलाई इतिहासदेखि नै हुँदै आएको विभेदको परिपूरण गर्न, क्षतिपूर्ति दिन, विशेषाधिकार दिन राज्यले कन्जुस्याइँ गर्नु हुँदैन। सामाजिक न्यायको प्रत्याभूति गर्नु संविधानको प्रस्तावनाको मर्मको पहिलो शर्त हो। त्यसैले दलित समुदायको ऐतिहासिक ज्ञान र सीपलाई आधुनिक शील्पशालाहरूमार्फत संस्थागत र विकास गर्ने, दलित समुदायलाई अरूसरह योग्य बनाउन विशेष कार्यक्रमहरू सञ्चालन गर्ने र हालका संरचनाहरूलाई समेत पुनःसंरचना गरी दलित विकास प्राधिकरणसम्म पुर्याउनेमा म सकारात्मक छु।

नेपालमैं जन्मेर, बुवाआमा नेपाली भएर पनि पहिचानको पीडा भेल्दै बाँचिरहेका लाखौं नेपाली नागरिकलाई नेपाली नागरिक हुनुको गौरव नागरिकता ऐन जारी भएसँगै प्राप्त भएको छ। योसँगै गैरआवासीय नेपालीहरूको आफ्नो पुर्खासँग साइनो जीवित राख्न गैरआवासीय नागरिकता वितरणको प्रक्रिया पनि सुरु भएको छ। विदेशमा रहेका नेपालीहरूले मतदान गर्न पाउने तयारी सरकारले अगाडि बढाएको छ।

नागरिक जहाँ जहाँ राज्यसँग ठोकिन्छन्, ती सबै बिन्दुमा शासकीय सुधार मेरो प्रतिवद्धता हो। स्थानीय तहसमेतको सहयोगमा माघ मसान्तभित्र जनघनत्वका आधारमा जिल्ला प्रशासन कार्यालयहरूमा थप जनशक्तिको व्यवस्था गरी राष्ट्रिय परिचयपत्र र राहदानी प्राप्त गर्ने समयावधि छोट्याइनेछ। राहदानी छपाई कार्यलाई प्रतिस्पर्धाका आधारमा अघि बढाइनेछ। यसैगरी अनलाइनबाटै राहदानी नवीकरणको प्रक्रिया अघि बढाउने तयारी भइरहेको छ। वैदेशिक रोजगारीलाई मर्यादित र सुरक्षित बनाउने दिशामा सरकार गठनसँगै केही महत्वपूर्ण निर्णय गरिएको यहाँहरूलाई थाहै छ। यसबीचमा श्रम स्वीकृति र पुनःश्रम स्वीकृति कार्यलाई पूर्णरूपमा अनलाइन गरियो। २ वर्षे सीमालाई परिमार्जन गरी करार अवधि बमोजिम नै श्रम स्वीकृति दिने व्यवस्था भयो। विदेशस्थित नियोगबाटै पुनःश्रम स्वीकृति प्रदान गर्ने व्यवस्थादेखि टेलिमेडिसिन सेवासम्म उपलब्ध गराइयो। वैदेशिक रोजगारीका क्रममा हुने ठगी नियन्त्रण एवं राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन मार्सल टिम, शीघ्र प्रत्युत्तर टोली, चौबीसै घण्टा गुनासो सुन्नेगरी श्रम कल सेन्टर सञ्चालनमा ल्याइयो। यसले वैदेशिक रोजगारमा जाने नागरिकलाई अलिकति सजिलो पक्कै बनायो। तर, हामीले प्रक्रियागत गाँठा फुकाएर मात्र खुसी हुने अवस्था छैन। विप्रेषणको सदुपयोग र फर्केपछि सीपको सदुपयोगसहितको गुणस्तरीय जीवनका लागि धेरै काम गर्न बाँकी छ, जुन अब मेरो प्राथमिकतामा छ।

देशभित्र श्रमिकहरूको न्यूनतम ज्याला वृद्धि गरी रु. १७ हजार ३ सय ५० पुर्याइएको छ। वैदेशिक रोजगारमा गएका, विदेशमा स्वरोजगारमा रहेका, स्वदेशभित्र अनौपचारिक क्षेत्र र स्वरोजगारमा रहेका समेत गरी ९ लाख ५० हजार व्यक्ति योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा समाहित भएका छन्। वैदेशिक रोजगारीमा जानेलाई बैंकसँग जोडन नसक्दा मिटरब्याज र चक्रो ब्याजको शिकार हुनुपरेको छ। त्यसैले वैदेशिक रोजगारीको प्रक्रियालाई पूर्ण अनलाइन गरी बैंकिङ प्रणालीसँग जोडिँदैछ।

यसै वर्षको चैतभित्र सरकारी कार्यालय, संस्थान र प्रतिष्ठानहरूमा कार्यरत करार र ज्यालादारी कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिँदैछ। कम्पनी रजिष्ट्रारको कार्यालयलाई पूर्ण स्वचालित प्रणालीमा लगिँदैछ। यसै आर्थिक वर्षभित्र कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग र वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका सूचना प्रणालीलाई एक आपसमा आबद्ध गरी उद्योग व्यवसाय दर्ता र नवीकरणका लागि पटकपटक एउटै कागजात विभिन्न निकायमा बुझाउनुपर्ने झण्झटिलो व्यवस्था हटाइँदैछ।

लामो समयदेखि बन्द रहेको तातोपानी-खासा, रसुवा-केरूङ्ग, हिल्सा-पुराङ्ग र मुस्ताङको कोरला नाका द्विपक्षीय व्यापारका लागि खुला भएका छन्। त्रिदेशीय कनेक्टीभिटीको विषय मैले दोस्रोपटक प्रधानमन्त्री हुँदा नै उठाएर चीन र भारत जोड्ने सडक करिडोरको घोषणा गरेको थिएँ। अहिले महाकाली करिडोरको काम द्रूत गतिमा अघि बढेको छ। ताक्लाकोट जोड्ने दीपायल खुटिया सडकका लागि बजेट सुनिश्चित भएको छ। दोधारा-चाँदनी सुक्खा बन्दरगाह निर्माणका लागि भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण गर्ने गरी समझदारीपत्रमा हस्ताक्षर भई संरचना निर्माणको कार्य प्रारम्भ भएको छ। नेपालगञ्जस्थित एकीकृत जाँच चौकी सञ्चालनमा आएको र विराटनगरस्थित एकीकृत जाँच चौकी आइसीपीमा रेलवे कार्गोको सुरुवात भएको छ।

जाजरकोट-भूकम्पपछि खोज र उद्धारमा सरकारले लिएको तदारुकताले पनि राज्यप्रति जनताको भरोसा बढाएको छ। भूकम्पका कारण आवास क्षति भई बसोबास गर्न योग्य नरहेका घरपरिवारलाई अस्थायी आवास निर्माणका लागि प्रतिपरिवार रु. ५० हजार दिने निर्णय गरि २ अर्ब २६ करोड निकासा गरियो। साथै, चालु आर्थिक वर्षका लागि संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमका लागि विनियोजना गरिएको रकम रु. आठ अर्ब २५ करोड हाललाई भूकम्पपछिको पुनर्निर्माण तथा पुनर्स्थापनामा खर्च गर्ने र थप रु. १ अर्ब ७५ करोड समेत सो कोषमा थप गरी रु. १० अर्ब विपद व्यवस्थापनका लागि गराइँदैछ। अब एक महिनाभित्र अस्थायी पुनर्निर्माणको काम सम्पन्न गरिसकिनेछ। सङ्घीय र प्रादेशिक तहमा गरी देशभर कुल ३५२३ जनरल शय्या गरिब तथा विपन्न नागरिकको लागि निःशुल्क उपलब्ध गराइएको छ। सरकारले प्रदान गर्दै आएका अत्यावश्यक औषधीहरूलाई राज्यका तर्फबाट नै उत्पादन गरी औषधीमा आत्मनिर्भर बन्न नेपाल औषधी लिमिटेडमार्फत पहिलो चरणमा २० प्रकारका औषधी उत्पादनका लागि पूर्वतयारी गरिएको छ।

हेलो सरकारको कार्यकक्ष व्यवस्थित र प्रविधिसम्पन्न बनाई गुनासो सुनुवाई कार्य चौबीसै घण्टा सुरु गरिएको छ। मीटरब्याज, लघुवित्त र सहकारी पीडितहरूलाई न्यायका लागि सरकारले सक्रियता लिएको छ। सरकारले लाखौं भूमिहीन, सुकुम्बासी, अव्यवस्थित बसोबासी र स्वबासीहरूको समस्या समाधान गर्न एकसाथ जग्गाधनी प्रमाणपत्र दिने तयारीमा छ। हालसम्म करिब १० लाख भूमिहीनको लगत संकलन भइसकेको छ। जग्गा वितरणका लागि ४१ हजार हेक्टर जग्गा वितरणको लागि नाप नक्साङ्कन गरिएको छ। साथै, कानुनी जटिलता फुकाउन वन ऐन र भूमि ऐन संशोधन तथा राजस्वमा ५० प्रतिशत छूटको निर्णय तत्काल गरिँदैछ। हरेक वर्ष राष्ट्रिय पर्वकै जस्तो पुरानै समयमा पुरानै माग लिएर उखु किसानले आन्दोलन गर्नुपर्ने बिडम्बनापूर्ण अवस्थाको अब अन्त्य भएको छ। उखु उत्पादक कृषकहरूलाई प्रतिक्विन्टल रु. ७० अनुदान पाउने गरी उखुको खरिद मूल्य रु. ६३५ प्रतिक्विन्टल तोकिएको छ। उखु उत्पादक किसानहरूको बक्यौता अनुदान रकम रु. १ अर्ब ३२ करोड अनुदान वितरणको व्यवस्था मिलाइएको छ।

सूचना प्रविधि क्षेत्रमा आफ्नै तत्परतामा हजारौं युवाहरूले झन्डै सत्तरी अर्ब यसै वर्षमात्र देशमा ल्याएका छन्। अब म उनीहरूसँग नियमित संवादमा बस्छु, उनीहरूलाई अवरोध पुगेका सबै गाँठा फुकाउँछु र परिणाममुखी संयन्त्र बनाउँछु। देश किन सोचेजति अघि गएन भने हामीले उद्यमशीलताको विकास गर्न सकेनौं भन्ने समीक्षा गरी अब म उद्यमशीलताको माध्यमबाट आर्थिक उन्नति र रोजगारीको घोषणा गर्दछु। सबै किसिमका नीति, कानुन र स्रोतलाई उद्यमशीलताको दिशामा उन्मुख गराउन तत्काल एकीकृत रणनीति बनाइँदैछ। गैरसरकारी क्षेत्रका स्रोतलाई एउटै बास्केटमा राखेर परिचालन गर्ने रणनीति बन्दैछ भने सबै किसिमका स्रोतलाई 'च्यालेन्ज फन्ड' मा राखेर परिचालन गरिँदैछ। यस आर्थिक वर्षभित्र उद्योग मन्त्रालयबाट योग्यता पुगेका स्टार्ट अपलाई ५ वर्षको लागि २ प्रतिशत ब्याजदरमा ५० लाखसम्म ऋण दिने व्यवस्था मिलाइँदैछ। नागरिकमा उद्यमशील सोच जगाउन विद्यालयदेखि विश्वविद्यालयसम्म समुदायका यथार्थ र सम्भावनासँग जोडिएको प्रविधिउन्मुख पाठ्यक्रम पनि तयार गरिँदैछ।

**आदरणीय आमाबुवा, दिदीबहिनी र दाजुभाइहरू,**

लोकतन्त्र बलियो नभई विकासले गति लिन सक्दैन, जनतामा त्यसको लाभको समान वितरण पनि हुन सक्दैन। अहिले एकथरीले व्यवस्थाप्रति वितृष्णा जगाउन गलत र भ्रामक प्रचारको सहारा लिएका छन्। अहिलेभन्दा हिजो एकात्मक शासन राम्रो थियो भन्ने तिनको भाष्य बिलकुल गलत छ। संघीयताले जनप्रतिनिधि बढे, खर्च बढ्यो भन्ने भाष्य बनाउन खोजिएको छ। तर सत्य के हो भने एकात्मक राज्य व्यवस्थामा कूल एक लाख पचपन्न हजार ८ सय ६२ जनप्रतिनिधि थिए भने अहिले जम्मा अठ्ठाइस हजार ४ सय त्रिपन्न जनप्रतिनिधि छन्। हिजो एउटा गाविसमा ४७ जना जनप्रतिनिधि थिए, ती अहिले सामन्यतः वडामा रूपान्तरण भएका छन् र जम्मा पाँच जना जनप्रतिनिधि छन्। तर तिनले गरेका कार्यहरूले जनतालाई कति धेरै छुन्छ भन्ने उदाहरण त गत कार्तिकको जाजरकोट भूकम्पपछि बिहान ३ बजेदेखि नै भूकम्पपीडितको खोज, उद्धार र राहतमा खटेका जनप्रतिनिधिको सक्रियताले देखाउँदैन र ?

हिजो दलित, आदिवासी-जनजाति, मधेसी, थारु, मुस्लिमको राज्यका निकायमा प्रतिनिधित्व प्रतीकात्मक र दयापूर्ण थियो, आज सुनिश्चित र अधिकारपूर्ण छ। हिजो महिला अधिकार र प्रतिनिधित्व राज्यको एजेण्डामै थिएन, आज संविधानले नै केन्द्र र प्रदेशमा ३३ प्रतिशत अनि स्थानीय तहमा ४० प्रतिशत सुनिश्चित गरेको छ। हिजो न्याय माग्न पनि डराउनुपर्ने सीमान्त वर्ग र वर्ण आज आफैं न्याय दिने ठाउँमा पुगेका छन्। सामाजिक न्यायका दृष्टिले के यो ठूलो परिवर्तन होइन ? ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिले अहिले पाइरहेको भत्ता सामाजिक सुरक्षाका हिसाबले ठूलो उपलब्धि होइन ? प्रतिव्यक्ति आय, विदेशी मुद्रा सञ्चिति, विद्युत् उत्पादन, सडकको पहुँच, साक्षरता, औसत आयु, खानेपानी र सरसफाइमा हिजो अवस्था के थियो र आज के छ ? हामी आफैंले भोगेर आएको त्यो स्थिति र अहिलेको परिस्थिति के छ ? म केवल यत्ति सोध्न चाहन्छु लोकतन्त्रले जगाएको सामाजिक चेतना र रूपान्तरण लोकतन्त्रकै विरुद्ध प्रयोग गर्ने धृष्टता देशका लागि घातक छैन र ? म प्रदेशलाई बलियो बनाएर लैजानुपर्छ भन्ने पक्षमा दृढ छु। पछिल्लो समय प्रदेश मुख्यमन्त्रीहरूको असन्तोष मैले सुनेको छु र बुझेको पनि छु। म आज यही सम्बोधनबाट उहाँहरूलाई विश्वास दिलाउँछु संघीयताका सबै गाँठा निकै छिटो फुकाइँदैछन्। राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठक मैले नै डाकेको हुँ। सङ्घ, प्रदेश र स्थानीय तहको कार्यसम्पादनमा देखिएको दोहोरोपन र अस्पष्टता हटाउन कार्यविस्तृतीकरण प्रतिवेदन परिमार्जन गरिँदैछ। राष्ट्रिय सभाको सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका सिफारिसहरू पनि कार्यान्वयनको चरणमा छन्। पूर्वाधार विकासमा थप गति दिन संविधानबमोजिम तीन तहका सरकारबीचको कार्यक्षेत्रमा स्पष्टता ल्याई पूर्वाधार विकासका कार्यक्रममा रहेको दोहोरो-तेहेरोपन हटाइँदैछ। सरकारका तीनै तहबीच प्रशासनिक समन्वय र सहकार्यका लागि नेपाल सरकारका मुख्यसचिवको संयोजकत्वमा प्रदेशका प्रमुख सचिवहरू सम्मिलित प्रशासनिक समन्वय परिषद्को बैठक बसेर आवश्यक काम गरिरहेको छ। संघीयतालाई वास्तविक रूपमा नै कार्यान्वयन गर्न म प्रतिबद्ध र दृढ छु। यसका लागि जरूरी कानुन तुरुन्त ल्याउन म तयार छु।

म आज जनतालाई साक्षी राखेर माननीय मन्त्रीहरूलाई पनि भन्न चाहन्छु, हामीलाई असफल हुने छूट छैन। कार्यसम्पादन कमजोर भएको अवस्थामा म कसैलाई माफ गर्नसक्ने अवस्था र मनस्थितिमा छैन। हामी सबै आ-आफ्नो भूमिकामाथि न्याय गर्नैपर्ने नैतिक दबाबमा छौं। कार्यक्षमता प्रमाणित गर्न सकेनौं भने कसैले पनि अब ठाउँ ओगटिरहनु हुँदैन, छाडिदिनुपर्छ। यो मैले अरूलाई दिएको उपदेशमात्र होइन, आफैँसँग गरेको वाचा पनि हो। देशमा सकारात्मक परिवर्तन र आशा जगाउन नसके मैले पनि पद ओगटिरहन जरूरी छैन।

अन्त्यमा, म मलाई विश्वासको मत दिने र निरन्तर साथ दिने सबै माननीयहरू, सिंगो संसद र राजनीतिक दलहरूप्रति आभार प्रकट गर्दछु। गठबन्धन सरकार भन्ने बित्तिकै ठूलो तानातानी, अस्थिरता र अराजकताको चित्र आउँछ तर म गठबन्धनका सबै घटक र नेतृत्वप्रति आभारी छु किनकि अहिले न स्थायित्वमा कुनै प्रश्न छ, न सरकारमा कुनै तानातानी। यो एक वर्षको साथका लागि सरकारका सबै मन्त्री, कर्मचारी प्रशासन, नागरिक समाज, सञ्चारजगत र जनसमुदायमा म कृतज्ञता ज्ञापन गर्दछु। शान्ति प्रक्रियाका बाँकी काम टुङ्ग्याउन संविधान कार्यान्वयनसँग जोडिएका महत्त्वपूर्ण विषय कार्यान्वयन गर्न तथा राष्ट्रिय महत्त्वका अन्य विषयहरूमा सहकार्यका लागि प्रमुख प्रतिपक्ष लगायत अन्य राजनीतिक दलसँग संवाद र समझदारीका लागि म निरन्तर प्रयत्नशील रहनेछु।

आजसम्मका सबै ऊर्जा र अनुभव खन्याएर म एकपटक राष्ट्रनिर्माणमा निर्णायक रूपमा होमिन तत्पर र प्रतिबद्ध छु। त्यसमा म समस्त देशबासीको साथ र सहयोग चाहन्छु। हामी मिलेर यो देश बनाउन सक्छौँ र बनाउँछौँ। यो प्राचीन देशले आफ्नो इतिहासको नयाँ र शानदार अध्याय लेख्नै बाँकी छ, जुन हामी मिलेर लेख्नेछौं। **धन्यवाद !**

# श्रीलङ्काले ३० जना अपराधीलाई पक्राउ गरी स्वदेश फिर्ता गर्ने



सिन्ह्वा

कोलम्बो । श्रीलङ्काले विदेशमा कार्यरत ३० श्रीलङ्काली अपराधीलाई पक्राउ गरी स्वदेश फिर्ता गर्ने भएको छ।

श्रीलङ्काका सार्वजनिक सुरक्षा मन्त्री तिरन एलेसले मङ्गलबार देशले बाहिरबाट ३० जना श्रीलङ्काली आपराधिक व्यक्तिहरूलाई गिरफ्तार गरी स्वदेश फिर्ता गर्न अभियान शुरु गरेको बताउनु भएको छ।

यी अपराधीमध्ये २९ जना दुबई, संयुक्त अरब इमिरेट्स (युएई) र एक जना फ्रान्समा रहेको मन्त्रीले पत्रकारहरूलाई जनाकारी गराउनु भएको छ।श्रीलङ्का सरकारले यी अपराधीहरूलाई पक्राउ गर्न 'रेड नोटिस' प्राप्त गरेको र हाल युएई र फ्रान्ससँग छलफल गरिरहेको उहाँले बताउनु भएको छ।मन्त्रीका अनुसार अपराधीहरूले विगत केही दशकअघि श्रीलङ्का छोडेका थिए। श्रीलङ्कामा र हँदा पनि उनीहरू सङ्गठित अपराधमा संलग्न रहेको अनुसन्धानले देखाएको छ।

# पञ्जाबले सन् २०२३ मा १०० पाकिस्तानी ड्रोन खसाल्यो

एएनआई

पञ्जाब। सीमा सुरक्षा बलले यस बर्ष लागुऔषध, हतियार र गोलाबारुद भारतीय भूमिमा तस्करी गर्न प्रयोग भएका १०० वटा पाकिस्तानी ड्रोनहरू खसालेको जनाएको छ।

बीएसएफले भारतीय भूभागमा लागुऔषध र अन्य अवैध पदार्थको ढुवानीलाई रोक्नका लागि तीन-पक्षीय रणनीति' बनाएको बताएको छ।

सेनाहरूले ड्रोन मार्फत लागुऔषधको तस्करी गरिरहेका तस्करहरूलाई पक्रेका छन्।

हमा पोष्ट का अनुसार सन् २०२३ मा, बीएसएफ पञ्जाबले भारतमा लागुऔषध तथा गोलालाबारुद तस्कर सहित एक सय वटा पाकिस्तानी ड्रोनहरू सफलतापूर्वक नष्ट गरेको छ।




ड्रोन, लागुपदार्थ तथा हतियार लगायत, बीएसएफले तस्करहरूलाई पनि सफलतापूर्वक पक्राउ गरेको आफ्नो पोस्टमा उल्लेख गरेको छ।

"बीएसएफले लागुऔषध आपूर्तिमा कटौती गर्न तथा लागुऔषध दुरुपयोग विरुद्ध सचेतना बढाई युवाहरूलाई सशक्त बनाउन तीन-पक्षीय रणनीति लागू गरेको छ।

यसैबीच, बीएसएफले सोमबार अमृतसरमा ड्रोन मार्फत तस्करीको प्रयासलाई विफल पादै चार सय ३४ ग्राम हेरोइन बरामद गरेको जानकारी दिएको छ।

अधिकारीहरूका अनुसार पाकिस्तानी ड्रोनले भारतीय हवाई क्षेत्रको उल्लङ्घन गरेपछि बीएसएफका जवानहरूले खोजी अभियान शुरु गरेका थिए।

# प्रम कप क्रिकेटमा सुदूरपश्चिम छनोट



टुडे समाचारदाता

बैतडी । बैतडीमा जारी प्रधानमन्त्री कप पुरूष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत सुदूर पश्चिम प्रदेशस्तरीय छनोटमा बझाङले विजयी सुरूवात गरेको छ। मंगलबार सम्पन्न खेलमा बझाङले दार्चुलालाई ७ विकेटले पराजित गर्दै जित हासिल गरेको हो।

जितका लागि पाएको ९१ रनको झिनो लक्ष्यमा बझाङले १५.२ ओभरमा ३ विकेटको क्षतिमा पुरा गऱ्यो । बझाङका लागि अभिनाश मल्लले ४४ रनको योगदान गरे । उनी म्यान अफ द म्याचसमेत बनेका छन् । दार्चुलाका लागि नरेन्द्र महराले २ विकेट लिए। यसअघि दशरथचन्द क्रिकेट मैदान सुन्दरखालीमा टस जितेर पहिला ब्याटिङ गरेको दार्चुला १७.५ ओभरमा ९० रनमा समेटियो। दाचुलाका लागि विपीन धामीले सर्वाधिक २८ रन बनाए। बझाङका सुशील रावल र अशोक धामीले समान ३/३ विकेट लिए।

पहिलो खेलमै जित निकालेको बझाङले च्याम्पियन बन्ने सम्भावना छ । दार्चुला भने लगातार ३ खेल हार्दै प्रतियोगिताबाट बाहिरिएको छ।

प्रतियोगिताअन्तर्गत बुधबार बझाङ र डडेल्धुरा प्रतिस्पर्धा गर्नेछन् । सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घको आयोजना तथा बैतडी जिल्ला क्रिकेट सङ्घको सहआयोजनामा पुस ८ गतेदेखि प्रतियोगिता सञ्चालन भएको हो ।

प्रादेशिक क्रिकेट सङ्घले यसवर्षदेखि दुई चरणमा प्रदेश छनोट गरिररहेको छ । पहिलो चरणमा बैतडीमा प्लेट च्याम्पियनसिप भइरहेको छ । दोश्रो चरणमा कैलालीमा इलिट च्याम्पियनसिपका खेलहरू हुनेछन्।

प्लेट च्याम्पियनसिपमा दार्चुला, बझाङ, डडेल्धुरा, डोटी तथा इलिट च्याम्पियनसिपमा बैतडी, कैलाली, कञ्चनपुर र अछाम सहभागी छन्। गत वर्षको प्रदेश छनोटमा सेमिफाइनलमा पुगेका टोलीले सोझै इलिट च्याम्पियनसिप र सेमिफाइनलमा नपुगेका टोलीले प्लेट च्याम्पियनसिप खेल्न लागेका हुन्। प्लेट च्याम्पियनसिपको विजेता टोलीले इलिट च्याम्पियनसिपमा सहभागी हुने सङ्घका उपाध्यक्ष रमेश बोहराले बताए । इलिट च्याम्पियनसिपको उद्घाटन खेल यही पुस १४ गते बैतडी र प्लेट च्याम्पियनसिपको विजेता टोलीबीच हुनेछ । खेलाडीको क्षमता अभिवृद्धिका लागि प्लेट र इलिट च्याम्पियनसिप खेल आयोजना गरिएको नेपाल क्रिकेट सङ्घक्यानका अध्यक्ष चतुरबहादुर चन्दले बताए।

# अष्ट्रेलिया आँधीमा एकको मृत्यु लाखौ घर बिजुलीविहीन

सिन्ह्वा

सिड्नी । अष्ट्रेलियाको क्वीन्सल्याण्ड राज्यको दक्षिणपूर्वी भागमा क्रिसमसको रातमा भीषण आँधीसहित चट्याङ आउदा ठूलो दुर्घटना निम्तिएको छ।

चट्याङका कारण एक महिलाको मृत्यु भएको छ। सातै आँधीबाट १ लाख २० हजार भन्दा बढी घरहरू बिजुलीविहीन भएको स्थानीय सञ्चारमाध्यमले मङ्गलबार उल्लेख गरेका छन्।

स्थानीय अखबार द कुरियर-मेल' का अनुसार सडकमा हिँड्दै गर्दा रुख ढलेपछि गोल्ड कोस्ट शहरको उपनगर हेलेन्सभेलमा ५० वर्षकी महिलाको मृत्यु भएको थियो।

गोल्ड कोस्ट, सिनिक रिम र लोगानमा आँधीको प्रभावले लगभग एक लाख २७ हजार घरहरू बिजुलीविहीन भएको अखबारले उल्लेख गरेको छ।

स्थानीय बिजुली कम्पनीका कर्मचारीहरूले आँधीले क्षति पुगेका आठ सय ७५ वटा बिजुली लाइनहरू मर्मत कार्य भईरहेको बताएका छन् । क्वीन्सल्याण्डमा विनाशकारी आँधीबेहरीले ध्वस्त पारेको बिजुली केही दिनसम्म बन्द हुन सक्ने बताइएको छ।



मङ्गलबार दिउँसो अर्को आँधीबेहरी आउन सक्ने चेतावनी जारी गरिएको छ।

उपनगरहरूले असिना पर्न सक्ने भन्दै दक्षिण पूर्व क्वीन्सल्याण्ड क्षेत्र प्रतिकूल मौसमबाट पीडित हुने सक्ने सूचना जारी गरेको छ।

प्रतिकूल मौसमका कारण यस वर्षको क्रिसमसको अवधिमा पूर्वी अस्ट्रेलियामा विनाशकारी आँधी आउने सम्भावना रहेको अस्ट्रेलियाको एबीसी न्युज प्रसारकले शनिबार जनाएको छ।

# क्रिमियामा युक्रेनी आक्रमणमा एकको मृत्यु

एएफपी

मस्को । रुस नियन्त्रित क्रिमियाली बन्दरगाह शहर फियोडोसियामा मङ्गलबार भएको युक्रेनी आक्रमणमा एक जनाको मृत्यु भएको छ भने अन्य दुई जना घाइते भएको सो क्षेत्रका गभर्नरले जानकारी दिनु भएको छ।

"दुर्भाग्यवश, फिओडोसियामा शत्रुको आक्रमणमा परी एक जना व्यक्तिको मृत्यु भएको छ भने अन्य दुई जना घाइते भएका छन्," सर्गेई अक्स्योनोभले टेलिग्राममा उल्लेख गर्नु भएको छ। आक्रमणबाट छवटा भवनहरू क्षतिग्रस्त भएको र त्यहाँका बासिन्दाहरूलाई अन्यत्र सारिएको जनाइएको छ।



युक्रेनको वायुसेनाले मङ्गलबार मस्कोको कीभ विरुद्धको युद्धमा ड्रोन बोकेको आशंकामा फिओडोसिया नजिकै रुसी जहाजलाई ध्वस्त पारेको बताएको छाअक्स्योनोभले जनाए अनुसार "बन्दरगाह क्षेत्र घेराबन्दी गरिएको छ।"युक्रेनले बारम्बार क्रिमियामा विशेषगरी रुसी सेनालाई लक्षित गरी हमला गरिरहेको छ।

# नाइजेरियामा आक्रमणमा १६० जनाको मृत्यु

सिन्ह्वा

अबुजा । मध्य नाइजेरियाका गाँउमा भएको शृंखलाबद्ध आक्रमणमा कम्तीमा १६० जनाको मृत्यु भएको स्थानीय अधिकारीहरुले सोमबार बताएका छन्।

बोक्कोस स्थित स्थानीय सरकारी क्षेत्रको गाँउ मुसुमा गोठाला र किसानहरू बीच भएको झडपमा १६ जनाको मृत्यु भएको छ।

बोक्कोस, पठार राज्यको स्थानीय सरकारका अनुसार कम्तीमा ११३ जनाको मृत्यु भएको पुष्टि भएको छ । झडपमा घाइते भएका ३०० भन्दा बढी व्यक्तिलाई बोक्कोस, जोस लगायतका अस्पतालमा सारिएको छ। स्थानीय रेडक्रसको अस्थायी टोलीले बोक्कोस क्षेत्रका १८ गाउँमा १०४ जनाको मृत्यु भएको उल्लेख गरेको छ। संसद्का सदस्य डिक्सन चोलोमका अनुसार बार्किन लाडी क्षेत्रका थुप्रै गाउँहरूमा कम्तीमा ५० जनाको मृत्यु भएको छ।

यो घटना पठारमा गत मे महिना यताकै सबैभन्दा हिंस्रक घटना हो । सो घटनामा किसान र गोठाला बीचको झडपमा सय भन्दा बढीको मृत्यु भएको थियो । नियमित रूपमा हुँदै आएका सशस्त्र आक्रमणले नाइजेरियाको उत्तरी र मध्य क्षेत्रमा गम्भीर सुरक्षा खतरा बढेको छ।

# बगर सम्याएर खेलमैदान


टुडे समाचारदाता

म्याग्दी। म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ पोखरेबगरमा बगर सम्याएर खेलमैदान निर्माण गरिएको छ । गत कात्तिकमा दसैंको अवसरमा आयोजित मेलाबाट बचत भएको रकमले कालीगण्डकी नदी किनारको बगर सम्याएर खेलमैदान बनाइएको हो।

कालीगण्डकी युवा क्लब पोखरेबगरका अध्यक्ष रामकृष्ण खड्काले रू आठ लाख पचास हजार खर्च गरेर खेलमैदान तयार पारिएको जानकारी दिए।

"पोखरेबगरवासीको भेलाको निर्णय अनुसार कालीगण्डकी किनारको उपभोगविहीन सार्वजनिक जमिनमा करिब २० दिनमा खेलमैदान तयार पारेका छौं," उनले भने, "योसँगै खेलकुद प्रतियोगिता सञ्चालन गर्न र खेलाडीलाई अभ्यास गर्न सहज भएको छ।"

एक सय १२ मिटर लम्बाइ र ४० मिटर चौडाइ भएको खेलमैदानमा सेभेन 'ए' साइड फुटबल, भलिबल, बाँस्केटबल, क्रिकेट, ब्याडमिन्टन, एथलेटिक्स खेल सञ्चालन गर्न सकिने अध्यक्ष खड्काले जानकारी दिनुभयो । उहाँका अनुसार डोजर लगाएर सम्याइएको खेलमैदानको सतहमा माटो राखिएको छ भने स्टेजका लागि पर्खाल निर्माण गरिएको छ। उक्त खेलमैदानमा पुस ७ गतेदेखि सुरु भएको पालिकास्तरीय चौथो राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता सोमबार सकिएको छ। खेलमैदान नहुँदा यसअघि पोखरेबगर आधारभूत विद्यालय परिसरमा खेलकुद प्रतियोगिता तथा अभ्यास हुने गरेको थियो। खेलकुद गतिविधिका कारण विद्यालयको पठनपाठनमा असर पुगेको थियो।



पोखरेबगर अन्नपूर्ण गाउँपालिकाको केन्द्र हो । तीव्र रुपमा बस्ती विस्तार भएको पोखरेबगरको अन्य ठाउँमा सार्वजनिक जग्गा नहुँदा खेलमैदान निर्माण हुनसकेको थिएन् । खेलमैदान निर्माण भएको बगरको कालीगण्डकी किनारमा यसअघि ग्याबिन पर्खाल बनाएर तटबन्ध गरिएको थियो। खेलमैदानको छेउमा निर्माणाधीन सार्वजनिक शौचालयलाई पनि पूर्णता दिइएको अध्यक्ष खड्काले बताए।

खेलमैदान बनेपछि सार्वजनिक जग्गाको संरक्षण भएको छ । अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले युवा क्लबको नेतृत्वमा मेलाबाट बचत भएको रकम परिचालन गरेर छोटो समयमा खेलमैदान तयार गरेर उदाहरणीय काम गरेको बताए । खेलमैदानलाई थप व्यवस्थित गर्दै पूर्वाधार विस्तार गर्न गाउँपालिकाले सघाउने उनको भनाइ थियो।

# मानव तस्करहरूले भारतीय नागरिकलाई अमेरिका पठाउन लाग्दा...

वीवीसी।

मानव तस्करी हुन लागेको आशङ्कामा फ्रान्सको एउटा विमानस्थलमा केही दिन रोकिएको एउटा विमानले भारतको मुम्बई अवतरण गरेको छ।

यूएईबाट निकारागुआका लागि उडेको चार्टर्ड एअरबस ए३४० इन्धन भर्न फ्रान्समा रोकिएको थियो। त्यति बेला उक्त विमानमा सवार ३०३ यात्रु भारतीय नागरिक भएको बताइएको छ।

उक्त विमान कुल २७६ यात्रु लिएर भारतका लागि उडेको थियो। दुई नाबालिगसहित २५ जना शरणका लागि आवेदन दिएर फ्रान्समै बसेका छन्।

मानव तस्करीमा संलग्न भएको ठानिएका दुई व्यक्तिलाई अनुसन्धानका लागि फ्रान्समै राखिएको थियो।

उनीहरूलाई अवैध रूपमा विदेशी नागरिकहरूलाई फ्रान्स ल्याउने षड्यन्त्र गरेको अभियोग लाग्न सक्ने ठानिएको थियो।

तर अदालतको आदेशपछि उनीहरू रिहा भएका छन्।

भारतीय समाचारसंस्था एएनआईले सार्वजनिक गरेका तस्बिरहरूमा उक्त विमान मुम्बई आइसकेपछि केही यात्रीहरू विमानस्थलमा प्लास्टिकका कुर्सीमा बसेको देखिन्छ।

केही यात्रुहरू विमानस्थलबाट बाहिर गएको पनि देखिएको थियो। तर बीबीसी मराठीका अनुसार उनीहरूमध्ये अधिकांशले सञ्चारमाध्यमले सोधेका प्रश्नको उत्तर दिन अस्वीकार गरेका थिए।

लेजन्ड एअरलाइन्सको उक्त विमान स्थानीय समयानुसार मङ्गलवार बिहान सबेरै मुम्बईमा ओर्लिएको छ । यसअघि उक्त विमानलाई श्यालोङ-भ्याट्री विमानस्थल छोड्न रोक लगाइएको थियो।

उक्त सानो विमानस्थल फ्रान्सको राजधानी प्यारिसबाट १३० किमि टाढा छ।

बिहीवार उक्त विमानमा "तस्करीमा पर्न लागेका मानिसहरू" भएको हुन सक्ने सुराक अधिकारीहरूले अज्ञात व्यक्तिबाट पाएको सरकारी अभियोजनकर्ताहरूले बताएका छन् । उक्त विमानमा भएका अधिकांश मानिसहरू यूएईमा कार्यरत भारतीय नागरिक भएको ठानिएको छ।

तीमध्ये एकतिहाइ भारतको गुजरात राज्यका बासिन्दा हुन्। फ्रान्समा मानव बेचबिखनमा संलग्न भएको प्रमाणित भए २० वर्ष जेल सजाय हुने व्यवस्था छ।

फ्रान्समा सुरुमा यात्रुहरूलाई विमानमा नै बसिरहन भनिएको थियो। पछि शुक्रवार राति विमानस्थलको आगमन कक्षलाई सुत्ने स्थानका रूपमा परिणत गरियो।



स्थानीय सञ्चारमाध्यमका अनुसार सङ्गठित अपराधविरोधी फ्रान्सको राष्ट्रिय निकायले अनुसन्धान थालेको थियो । अधिकारीहरूले यात्रुहरूसँग दुई दिन सोधपुछ गरेका थिए।

फ्रान्सेली अधिकारीहरूले विमानमा सवार मानिसहरू संयुक्त राज्य अमेरिका वा क्यानडा छिर्ने प्रयास गर्न निकारागुआ जान लागेको आशङ्का गरेको बताइएको छ।

उक्त विमानलाई फ्रान्स छोड्ने अनुमति दिनुअघि अधिकारीहरूले अपराध नभएको निर्क्योल गरे नगरेको स्पष्ट भइसकेको छैन।

उक्त विमान निकारागुआ नगई किन मुम्बई गयो भन्ने स्पष्ट हुन बाँकी छ । लेजन्ड एअरलाइन्स रोमेनिआको चार्टर विमानसेवा हो।

उक्त कम्पनीसँग चारवटा विमान भएको जानकारी विमान र उडानहरूको अभिलेख राख्ने एप फ्लाइटरेडारले दिएको छ।

उक्त कमपनीले मानव तस्करीमा आफ्नो संलग्नता अस्वीकार गरेको छ।

प्यारिसस्थित भारतीय दूतावासले फ्रान्सेली अधिकारीहरूबाट भारतीय नागरिकहरू सवार विमान नियन्त्रणमा लिइएको जानकारी पाएपछि दूतावासको एउटा टोलीले उक्त परिस्थितिबारे अनुसन्धान गरेको र यात्रुहरूको कल्याणका लागि काम गरिरहेको जनाएको थियो।

सोमवार राति दूतावासले भारतीय यात्रुहरूलाई घर पर्किने मिल्ने गरी समाधान खोजिदिएकोमा फ्रान्स सरकार र भ्याट्री विमानस्थललाई धन्यवाद दिएको छ।

भारतको विदेश मामिला मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले दूतावासको पोस्टलाई सामाजिक सञ्जाल एक्समा रिपोस्ट गरेका छन्।

# अठार लाख पुरस्कार राशिको म्याराथन

टुडे समाचारदाता

गण्डकी । कास्कीको पोखरामा आगामी फागुन पहिलो साता रु १८ लाख ५० हजार पुरस्कार राशिको अन्तर्राष्ट्रिय सफल पोखरा म्याराथन प्रतियोगिता हुने भएको छ।

फागुन ५ गते हुने उक्त उक्त प्रतियोगिता नेपाल भूतपूर्व खेलाडी मञ्चले गर्न लागेको हो।

मञ्चका कोषाध्यक्ष महेश पौडेलका अनुसार पुरुषतर्फ ४२ किलोमिटरको खुला म्याराथन आयोजना गरिने छ।

सो स्पर्धाका विजेताले रु पाँच लाख पुरस्कार प्राप्त गनेछन्।

यस्तै महिलातर्फ २१ किलोमिटरको हाफ म्याराथन, १० किलोमिटर दौड (महिला/पुरुष), विद्यालयका छात्रछात्रा सहभागी हुने पाँच किलोमिटरको दौड, दृष्टिविहीन तथा ह्वीलचियर दौड आयोजना गरिएको कोषाध्यक्ष पौडेलले जानकारी दिए।



प्रतियोगितामा यस वर्षदेखि ५० वर्षमाथिका महिला/पुरुषलाई समेत लक्षित गरी दौड समावेश गरिएको छ।

सन् २०२० मा आयोजना गरिएको पोखरा म्याराथनमा जापानका धावक तथा सन् २०२२ र सन् २०२३ मा केन्याका धावक विजयी भएका थिए।

"म्याराथन दौडका लागि वैकल्पिक मार्गबारे अध्ययन भइरहेको छ", मञ्चका अध्यक्ष हरि प्रसाद पराजुलीले भने।

"बजारसँगै ग्रामीण क्षेत्रलाई समेत समेटेर म्याराथन दौडको योजना बनाएका छौं", उनले भने।

# सरकारको एक वर्षमा सुनकोशी मरिण डाइभर्सनमा उल्लेख्य सफलता



टुडे समाचारदाता

काठमाण्डु । प्रविधिले साथ दियो र काम गराउने मानिस राज्यप्रति इमान्दार भयो भने जुनसुकै आयोजनाले पनि अपेक्षित सफलता पाउन सक्छ । त्यसको खास उदाहरण बनेको छ सुनकोशी मरिण डाइभर्सन आयोजना ।

मुलुकका अधिकांश राष्ट्रिय गौरवका परियोजनामा समय र लागत दुबै बढिरहेका बेला एउटा आयोजनाले भने यतिबेला धेरैको ध्यान आकृष्ट गरेको छ । नेपालमा पनि यो गतिमा यसरी काम हुनसक्छ र भन्दै अधिकांशले आश्चर्य प्रकट गरेका छन् । आयोजनाको निर्माणमा देखिएको सकारात्मक प्रभाव अन्यमा समेत पर्ने भन्दै खुसी व्यक्त गर्नेहरु पनि उत्तिकै छन् । सरकारले विकास निर्माणको कामबाट आर्थिक समृद्धिको मार्गप्रशस्त गर्ने र नेपाली नागरिकको विकास प्रतिको भोकलाई सम्बोधन गर्ने लक्ष्यका साथ सुरु गरेका एकाध बाहेकका अधिकांश ठूला आयोजना समयमा निर्माण सम्पन्न हुन सकेका छैनन् । माथिल्लो तामाकोशी जलविद्युत आयोजनाले अपेक्षित लाभ प्रदान गरेपनि भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सम्पन्न भएर पनि लाभ प्राप्त हुन सकेको छैन ।

यही मेसोमा राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको सुनकोशी मरिण डाइभर्सन आयोजनाले उल्लेखनीय प्रगति गरेको छ । पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको वर्तमान सरकारले सो आयोजनालाई विशेष महत्व दिएको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले हरेक सात दिनमा आयोजनाको प्रगति विवरण लिने गर्नुभएको छ । कुनै समस्या देखिएको खण्डमा तत्कालै समाधान गर्न आयोजना प्रमुखलाई जिम्मेवार बनाइएको छ।

आयोजना प्रमुख मित्र बरालका अनुसार २०७९ असोज २८ गतेदेखि निर्माण सुरु गरिएको सो आयोजनामा कूल १३ दशमलव तीन किलोमिटर लामो सुरुङमध्ये हालसम्म १० किलोमिटर सात सय १४ मिटर सुरुङ निर्माण भइसकेको छ। हाल केही प्राविधिक जटिलता र भौगोलिक कठिनाइ सामना गर्नुपरेका कारण केही दिनदेखि सुरुङ निर्माण स्थगित छ। उक्त समस्या समाधान गरेर छिट्टै सुरुङ निर्माणलाई गति दिने आयोजनाको भनाइ छ । नेपालका विद्युत तथा अन्य सिँचाइका आयोजनामा सुरुङ निर्माण भए पनि सो आयोजनामा टनेल बोरिङ मेशिन (टिबिएम) प्रयोग गरेर खनिएको छ। यसअघि भेरी-बबई डाइभर्सन आयोजनामा पनि टिबिएमको प्रयोग गरिएको थियो ।

पहाडी भूभाग बढी भएको नेपालमा सुरुङ खन्न अब टिबिएम प्रभावकारी उपकरणका रुपमा स्थापित भएको छ। यसबाट अन्य आयोजनामा समेत अब सोही प्रकृतिको मेसिन प्रयोग गर्न सकिने वातावरण बन्दै गएको देखिन्छ। सुनकोशी नदीको पानी मरिण खोलामा झारेर विद्युत उत्पादन गर्ने र तराईका एक लाख २२ हजार हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्यका साथ सुरु गरिएको सो आयोजनाको सुरुङ निर्माणमा अपेक्षितभन्दा बढी प्रगति भए पनि अन्य काम सुरु हुन सकेको छैन।

भेरी-बबई आयोजनामा पनि दुई वर्ष पहिल्यै सुरुङ निर्माण सम्पन्न भए पनि बाँधस्थल र विद्युत गृह निर्माण सकिएको छैन । ती काम कहिले सकिन्छ भन्न सक्ने अवस्थामा आयोजनाका सम्बद्ध अधिकारी छैनन् । यद्यपि आयोजनाको अन्य कामलाई गति दिन मन्त्रालयले आयोजनाका सम्वद्ध अधिकारी र निर्माण व्यवसायीलाई स्पष्ट निर्देशन दिइसकेको मन्त्री बस्नेतले जानकारी दिए।

सुनकोशी मरिण डाइभर्सन आयोजनाले हाल सञ्चालनमा रहेको बिपी राजमार्गको केही भाग प्रभावित हुनेछ। हाल सञ्चालनमा रहेको राजमार्गलाई नौ सय मिटर डाइभर्सन गर्नुपर्ने हुन्छ । यस्तै बाँधस्थल निर्माणका लागि निर्माण व्यवसायी परिचालित भइसकेका छन्। बाँध तथा विद्युत् गृह निर्माणका लागि भारतीय कम्पनी पटेल इजिनियरिङ र नेपाली कम्पनी रमण कन्स्ट्रक्सनको संयुक्त उपक्रमले ठेक्का पाएको छ । आगामी वैशाखसम्म बाँध निर्माणको कामलाई एउटा स्तरमा पुर्याउने विश्वास निर्माण व्यवसायीले सरकारलाई दिलाएको छ। भुक्तानीलगायतका विषयमा देखिएको समस्या समाधान भएकाले देखिने गरी नै प्रगति गर्ने रमण कन्स्ट्रक्सनका प्रमुख रमण महतोको भनाइ छ । बिपी राजमार्गको कारण ठूलाठूला ट्रकबाट मालसामान आयोजना स्थल पुर्याउन केही कठिनाइ उत्पन्न भएको भन्दै निर्माण व्यवसायीले सहजीकरण गरिदिन मन्त्रालयको ध्यानाकर्षण गराएको छ । यस्तै, विद्युत गृह निर्माण हुने स्थानमा मुआब्जा वितरण सम्पन्न भइसकेको छ । प्रसारण लाइन निर्माणका कारण प्रभावित हुने स्थानमा वातावरणीय प्रभाव मूल्याङ्कनको काम पनि पूरा भएको छ।

सो आयोजनाबाट तराई-मधेसका कूल एक लाख २२ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य राखिएको छ।

हालकै अवस्था कायम भएको खण्डमा आगामी चार महिनाभित्र सुरुङ निर्माण कार्य सम्पन्न हुनेछ । चुरे पर्वत शृंखलाबाट महाभारत पर्वत शङ्ृखलामुनि हाल सुरुङ निर्माण भइरहेको र कडा चट्टानयुक्त क्षेत्र भएकाले काम थप सहज भएको छ। प्रधानमन्त्री 'प्रचण्ड' ले पनि सो आयोजनालाई सबै प्रकारको साधन र स्रोत उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका छन् । राष्ट्रिय गौरवका आयोजना भएकाले स्रोतको कुनै अभाव नहुने प्रधानमन्त्री, ऊर्जामन्त्रीको प्रतिबद्धता भएकाले आफूहरुलाई काम गर्न सहज भएको आयोजना प्रमुख बरालको टिप्पणी छ । यसअघि सुरुङ निर्माणमा भौगर्भिकरुपमा रहेको जटिलताका कारण दुईपटक समस्या देखिएको थियो । सुरुङ निर्माणका क्रममा एकपटक नौ दिन र एक पटक २६ दिन काम नै रोकिएको बरालले जानकारी दिए।

सुनकोशी गाउँपालिका-७ कानढुङ्गीस्थित सिन्धुली र रामेछाप जिल्लाको सिमाना भएर बग्ने सुनकोशी नदी पथान्तरण गरिनेछ। सुनकोशीको करिब ६७ क्युसेक पानीलाई सुरूङमार्फत सिन्धुलीको कमलामाई नगरपालिका-२ कुसुमटारस्थित मरिण खोलामा खसालिनेछ।

त्यसपछि बागमती सिँचाइ आयोजनाको पूर्वाधार प्रयोग गरेर धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लाको करिब एक लाख २२ हजार हेक्टर जमिनमा सिँचाइ गर्ने लक्ष्य राखिएको छ।

त्यस्तै सो आयोजनाबाट ३१ मेगावाट बिजुलीसमेत उत्पादन हुनेछ । आयोजनाको सुरुङ निर्माणको काम चिनियाँ कम्पनी चाइना ओभरसिज इञ्जिनियरिङले गरिरहेको छ । बाँध निर्माणका लागि नेपालको रमण समूहसँग भारतीय कम्पनी पटेल इञ्जिनियरिङको संयुक्त उपक्रमले जिम्मा पाएको छ।

बाँध र विद्युत् गृह निर्माणको काममा केही ढिलाई भएपनि तोकिएको समयभित्रै पूरा गर्ने निर्माण व्यवसायीको भनाइ छ । विसं २०८४ को असोजमा सो आयोजना पूर्ण रुपमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

भेरी बबई डाइभर्सन आयोजनामा सुरुङ निर्माण सम्पन्न भएको लामो समय भएपनि बाँध र विद्युत गृह निर्माणले गति नलिँदा देखिएको व्यवधान सुनकोशी मरिणमा आउन नदिन सरकार उत्तिकै चनाखो देखिएको छ।

सिँचाइ सचिव सुशीलचन्द्र तिवारीले आयोजनामा कुनै पनि समस्या आउन नदिन, समस्या आइहालेपनि द्रुत गतिमा समाधान गर्न आयोजना, मन्त्रालय दुवै सचेत रहेको बताए।

सो आयोजना सम्पन्न भएपछि अन्न भण्डारको रुपमा रहेको मध्य तराईका पाँच जिल्लामा बर्षभरी नै सिँचाइ सुविधा उपलब्ध हुनेछ । त्यसले खाद्य उपज उत्पादनमा

गुणात्मक बदलाव आउने सरकारको विश्वास छ । सरकारले आयोजनाको बाँध तथा विद्युत् गृह निर्माणको कामलाई गति दिन थप कामदार परिचालन गर्न, उपकरणको सहज प्रबन्ध गर्न तथा दैनिक तीन सत्रमा काम गर्न निर्माण व्यवसायीलाई स्पष्ट मार्गनिर्देशन गरेको छ। त्यसको सकारात्मक नतिजा आगामी दिनमा देखिने सिँचाइ विभागका महानिर्देशक चूर्णबहादुर ओलीको भनाइ छ।

आर्थिक बर्ष २०६८/६९ मा भेरी-बबई डाइभर्सन आयोजनामा टनेल बोरिङ मेसिन (टिबिएम) प्रयोग गर्ने प्रसङ्ग ल्याउँदा धेरैले असम्भव प्रयासको संज्ञा दिएका थिए । नीति निर्माता तथा आयोजनालाई नै विश्वास थिएन । लगानी बढी लाग्ला, प्राविधिक नपाइएला आदि इत्यादि शङ्का

# सहकारीलाई चैतभित्र बचत फिर्ताको कार्ययोजना पेस गर्न निर्देशन

टुडे समाचारदाता

काठमाण्डु । भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासको व्यवस्थापनका लागि राष्ट्रिय भूमि आयोग गठन भई स्थानीय तहसँगको समन्वयमा ७७ वटै जिल्लामा काम जारी छ।

जिल्लास्थित राष्ट्रिय भूमि आयोग कार्यालयले जग्गा पहिचान, लगत सङ्कलन, नापनक्सा र प्रमाणपत्र वितरणसम्मका कामलाई निरन्तरता दिएको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहायक प्रवक्ता दामोदर वाग्लेले राससलाई जानकारी दिनुभयो।

सोही क्रममा अव्यवस्थित ढङ्गले बसोबास गरेका परिवारलाई चार हजार तीन सय ७० थान जग्गाधनी प्रमाणपत्र वितरण गरिएको छ।

भूमिहिन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा वितरणका लागि ४१ हजार हेक्टर जग्गा नापनक्साङ्कन भएको र अव्यवस्थित बसोबासीबाट रु ७८ करोड राजस्व सङ्कलन भएको छ।

भूमि आयोग र स्थानीय तहबीच हालसम्म सात सय २२ कार्यसम्पादन सम्झौता भएका, सात सय १२ सार्वजनिक सूचना प्रकाशित गरिएका तथा नौ लाख ८० हजार नौ सय २९ लगत सङ्कलन गरिएको छ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अनुसार अव्यवस्थित बसोबासीलाई भूमि आयोगबाट जग्गा उपलब्ध गराउँदा हालको शुल्कमा ५० प्रतिशत कम हुने व्यवस्था मिलाइएको छभने भूमि आयोगबाट जग्गा उपलब्ध गराउने सम्बन्धमा वन ऐन, २०४६ संशोधन प्रक्रिया अघि बढाइएको छ।

सेवाग्राहीले घरैबाट वा नजिकको भू-सेवा केन्द्रबाट जग्गासम्बन्धी कारोबार गर्न सक्ने प्रविधि 'पब्लिक एक्सेस मोडल' (प्लाम)बाट ९० वटा मालपोत कार्यालय भू-सेवा प्रणाली सञ्चालन भएका छन्।

मुलुकका ७७ जिल्लाका एक सय ३५ मालपोत र नापी कार्यालयबाट प्रवाह गरिने सेवालाई सहज, सरल र व्यवस्थित बनाउने प्रयास जारी रहेको सहायक प्रवक्ता वाग्लेले बताउनुभयो।

प्रविधि प्रयोगका माध्यमबाट जनगुनासो कम गर्ने र सेवा सहज तुल्याउने, सेवामैत्री कार्यालयमा परिणत भइरहेको छ । नापीमा आधुनिक प्रविधिको प्रयोग भई विश्वसनीय भूमि लगत तयार हुने तथा पाम प्रणालीको प्रयोगले जग्गा पासको काम सहज हुने जनाइएको छ।

विकास निर्माणकार्यका लागि हवाई सर्वेक्षणमार्फत गरिने 'लाइडार सर्भे'लगायत कार्यमा एकरुपता कायम गर्न हवाई सर्वेक्षण अनुमति कार्यविधि स्वीकृत भएको छ।

दुर्गम जिल्लाका सेवाग्राहीले नापी कार्यालयमा उपस्थित नभई सम्बन्धित स्थानीय तहमार्फत नक्सा सेवा प्राप्त गर्ने कानुनी व्यवस्था मिलाइएको छ। मालपोत कार्यालयबाट हुने जग्गाको कारोबारबाट सङ्कलित राजस्व मासिकरूपमा वेबसाइटमा सार्वजनिक हुने व्यवस्था मिलाइएको छ।

त्यसैगरी भूउपयोग नियमावली, २०८० स्वीकृत भएपछि भूउपयोग क्षेत्र वर्गीकरण, आवासीय जग्गा कित्ताकाट, कृषियोग्य भूमि संरक्षण तथा मूल्याङ्कन थप व्यवस्थित हुने अपेक्षा गरिएको छ । नयाँ प्रविधिबाट एकीकृतरूपमा जग्गाको नापनक्साको कार्य पनि तीव्ररूपमा अघि बढिरहेको छ।

आन्तरिक नियन्त्रण व्यवस्थापन निर्देशिका, २०७९ स्वीकृत भएपछि कार्यसम्पादनमा प्रभावकारिता एवं वित्तीय अनुशासनमा सुधार हुने विश्वास गरिएको छ।

मन्त्रालयले नापनक्सा सम्बन्धमा नापी विभागबाट एक सय ४१ स्थानीय तहलाई प्राविधिक जनशक्ति सहयोग उपलब्ध गराएको छ । ती कार्यालयबाट प्रविधिमा आधारित सुलभ ढङ्गले सेवा प्रवाह भएको छ।

बितेको एक वर्षमा मालपोत कार्यालय हरिवन र भूमिसुधार तथा मालमोत कार्यालय जलेश्वरको तथा नापी कार्यालय रङ्गेली, हरिवन, बुटवल र मनाङको भवन निर्माण सम्पन्न भएको छ । भूउपयोग जग्गा नीति कार्यान्वयनको क्रम अघि बढेपछि कृषिक्षेत्र जग्गा संरक्षणमा उल्लेखनीय योगदान भएको छ।

पछिल्लो कार्यनीति पारित भएसँगै सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्य व्यवस्थित हुने मन्त्रालयको अपेक्षा छ।

# किसान धानखेतीमा आकर्षित

टुडे समाचारदाता

इलाम । सूर्योदय नगरपालिका-१ मकरजुङका टीकाराम अधिकारीले यस वर्ष पोहोरभन्दा तीन मुरी बढी धान फलाए । "अघिल्लो साल १५ मुरी फलेको ठाउँमा यो साल १८ मुरी थन्क्याएँ, चियामा मूल्य छैन, अब जसोतसो धानमै बल गर्ने बेला भयो", अधिकारीले भने ।चिया उत्पादनको उर्वरभूमि इलामका किसान धानखेतीतर्फ आकर्षित हुन थालेका छन् ।

नगदे बालीसहित दूध, चियालगायतका कृषि उपज उत्पादनलाई आधुनिकीकरण गर्दै बजार प्रवर्द्धनको लक्ष्य लिएको सूर्योदय नगरपालिकाले चियाको न्यूनतम मूल्य तोकेर मूल्य र गुणस्तरमा एकरुपता ल्याउन पहल गरे पनि कार्यान्वयन हुन नसकेपछि आफूहरू वैकल्पिक खेतीप्रति आकर्षित भएको किसान गिरिज घिसिङले बताए ।

गत वर्षको तुलनामा यस वर्ष जिल्लामा तीन मेट्रिक टन बढी धान उत्पादन भएको कृषि ज्ञान केन्द्र इलामले जनाएको छ । "गत वर्ष ४९ हजार ७९ मेट्रिक टन धान उत्पादन भएकामा यस वर्ष ४९ हजार ८२ मेट्रिक टन धान उत्पादन भएको छ", ज्ञान केन्द्रका प्रमुख टोनी बर्देवाले भने, "यस वर्ष गत वर्षभन्दा धानको उत्पादकत्वसमेत वृद्धि भएको छ ।" केन्द्रप्रमुख बर्देवाका अनुसार यस वर्ष धानको उत्पादकत्व बढेर प्रतिहेक्टर तीन दशमलव ३२ मेट्रिक टन पुगेको छ । गत वर्ष प्रतिहेक्टर तीन दशमलव ३१ मेट्रिक टन थियो । गत वर्षभन्दा यस वर्ष धान रोपाइँ हुने क्षेत्रफल भने घटेको छ । किसानले चिया मासेरै धानखेती लगाएका छैनन् तर चियामा लगाउने मेहनतचाहिँ धानखेतीमा बढाएको पाइन्छ । सूर्योदय नगरपालिकाका गोविन्द सापकोटाले आधा खेत मासेर पोहोर उत्तिस लगाउनुभएको थियो ।

"चियाखेतीमा राम्रै होला भनेर खेत मासियो चियाको मूल्यले निराश बनायो", उनी भन्छन्, "आधा खेतलाई वर्षभरि मलजल गरेकाले र राम्रै धान उत्पादन भएको छ ।" जिल्लामा गत वर्ष १४ हजार आठ सय १५ हेक्टर क्षेत्रमा धान लगाइएकामा यस वर्ष १४ हजार आठ सय १० हेक्टर क्षेत्रमा मात्र धान लगाइएको सरकारी तथ्याङ्क छ ।

इलामको सूर्योदय नगरपालिकामा सबैभन्दा बढी चियाखेती हुने गरेको छ । जिल्लाका इलाम, माई र देउमाई नगरपालिकाका अधिकांश किसान चियाखेतीमा आबद्ध छन् । विसं १९२० मा इलामबाट चियाखेतीको व्यावसायिक सुरुआत भएको मानिन्छ ।

तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणा चीन भ्रमणबाट फर्कँदा चिनियाँ जातको बिरुवा उपहारस्वरूप ल्याएको र उक्त चियाको बिरुवा इलामका तत्कालीन बडाहाकिम गजराजसिंह थापालाई दिएपछि थापाले इलामको माटोमा चियाको बोट रोपेको इतिहास छ ।

त्यसपछि पूर्वी पहाडका पाखापखेरामा चियाखेती हुँदै अहिले जिल्लाका अधिकांश ठाउँमा खेती भए पनि पछिल्लो समय चियामा समस्या झेल्नुपरेका कारण खेती विस्तार हुनसकेको छैन ।

फलस्वरुप कतिपय किसानले छाडिसकेको धानखेतीलाई नै जीविकोपार्जनको माध्यम बनाउन थालेका छन् । चियाको राजधानी भनेर चिनिने इलाममा चिया किसानलाई सधैँ हरियो पत्तीको मूल्यकै समस्या हुने गरेको छ। हरियो चियापत्ती बेच्ने किसानले वास्तविक मूल्य नपाएका कारण समस्या भोगिरहेका छन् ।

उचित मूल्य नपाएकै कारण पछिल्लो समयमा कृषकले चिया विस्तार गर्न छाडिसकेका हुन् । उद्योगी भने गुणस्तरीय चिया नहुँदा पर्याप्त मूल्य दिन नसकेको बताउँछन् ।

"किसानले मापदण्डअनुसारको गुणस्तरीय चिया ल्याएमा उद्योगले मूल्य दिएकै छ", सूर्योदय टि एशोसिएसनका एक सदस्यले भने, "ग्रेड नपुगेका चियापत्तीले राम्रो मूल्य पाउन नसकेको हो ।"

स्थानीय सरकारले तोकेको मापदण्ड पूरा गरेर चिया उत्पादन गर्न खर्चिलो हुने किसानको भनाइ छ । चियामा लगानी बालुवामा पानीमात्रै हुने भएपछि परम्परागत कृषि प्रणालीमा सुधार गरी आधुनिक कृषि प्रणालीको अपनाएसँगै मल, बीउबिजन र सिँचाइको उचित व्यवस्थापन गरेर धान उत्पादन बढाउने तयारी धेरै किसानको छ ।

"चिया छाडेर धानखेती गर्नु रहर होइन", अर्का किसान विनोद घिमिरे भन्छन्, "लागत नै नउठ्ने भएपछि चियामा के आशा गर्नु भनेर धानमै दुःख गर्न थालेका हौँ । कम्तीमा अन्न खान पाइन्छ ।" ज्ञान केन्द्रले किसानलाई विभिन्न मेसिनरी तथा उपकरण अनुदानमा दिएको कृषि ज्ञान केन्द्रका प्रमुख बर्देवाले बताए ।

यसले आधुनिक कृषि प्रणालीमा सहयोग पुर्याएको उनको विश्वास छ । "किसानले पनि उन्नत बीउबिजनको प्रयोग गरी मल र सिँचाइको व्यवस्थापन गरेकाले क्षेत्रफल घटे पनि धान उत्पादनमा वृद्धि भएको उनको भनाइ छ ।

चार नगरपालिका र ६ वटा गाउँपालिका रहेको जिल्लाको सबै ठाउँमा धानखेती हुँदै आएको छ । जसमध्ये माई, इलाम, देउमाई नगरपालिका, चुलाचुली र माङ्सेबुङ गाउँपालिका धानखेतीका लागि पकेट क्षेत्रका रूपमा चिनिन्छन् ।

जिल्लामा स्थानीय चुल्ठे भँगेरे, हर्दिनाथ-१, राधा-१२, मनसुली, मकवानपुर-१, चिरआँखे, बेलगुठी जातका धान रोप्ने गरिन्छ । पछिल्लो समय रामतुलसी, ननिया र सावित्री जातका धानसमेत रोप्न थालिएको इलाम नगरपालिका-१० गोदकका किसान गोपाल अधिकारीले बताएका छन् ।


मधेश प्रदेश सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## स्वास्थ्य निर्देशनालय

सपही, धनुषा

जनशक्ति सेवा करारमा पदपुर्ति सम्बन्धी सुचना

(प्रथम पटक सुचना प्रकाशित मितिः २०८०।०९।११)

प्रस्तुत विषयमा मधेश प्रदेशमा रहेको प्रादेशिक अस्पतालहरु (मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान,प्रादेशिक अस्पताल, जनकपुरधाम बाहेक) को लागि आवश्यक रहेको तपसिलका जनशक्तिहरु सेवा करारमा पद पुर्ति गर्नु पर्ने भएकोले आवश्यक कागजात सहित सुचना प्रकासित भएको मितिले १५ दिन भित्र यस निर्देशनालयको वेभसाइट(http://hd.madhesh.gov.np)बाट फारम डाउनलोड गरि निर्देशनालयमा वा निर्देशनालयको इमेल ठेगानाhdpd2janakpur2075@gmail.com मा इच्छुक सम्बन्धित पद संग योग्यता पुगेका नेपाली नागरिकले निवेदन दिनु हुन यो सुचना प्रकाशित गरिन्छ ।

तपसिल:

| सि.नं. | विज्ञापन नं | पद | तह | संख्या | योग्यता |
|---|---|---|---|---|---|
| १ | ०८०।०८१।०१ | अनमी | चौथो | १८ | स्वास्थ्य प्राविधिकको हकमा सम्बन्धित विषयमा कोर्स उत्तीर्ण गरि काउन्सिलमा दर्ता भई अध्यावधिक भएको र अन्यको हकमा सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह पास गरेको । |
| २ | ०८०।०८१।०२ | अहे व | चौथो | २४ | |
| ३ | ०८०।०८१।०३ | ल्याब असिस्टेन्ट | चौथो | ४ | |
| ४ | ०८०।०८१।०४ | आइ टी सहायक | पाँचौ | ४ | |
| ५ | ०८०।०८१।०५ | बायोमेडिकल सहायक | पाँचौ | १० | |
| ६ | ०८०।०८१।०६ | मेडिकल रेकर्डर सहायक | पाँचौ | ६ | |
| ७ | ०८०।०८१।०७ | कम्प्युटर अपरेटर | पाँचौ | ६ | |
| ८ | ०८०।०८१।०८ | स्टाफ नर्स | पाँचौ | ४४ | |
| ९ | ०८०।०८१।०९ | हेल्थ असिस्टेन्ट | पाँचौ | १८ | |
| १० | ०८०।०८१।१० | फार्मेसी सहायक | पाँचौ | १२ | |
| ११ | ०८०।०८१।११ | एनेस्थेटीक सहायक | पाँचौ | १२ | |
| १२ | ०८०।०८१।१२ | डेन्टल हाइजिनिष्ट/टेक्निसियन | पाँचौ | १० | |
| १३ | ०८०।०८१।१३ | रेडियोग्राफर | पाँचौ | १२ | |
| १४ | ०८०।०८१।१४ | ल्याब टेक्निसियन | पाँचौ | १२ | |
| १५ | ०८०।०८१।१५ | डायलिसिस टेक्निसियन असिस्टेन्ट | पाँचौ | ६ | |
| १६ | ०८०।०८१।१६ | ओ टि असिस्टेन्ट | पाँचौ | १० | |
| १७ | ०८०।०८१।१७ | laundry एंड हाउस किपिंग | श्रेणीविहिन | १२ | सम्बन्धित विषयमा तालिम प्राप्त गरेको र साधारण लेखपढ गर्न जान्ने । अनुभवीलाई विशेष प्राहता दिने छ। ह स चा को हकमा म्याद भएको चालक अनुमति पत्र |
| १८ | ०८०।०८१।१८ | सेक्युरिटी | श्रेणीविहिन | १८ | |
| १९ | ०८०।०८१।१९ | हलुका सवारी चालक | श्रेणीविहिन | ४ | |
| २० | ०८०।०८१।२० | प्लम्बर | श्रेणीविहिन | ६ | |
| २१ | ०८०।०८१।२१ | इलेकट्रिसियन | श्रेणीविहिन | ६ | |
| २२ | ०८०।०८१।२२ | बगैचे | श्रेणीविहिन | ६ | |
| २३ | ०८०।०८१।२३ | कार्यालय सहयोगी | श्रेणीविहिन | १२ | |
| | | | जम्मा | २७२ | |

१. माथिका विज्ञापनको हकमा सम्बन्धित परिषदमा म्याद सहितको दर्ता भएको हुनु पर्नेछ ।
२. चौथो र पाँचौ तहको हकमा परिक्षाको किसिमः लिखित तथा अन्तरवार्ता र श्रेणीविहिनको हकमा परिक्षा किसिमः अन्तरवार्ता मात्र ।
३. स्वास्थ्य प्राविधिकको हकमा आवेदन दिने अन्तिम मिति सम्म १८ बर्ष उमेर पुरा भई ४५ बर्ष ननाघेको र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ।
४. आवेदन दस्तुरः-चौथो र पाँचौ तहका लागि रु ५००/-र श्रेणीविहिनको लागि रु३००/-
५. सरकारी सेवाको लागि अयोग्य नठहरिएको हुनुपर्नेछ।
६. सम्बन्धित पद संग योग्यता पुगेका नेपाली नागरिकले निवेदन दिदा देहायको खातामा जम्मा गरेको बैंक भौचर सहित पेश गनु पर्नेछ ।

Deposit Bank Account :**1220100202060000**

Deposit Bank: RASTRIYA BANIJYA BANK LIMITED

Account Name : PRADESH LEKHA NIYANTRAK KARYALAYA, MADHESH PROVINCE

Office Code :**3700117012**(स्वास्थ्य निर्देशनालय,सपही को कार्यालय कोड नं : 3700117012)

Revenue Code/राजश्व शिर्षक नं.: 14229 अन्य प्रशासनिक सेवा शुल्क

७. थप जानकारीको लागि मो. नं. 9804709081, 9748459104 मा सम्पर्क गर्न सकिनेछ।

(निर्देशक)

# दुःखी मनले उखु बेच्दै किसान



**टुडे समाचारदाता**

जलेश्वर। उखुको मूल्यमा मन कुँडाइरहेका जिल्लाका किसानले चिनी उद्योगलाई उखु दिन बाध्य भएका छन् । गौशाला-१ रामनगर स्थित एभरेष्ट सुगर एण्ड केमिकल इन्डष्ट्रिज (एभरेष्ट चिनी उद्योग)ले यसपालिको उखु क्रसिङ सुरु गरेपछि मूल्यमा चित्त नबुझे पनि किसानले उखु बुझाउन थालेका छन् । गत शुक्रबार उद्योगले उखु क्रसिङ सुरु गरेपछि अहिले आफ्नो उखु तौलको पालो पर्खेका किसानको लाम लागेको छ।

"मूल्य त चित्त बुझेको छैन नि, के गरौँ ? खुट्टी (दोस्रो वर्षको उत्पादन) उखु काटेर खेतमा अरू बाली लगाउन समय धेरै छैन, बुझाउनै पर्‍यो नि", उखु तौलका लागि उद्योगको ढोकामा पालो पर्खेर बसेका किसान अरुण गिरीले भने, "हामी (किसान) यति निरिह छौँ कि आफ्नो मेहनतको मूल्य तोक्न पनि उभ्याउँदैनौँ, जो तय हुन्छ, हामीले दिनुपर्छ।"

गत साता उखुको मूल्य प्रतिक्विन्टल छ सय ३५ पाउने सरकारले निर्णय गरेलगत्तै किसान र किसानका प्रतिनिधि संस्थाले आफूहरुलाई समावेश नगराई सरकारले मूल्य तोकेको भन्दै चित्त दुखाएका थिए । "हामीले यसपालिको चिनीको मूल्य, खेती लागत (खनजोत, बीउ, मल, श्रम)को मूल्याङ्कन गरी प्रतिक्विन्टल सात सय ५० पाउनुपर्ने माग गरेका थियौँ", उखु उत्पादक कृषक सङ्घका जिल्ला अध्यक्ष नरेश सिंह कुशवाहाले भने, "सरकारले हामीलाई नराखी उद्योगसँगको सल्लाहमा मूल्य निर्धारण गर्‍यो।"

दोस्रो वर्षको उत्पादन (खुट्टी) काटेर तत्काल अन्य बाली लगाउन पर्ने हुँदा मूल्य चित्त नबुझे पनि किसान उद्योगलाई उखु बुझाउन विवश हुनुपरेको उनको भनाइ थियो । सरकारले अहिले तोकेको छ सय ३५ मध्ये पाँच सय ६५ उखुको मूल्य र ७० सरकारले दिने अनुदानबापतको रकम भन्ने स्पष्ट पारिएको छ।

मुडन (पहिलो वर्षको उत्पादन) उखु काट्न ढिलो नभइसके पनि खुट्टी उखुको खेत खाली गर्न अहिले किसानलाई भ्याइनभ्याइ छ । त्यसैले अहिले अरू बाली लगाउने समय नपुग्ने चिन्ताले किसान उखु बुझाउन हतारिएका हुन् । "पछि जे होला, जे पाइएला, खेत खाली गरेर अन्य बाली लगाउन ढिलो हुँदैछ, त्यसैले खुट्टी उखु बुझाउन हतार छ", गौशाला-१ का किसान चन्देश्वर महतोले भने, "सरकारले हाम्रो मर्का बुझेर मूल्य बढाइदिने आश मरेको छैन ।" खुट्टी उखु भएको खेतबारी खाली गरेर पुस २२ भित्र गहुँ र दलहन लगाइसक्नु पर्ने बाध्यताले अहिले उखु बुझाउन किसानलाई हतार भएको हो।

गत शुक्रबार चिनी उत्पादन थालेको चिनी उद्योगले अहिले दैनिक २५ हजार क्विन्टल उखु क्रसिङ गर्दैछ । यसपालि गत वर्षभन्दा अलि ढिलो उखु क्रसिङ सुरु भएको हो । "हामी त मंसिर चौथो साता लाग्दै क्रसिङ थाल्ने तयारीमा थियौँ," उद्योगका महाप्रबन्धक सुरेन्द्र शर्माले भने, "तर किसान आन्दोलनले ढिलो भयो । यो ढिलाइले उद्योगको ढोकामै आइपुगेको करिब दुई हजार पाँच सय क्विन्टल उखु सुकेर नोक्सान भएको छ।"

अर्को यामका लागि उद्योगले ३० लाख क्विन्टल उखु क्रसिङ गरेर दुई लाख ७० हजार क्विन्टल चिनी उत्पादन गर्ने लक्ष्य लिएको छ । उद्योगको लक्ष्यअनुसार आवश्यक पर्ने उखुमध्ये १८ लाख क्विण्टल महोत्तरी जिल्लाबाट प्राप्त हुने महाप्रबन्धक शर्माले बताए। यसैगरी अन्य अपुग उखु सर्लाही, धनुषा, रौतहट र बारा जिल्लाबाट लिइने भएको छ।

यसपालि उद्योगलाई आवश्यक पर्ने उखुमध्ये धेरै जसो उद्योगमै आउने हुने उद्योग प्रशासनले जनाएको छ । यसरी करिब २० लाख क्विण्टल उखु उद्योग गेटमा आउने र बाँकी दस लाख क्विण्टल महोत्तरी र सर्लाहीका ग्रामीण भेगमा सञ्चालित ३३ खरिद केन्द्रमार्फत आपूर्ति हुने उद्योगको अनुमान छ ।

यसवर्ष गत वर्षभन्दा उखुको उत्पादन बढेको महाप्रबन्धक शर्माले बताए । गत वर्ष उद्योगले २६ लाख ३० हजार ७४७ क्विण्टल उखु क्रसिङ्ग गरी दुई लाख ४२ हजार तीन क्विण्टल चिनी उत्पादन गरेको थियो । यसपालि उखु चार लाख क्विण्टल बढेसँगै चिनी उत्पादन पनि बढ्ने भएको छ। महोत्तरीमा यसपालि आठ हजार किसानले सात हजार बिघामा उखु लगाएका प्रबन्धक विके यादवको भनाइ थियो।

एक दशक पहिले १८ हजार बिघासम्म पुगेको उखु खेती खस्कदै तीन वर्ष पहिले पाँच हजार बिघामा झरेको थियो । पछिल्ला दुई/तीन वर्षदेखि उखुको भुक्तानी सहज हुनथाले पछि फेरि यो खेती बढ्दै अहिले सात हजार बिघामा पुगेको छ । उद्योगले उखु तौल भएको एक साता नबित्दै भुक्तानी दिइने जनाएको छ । यद्यपि यसपालि मूल्यमा मन कुँडाएका किसानले सरकारले केही मूल्य बढाइदिने आश भने मारेका छैनन् ।

# मधेशवादी दलहरू सत्ताको सुखमा बस्नु हुँदैनः राजेन्द्र महतो



**टुडे समाचारदाता**

राजविराज । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेता राजेन्द्र महतोले मधेशवादी दलहरू सत्ताको सुखमा बस्न नहुने बताएका छन् । उनले मधेशवादी चार दल संघर्षमा आउनु जरुरी रहेको धारणा राखेका छन्।

राजविराजमा मंगलबार आयोजित पत्रकार सम्मेलनमा महतोले मधेसवादी पार्टी लोसपा, जसपा, जनमत र नागरिक उन्मुक्ति पार्टी सत्ता सुखमा नलागि संघर्षमा आउनुपर्ने उल्लेख गरे।

मधेशको हितका लागि आफू मेची-महाकाली आन्दोलनमा हिँड्न लागेको उनले जानकारी दिए। 'सत्ता सुखमा बसेका मधेशवादी दल मधेश संकटमा पर्दा संघर्षमा आएनन् भने जनताले तानेर ल्याउँछन्, जनतामा त्यो तागत छ,' उनले भने । मधेश आन्दोलनका आन्दोलनकारीलाई अदालतबाट आजीवन कारावासको आदेश भएको भन्दै उनले असन्तुष्टि जनाए । 'मधेश आन्दोलनलाई यसरी अपराधीकरण र दण्डित गर्न मिल्दैन,' उनले भने, 'मधेश आन्दोलन गर्दै नगर।

अधिकारका लागि नलड भन्नु मान्य छैन् । यो देशमा कति आन्दोलन भयो, कहाँ कसलाई आजीवन कारावास भयो? मधेशी जनतालाई मात्रै आजीवन कारावास हुनुपर्ने हो?

गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा भएको आन्दोलनमा पनि पुलिस मरेको थियो, माओवादीकोमा हजारौं मानिस मारि यो त्यो राजनीतिक घटना भयो? यो अधिकार पहिचान आन्दोलनमाथि अत्याचार हो।'

> 'मधेश आन्दोलनलाई यसरी अपराधीकरण र दण्डित गर्न मिल्दैन,' उनले भने, 'मधेश आन्दोलन गर्दै नगर। अधिकारका लागि नलड भन्नु मान्य छैन् । यो देशमा कति आन्दोलन भयो, कहाँ कसलाई आजीवन कारावास भयो?

लोसपाका अध्यक्ष महन्थ ठाकुर पनि संघर्ष र आन्दोलन गर्न तयार नदेखिएको उनले बताए । मधेश आन्दोलनलाई अपराधीकरण गर्न खोजिएको भन्दै उनले त्यसका लागि संघर्ष गर्नुपने बताए।

'लोसपा आन्दोलन गर्न तयार भएन। म लोसपाकै सदस्य छु । मधेशमा अत्याचार हुँदा सत्तामा बस्नु हुन्न,' अध्यक्ष ठाकुरलाई लक्षित गर्दै उनले भने, 'महन्थ ठाकुर कांग्रेसबाट आएका होलान् तर लोसपा मधेशवादी पार्टी हो । दर्जनौं मधेशवादीलाई उनले लोसपाको केन्द्रीय समितिबाट निकाल्नुभएको छ।'

उनले मधेश जोगाउने आफूहरूको मिसन भएको बताए । 'आन्दोलन जोगिएन भने के मधेशवादी दलको मिसन ०८४ हुन्छ?,' उनले भने, 'मधेशवादी पार्टी मधेश आन्दोलनबाट उदाएको हो । सत्ताको सुख भोगिराख्ने अनि मिसन ०८४ भनेर हुन्छ? नो मिसन ०८४। हाम्रो मिसन भनेको मधेश आन्दोलन जोगाउने हो।'

जनताका लागि मधेशवादी दल लडेनन् भने सकिने उनले बताए। 'चारवटै मधेशवादी पार्टी सत्ता छाडेर आउनुपर्छ,' उनले भने, 'आएन भने सकिने हो । त्यही जनताले तागत दिएको हो, सत्तामा बसिरहेको छ।'

# जसपामा नेताहरूको दौडधुप



**टुडे समाचारदाता**

काठमाण्डु। राष्ट्रिय सभाको चुनाव जति-जति नजिक आउँदैछ, जनता समाजवादी पार्टीभित्र त्यति नै दबाब बढिरहेको छ। गठबन्धनमा सिट बाँडफाँट हुँदा जसपाले लगभग एउटा सिट पाउने निश्चित छ।

त्यही एउटा सिटका लागि पनि सो पार्टीमा दौडधुप बाक्लिएको छ। केही दिनदेखि पार्टी कार्यालयमा नेताहरूको चहलपहल बढेको छ। राष्ट्रिय सभा सदस्य पाउनका लागि नेताहरु अध्यक्ष उपेन्द्र यादवलाई भेटेर दबाब दिइरहेका छन्।

मधेश प्रदेशमा पार्टीको सिट खाली भएकाले जसपाले त्यहाँबाट एउटा सिट पाउने निश्चित छ। तर जसपाले भने आफूले कम्तीमा दुईवटा सिट पाउनुपने भन्दै आइरहेको छ।

राष्ट्रिय सभा सदस्यको उम्मेदवार चयनको मापदण्ड तथा सिटको विषयमा छलफल गर्नका लागि मंगलबार पार्टी कार्यकारिणी समितिको बैठक बसेको छ। बैठकमा राष्ट्रिय सभामा कति वटा सिट दाबी गर्नेदेखि उम्मेदवार चयन लगायतका विषयमा कार्यकारिणी समितिको बैठकमा छलफल हुने जसपाका प्रवक्ता एवं कार्यकारिणी सदस्य मनिष सुमनले बताए।

उनले भने, 'एउटा सिट पाउने त निश्चित नै छ। तर हामीले थप एउटा सिट मागेका छौँ। एमालेका नौ वटा सिट सबै माओवादी र कांग्रेसले मात्र लिएर हुँदैन। हामीलाई पनि चाहिन्छ भनेका छौँ। हेरौँ के हुन्छ।'

राष्ट्रिय सभा सदस्यका लागि नै भनेर पार्टीमा अहिले त्यसरी कसैको दाबी वा दौडधुप नरहेको उनले जिकिर गरे। उनले भने, 'एक वा दुई सिट मात्र हुन्छ भनि सबैलाई थाहा छ त्यसैले त्यसमा धेरैको चासो पनि छैन पार्टीले एउटा मापदण्ड बनाएर उम्मेदवार चयन हुन्छ।'

प्रवक्ता सुमनले त्यसो भनी रहँदा जसपाका नेताहरू काठमाण्डु आएर पार्टीका अध्यक्ष उपेन्द्र यादवलगायत अन्य वरिष्ठ नेताहरूको घरघर पुगेर राष्ट्रिय सभा सदस्यका लागि आग्रह गरिरहेको सो पार्टीका अन्य नेताहरू बताउँछन्। पार्टीका एक नेताले भने, 'अहिले त पार्टी कार्यालयमा कहिले नआउने नेताहरू पनि आउन थालेका छन्, नयाँ नयाँ व्यक्तिहरू पनि देखिन्छन्।'

राष्ट्रिय सभा सदस्यका लागि चर्चामा रहेका नेताहरू गोविन्द चौधरी (रौतहट), प्रमीला यादव, निर्मला यादव, चन्देश्वर यादव, उर्मिला महतो, बलराम महतोलगायतको चर्चा रहेको छ। तर अहिलेसम्म पार्टीले त्यस विषयमा केही निर्णय लिएको छैन। मंगलबार बसेको बैठकले कस्तो निर्णय गर्छ भन्ने विषयमा सबैको ध्यान केन्द्रित रहेको छ।

मधेश प्रदेशमा १०७ प्रदेश सांसदको पाँच हजार ६ सय ७१ मत र स्थानीय तहका २७२ जनप्रतिनिधिको पाँच हजार १६८ गरी १० हजार ८३९ मत रहेको छ। त्यसमा जसपाको मत एक हजार ८१७ रहेको छ भने गठबन्धनको कुल मत सात हजार ९९९ रहेको छ।

कोशी प्रदेशमा सत्ता गठबन्धनको मत पाँच हजार ४७४ रहेको छ। त्यसमा जसपाको मत १२९ मात्र रहेको छ। त्यस्तै, लुम्बिनी प्रदेशमा गठबन्धन दलको मत पाँच हजार ४७७ रहेको छ। त्यसमध्ये जसपाको मत २७३ मात्र रहेको छ। बागमती, गण्डकी, सुदूरपश्चिम र कर्णालीमा जसपाको मत नै छैन।

# भार पठाउने तयारीमा जानकी मन्दिर



जनकपुरधामको जानकी मन्दिरमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै जानकी मन्दिरका उत्तराधिकारी महन्त राम रोशन दास लगायत सर्वसाधारण। तस्विर : टुडे

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतको अयोध्यामा भगवान रामको प्राणप्रतिष्ठा हुने अवसरमा जनकपुरधामबाट भार पठाउने तयारी थालिएको छ।

जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दासको नेतृत्वमा भार लगिने तयारी थालिएको छ । विश्व हिन्दू परिषद्का पदाधिकारीसहितको उपस्थितिमा मंगलबार जानकी मन्दिर परिसरमा आयोजित पत्रकार सम्मेलनमा उत्तराधिकारी महन्त दासले विश्व हिन्दू परिषद्को समन्वयमा पवित्र काम हुन गइरहेकाले शंका गर्नुपर्ने ठाउँ नरहेको बताए।

उनले नवनिर्मित राम मन्दिर भगवान श्री रामको मात्र नभइ हाम्रो किशोरीजीको पनि मन्दिर रहेको र नवनिर्मित घरमा जाँदा कुनै पनि किसिमको अनुचित घेराबन्दी वा षड्यन्त्र हुनु अशोभनीय भएको बताए।

राम मन्दिरमा उपहारस्वरुप भार लिएर जानकी मन्दिरबाट २ सय ५१ जना जानेछन् भने यसका लागि आधा घण्टाको समय प्रदान गरिएको उनले जानकारी दिए।

भारतको उत्तर प्रदेशस्थित अयोध्यामा नवनिर्मित मन्दिरमा भगवान रामको ससुरालीको प्रतिनिधित्व गर्दै प्राणप्रतिष्ठाका लागि जानकीको घरबाट भारसहितका सामग्रीहरु लिएर जानुपर्ने आवश्यकता रहेको जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोजकुमार साहले बताए।

उनले यो जानकी मन्दिरको विषय मात्र नभइ सम्पूर्ण जनकपुरधाम र मिथिलाञ्चल क्षेत्रको प्रतिनिधित्व हुने काम भएको हुनाले यहाँको गरिमालाईसमेत सबैले ध्यान दिनुपर्ने जनाए।

# ज्येष्ठ नागरिकसम्बन्धी विषय पढाउन निर्देशन



**टुडे समाचारदाता**

जनकपुरधाम। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले देशभरका सामुदायिक विद्यालयमा ज्येष्ठ नागरिक सम्बन्धी पाठ पठाउन निर्देशन दिएको छ। मन्त्रालयले शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई पुस ११ गते सम्पूर्ण विद्यालयमा सामाजिक अध्ययन विषयको एक पिरियड ज्येष्ठ नागरिक सम्बन्धी पढाउने व्यवस्था मिलाउन आदेश जारी गरेको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले ज्येष्ठ नागरिक सम्बन्धी कक्षा सञ्चालन गरिदिन अनुरोध गदै शिक्षा मन्त्रालयलाई पत्र पठाएको थियो । सोही आधारमा शिक्षा मन्त्रालयले सम्पूर्ण विद्यालयमा सामाजिक अध्ययन विषयको एक पिरियडमा ज्येष्ठ नागरिक सम्बन्धी कक्षा सञ्चालन गर्न आदेश जारी गरेको छ।

पुस ११ गते बुधबार देशभर राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाइँदैछ । सोही अवसरमा महिला, बालबालिका तथा ज्येष्ठ मन्त्रालयले विभिन्न कार्यक्रमहरू आयोजना गर्दैछ । बालबालिकाहरूमा ज्येष्ठ नागरिकका बारेमा जानकारी गराउने उद्देश्यले अध्यापन गराइदिन अनुरोध गर्दै शिक्षा मन्त्रालयलाई पत्र पठाएको थियो।

मन्त्रालयको अनुरोधमा केन्द्रलाई त्यसको व्यवस्था मिलाउन भनिएको शिक्षा मन्त्रालयकी शाखा अधिकृत उषा लामिछाने जानकारी दिइन्।

# भीमसेन थापाको पूर्णकदको शालिक बन्ने



**टुडे समाचारदाता**

सर्लाही । बागमती नगरपालिका वडा नं. २ धरहरामा नेपालका प्रथम प्रधानमन्त्री तथा राष्ट्रिय विभूति भीमशेन थापाको पूर्णकदको शालिक बन्ने भएको छ।

बगाले थापा उत्थान अन्वेषण तथा कूल पूजा समितिले धरहरामा भीमसेन थापाको शालिक बनाउने भएको छ।

मंगलबार बगाले थापाहरुको धरहरामा आयोजित कूल पूजाको अवसरमा शालिकको शिलान्यास गरिएको ईश्वरपुर नगरपालिका ८ का वडाध्यक्ष श्याम बहादुर थापाले जानकारी दिए।

शालिक निर्माणका लागि बाराको कलैया निवासी रवीन थापाले ६ लाख रुपैयाँ सहयोग गने जनाएका छन्।

# जनतासँग माओवादी विशेष रुपान्तरण अभियानको समीक्षा




**टुडे समाचारदाता**

हरिवन। नेकपा माओवादी केन्द्र सर्लाहीले 'जनतासँग माओवादी विशेष रुपान्तरण अभियान' को समीक्षा गरेको छ। हरिवनमा पार्टीका जिल्ला इन्चार्ज राजु खड्काको अध्यक्षता तथा मधेश प्रदेशका इन्चार्ज लिलामणि पोखरेलको प्रमुख आतिथ्यतामा मंगलबार समीक्षा बैठक सम्पन्न भएको छ।

बैठकमा जिल्लाभरबाट पार्टीका अगुवा नेता कार्यकर्ता सहभागिता रहेको थियो । नेकपा (माओवादी केन्द्र) ले पार्टीलाई जनतासँग जोड्ने उद्देश्यले गएको भदौ १६ गतेदेखि देशैभर एकैसाथ यो अभियान सुरु गरेको थियो।

सर्लाहीमा २० वटै पालिकामा अभियान संचालन गरिएको माओवादी केन्द्रका नेता एवं प्रदेश सभा सदस्य जवाहारलाल कुशवाहाले जानकारी दिए। अभियान अन्तर्गत पालिका, वडा र टोलस्तरसम्म कार्यक्रम संचालन भएका छन्।

# कुर्सी वितरण

**टुडे समाचारदाता**

जनकपुरधाम। लायन्स क्लव अफ जनकपुरधाम जानकीले मानव सेवा आश्रममा कुर्सी वितरण गरेको छ । क्लवका उपाध्यक्ष नरेशकुमार साहको अग्रसरतामा आश्रममा १० वटा कुर्सी वितरण गरिएको जनाइएको छ।

सो अवसरमा समाजसेवी पवन सिंघानियाले आश्रममा रहेकाहरुलाई खान लाउन तथा औषधि उपचार, बासको व्यवस्थापन मिलाउनुपर्ने बताए । ४८ जना महिला तथा पुरुष बस्दै आएका सो आश्रममा रहेकाहरुलाई जनकपुरधामबासीलाई सहयोग गर्नकालागि अगाडि आउनुपर्ने उनले बताएका थिए।

कार्यक्रममा लायन्स क्लव रिजन चेयरपर्सन प्रभात साह, लायन्स क्लवका नि. अध्यक्ष अरुणकुमार साह, पूर्व अध्यक्ष लक्ष्मी नारायण साह, संजयप्रसाद साह, कोषाध्यक्ष रामप्रताप साह, सदस्य प्रदीपकुमार दास लगायतका सहभागिता रहेको थियो।


**जाडोको समयमा चिसौंबाट बचौं**

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८